# अध्याय - एक

# शोधपरिचय

## १.१ शोधशीर्षक :

यस शोधकार्यको शीर्षक **कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन :

प्रस्तुत शोध पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको कोर्श नं. ५९८ को प्रयोजनको निम्ति तयार पारिएको हो ।

## १.३ समस्या कथन :

प्रस्तुत शोध निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

क) कक्षा ८ को वर्तमान पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरु के कस्ता छन् ?

ख) कक्षा ८ को वर्तमान पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरु भाषिक सिप विकासका दृष्टिले उपयुक्त छन् ?

ग) नमुना अभ्यासका सुधारका लागि के कस्ता सुझावहरु दिन सकिन्छ ?

## १.४ उद्देश्य : (शोधकार्यको उद्देश्य)

यस अध्ययनको निम्न उद्देश्यहरु रहेका छन् :

क) कक्षा ८ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासको वर्गीकरण र विश्लेषण गर्नु,

ख) भाषिक सिप विकासका दृष्टिले कक्षा ८ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरुको अध्ययन गर्नु,

ग) नमुना अभ्यासहरुका सुधारका लागि सुझाव तयार गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा :

विकसित मुलुकहरुमा पाठ्यपुस्तकका विभिन्न उमङ्गहरुको वारेमा निरन्तर एवम् वृहत रुपमा अध्ययन अनुसन्धान भएको पाएतापनि हाम्रो देश नेपालमा यस्ता अध्ययन विश्लेषण निक्कै कम भएका पाइन्छन् । पश्चिमी मुलुकहरुमा यी अध्ययनहरुमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रिया आदि क्षेत्रहरु पर्दछन् ।

भारतमा सन् १९ औं शताब्दीको पाँचौ दशक देखि नै यस विषयमा अध्ययन अनुसन्धाहरु भएका पाइन्छन् । सन् १०७३ मा भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान प्रशिक्षण परिषद् (NCERT) का. के.जी रस्तोगीको समुहले "पाठ्यपुस्तकको मुल्याङ्कन सम्बन्धी अध्ययन" पुस्तकलाई प्रकासित गरी भारतको यस तालिम एकाइले प्रकासित गरेको उक्त कार्यमा पाठ्यपुस्तकको सैदान्तिक धारणालाई स्पष्ट पार्ने प्रयास गरेको पाइन्छ । त्यसमा पाठ्यपुस्तक निर्माणका अन्य पक्षको अतिरिक्त अभ्यास निर्माण र यसको उपयोगीताको विषयमा पनि चर्चा गरिएको पाइन्छ । यस शीर्षकमा अभ्यासको शैदान्तिक चिनारी, धारण, महत्व, र नमुना अभ्यासमा प्रयोग गरिने भाषा र विषयगत सामग्रीको समेत वर्णन गरेको पाइन्छ । अभ्यासमा प्रयोगात्मक पक्ष भन्दा सैदान्तिक पक्षमा वढी जोड दिइएको पाइन्छ । यसमा विषयगत अभ्यासका विभिन्न प्रकृति र स्वरुपको व्याख्या गरिएको छ ।

रस्तोगी र अन्यले प्रस्तुत गरेको अर्को एक अध्ययन "कम्प्यारोटिभ स्टडी अफ मोदर टङ्ग" मा पन्ध्र वटा अध्याय मध्ये नवौं अध्यायमा अभ्यासको व्याख्या र विश्लेषण गरेको पाइन्छ । यस अध्यायमा अभ्यासको शैक्षणिक उद्देश्य, शैद्धान्तिक धारणा, प्रश्नहरुको निर्माण, वर्गीकरण र वितरण आदिमा विभिन्न भारतीय भाषामा लेखिएका पाठ्यपुस्तक भित्रका अभ्यास हरुको विश्लेषण गर्नुका साथै विभिन्न प्रश्नहरुको

पनि विस्तृत रुपमा चर्चा गरिएको पाइन्छ । भाषिक सीपका दृष्टिले प्रश्नका प्रकृतिको पनि चर्चा गरिनुका साथै विभिन्न प्रकारका प्रश्नहरु पनि छुट्याएर वर्णन गरिएको पाइन्छ (रस्तोगी एवम् अन्य १९७६)

भी. एस. आनन्दको भाषा पाठ्यपुस्तकको अभ्यास विकास (१९७७) भन्ने किताबमा नमुना अभ्यासको परिचय, महत्व अभ्यास निर्माण सिद्धान्त र अभ्यास निर्माणमा विभिन्न आधारहरु आदि पक्षको सैद्धान्तिक उल्लेख गरिएको छ । उक्त भाषा पाठ्यपुस्तकमा अभ्यास सम्बन्धी केहि उदाहरण पनि दिइएको पाइन्छ । माध्यमिक कक्षाको लागि अध्ययन त्यति उपयोगि नभए तापनि यस अभ्यासको विश्लेषणको लागि उपयोगि पुस्तकको रुपमा रहेको छ । सैद्धान्तिक रुपमा रहेको यस अनुसन्धानले केहि हदसम्म अभ्यासको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ । अहिले आएर कम मात्रामा भएपनि नेपालमा भाषा शिक्षणमा भाषाका विषय सँग सम्बन्धित साधनहरुको अध्ययन अनुसन्धान विश्लेषण भएको पाइन्छ । यसै आधारमा त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धानकेन्द्र द्वारा २०४४ सालमा गरिएको अध्ययनमा “शिक्षालाई जीवनोपयोगी वनाउने कारक तत्व” शीर्षकमा नेपाली भाषाका अध्ययामा प्राथमिक र माध्यमिक तहका भाषा पाठ्यक्रमका साथै पाठ्यपुस्तकको पनि विश्लेषण गरिएको देखिन्छ ।

त्यसैगरी अर्को अध्ययन “आधारभूत तथा प्राथमिक शिक्षा “आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना मा पाठ्यपुस्तक र अन्य सामग्रीको वर्णन गरेको पाइन्छ । यसमा नमूना अभ्यासको पनि वर्णन गरेको पाइन्छ । यस अध्ययनमा प्रा.वि तहमा नमुना अभ्यास र पाठ्यपुस्तकमा रहेका विद्याहरु राम्रा भएपनि नि.मा.वि. तह कक्षा ८ का लागि त्यति उपयुक्त मानिदैन । उक्त अध्ययनमा नि.मा.वि. तहका तयार गरिएका अध्यायहरु सन्तुलित नभएको स्तरहीन र कन्ठस्थीकरणमा जोड दिने खालका भएका तर प्रयोगात्मक र सृजनात्मक किसिमका अभ्यासहरु राखेको नपाइएको भनी उल्लेख गरिएको छ ।

कोमल राज खतिवडा (२०६६) ले “कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन” शीर्षकमा गरेको शोधबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१) कतिपय नमूना अभ्यासमा शिक्षक तथा विद्यार्थीका लागि स्पष्ट निर्देशनहरु नदिएकोले अन्यौल हुने स्थिति देखिन्छ ।

२) समूहगत क्रियाकलापका अभ्यासहरु न्यून देखिन्छन् ।

३) रुपक विधामा दैनिकी र संवादलाई पनि समावेश गराउनु पर्ने देखिन्छ ।

४) समष्टिगत रुपमा हेर्दा नमुना अभ्यासहरु औसतरुपमा स्तरीय देखिन्छन् ।

हिमाल न्यौपाने (२०५७) ले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अध्ययन" शीर्षकमा शोध गरेका छन् । उनको शोधबाट प्राप्त निष्कर्ष निम्नानुसार देखिन्छ :

१. पाठ्यक्रमको उद्देश्य पूरा गर्न अभ्यासहरु केही हद सम्म सक्षम ।

२. व्याकरण शिक्षणका लागि उदाहरण प्रशस्त भएकाले सुगम ।

३. एक दुई पाठवाहेक अन्य पाठ्यांशहरु पाठ्यक्रम मुताविक नै नभएका ।

४. शिक्षक विद्यार्थीका लागि ठाउँ ठाउमा निर्देशन नहुनुले असुविधा भएको ।

५. पाठ्यक्रम अनुरुप विषयवस्तुको प्रस्तुतिक्रम नमिलेको ।

६. बोलाईसीप प्रति मौनता र लेखाई सीप प्रति मात्र केन्द्रित ।

७. व्याकरणलाई अन्य पाठ सँग समायोजन गरिएकोले शिक्षण पाठ्यभार प्रति असन्तुलन ।

कृष्णप्रसाद सुवेदी (२०५८) ले कक्षा ६ को "हाम्रो नेपाली किताव" र "सजिलो नेपाली माला" मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकमा शोध गरेका छन् । उनको शोधबाट प्राप्त निष्कर्ष निम्नानुसार देखिन्छ :

१) हाम्रो नेपाली कितावमा भन्दा "सजिलो नेपाली माला"मा दोब्वर भन्दा वढी कठिन शब्दहरु प्रस्तुत गरिनाका साथै दुवैमा पर्यायवाची र पारिभाषिक शब्दको आधिक्य,

२) "हाम्रो नेपाली कितावमा" सृजनात्मक अभ्यासमा जोड दिइएको र सजिलो नेपाली मालाका अभ्यासमा प्रयोगात्मकतालाई महत्व दिइएको ।

३) भाषिक सीपसँग सम्बन्धित अभ्यासहरु "हाम्रो नेपाली किताव"मा भन्दा

"सजिलो नेपाली"मा लामा दोव्वर वढी दिइएको ।

४) अभ्यासको विविधता हेर्दा "सजिलो नेपाली माला" का अभ्यासहरु वढी प्रयोगमूलक रहेका ।

५) व्याकरण कोटिका अभ्यासहरुको सन्तुलन नमिलेको ।

पार्वती अर्याल (२०५९) ले कक्षा ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमूना अभ्यासहरुको अध्ययन" शीर्षकमा गरेको शोधवाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१) नमुना अभ्यासहरु शिक्षक तथा विद्यार्थीका लागि वैज्ञानिक देखिने ।

२) भाषाका ४ वटै सीपलाई महत्व दिई नमुना अभ्यासमा समावेश गरिएको ।

३) वोधात्मक अभ्यासमा असन्तुलन,

४) अभ्यासहरु प्रयोगात्मक सिर्जनात्मक देखिने, कण्ठस्थ गर्ने प्रश्नहरुको सङ्ख्या कम रहेको ।

५) एकाङ्कीमा सिर्जनात्मक अभ्यासको कमी,

६) शब्द भण्डार अर्न्तगतका अभ्यासहरुमा प्रयोगात्मक र पहिचानात्मक सङ्ख्या अझै कम रहेको ।

७) प्रयोजनपरक अभ्यासमा कमी,

यी सवै अध्ययन र अनुसन्धानात्मक शोध पत्रहरुलाई केलाएर हेर्दा नेपालीमा पनि भाषा पाठ्यपुस्तक मूल्याङ्कनका सम्बन्धमा केही मात्रामा अध्ययन र अनुसन्धान भएको भेटिन्छ तर पनि खास रुपमा यी अध्ययनहरुबाट भाषिक सीपका गुणात्मक पक्षहरु भेटिदैनन् पाठ्यक्रममा आधारित पाठ्यपुस्तकका विषयवस्तु लगायत अन्य सामग्रीहरुको चर्चा गरे तापनि लेखकहरुले आफ्ना सैद्धान्तिक पक्षहरुलाई मात्र वढी जोड दिएको देखिन्छ । यस शोधबाट विद्यार्थीको वोधात्मक, प्रयोगात्मक तथा

सिर्जनात्मक प्रश्न सम्बन्धी धारणा वसाउनुका साथै भाषिक सीप आर्जनमा दक्षता वृद्धि भई व्यवहारिक सीप प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ ।

**निष्कर्ष :**

नमुना अभ्यासको वर्गीकरण तथा विश्लेषणात्मक अध्ययनबाट विद्यार्थीको आदानात्मक र प्रदानात्मक भाषिक सीप सम्बद्ध पक्षलाई समान महत्व दिन र त्यस अनुसार अभ्यासलाई सन्तुलन मिलाउन सम्बद्धपक्षलाई अझ बढी सहयोग प्रदान गर्दछ । अभ्यास भित्र रहेका दुर्वल पक्षको सुधार गर्न सैद्धान्तिक पक्ष भन्दा प्रयोगिक तथा सिर्जनात्मक पक्षमा आधारित भई शोध तयार गरिएकोले नमुना अभ्यास भित्र रहेका त्रुटिहरुलाई सच्याई सुधार गर्न सहयोग पुग्ने छ । यस शोधबाट समय सापेक्ष अभ्यासहरुलाई स्तरयुक्त वनाउन पाठ्यपुस्तक परिमार्जनकर्तालाई आवश्यक सुझाव प्रदान गरी नमुना अभ्यासमा रहेका प्रश्नहरु र त्यस्तै प्रकारका अन्य प्रश्नहरु निर्माण गरेर कक्षा शिक्षणका लागि प्रभावकारी विधि अपनाउन यस शोधले सहयोग पुऱ्याउन सक्छ । त्यसैले यस अध्ययबाट नेपाली विषयका पाठ्यपुस्तकमा उल्लेखित अभ्यास सम्बन्धी सीपमूलक र प्रयोगमूलक धारणाहरु प्रस्तुत गर्ने छ भन्ने उपेक्षा राखिएको छ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा :

यस अध्ययनका निम्न क्षेत्र तथा सीमाहरु रहने छन् ।

क) यसले "कक्षा ८ को हाम्रो नेपाली किताब"को पाठ्यापुस्तकमा दिइएका नमुना अभ्यासहरुको मात्र अध्ययन गरिनेछ ।

ख) यसले पाठ्यपुस्तकमा वोधात्मक, सिर्जनात्मक र भाषासीप सम्बन्धित अभ्यासलाई मात्र आधार मानी अध्ययन गरिनेछ ।

## १.७ अध्ययनको महत्व र औचित्य :

स्तरयुक्त पाठ्यक्रममा भाषिक सीपको निरन्तर विकास गर्न भाषिक व्यवहारलाई सक्षम वनाउन व्यवस्था गरिएको हुन्छ । भाषिक कुशलतालाई व्यवहारमा सफल वनाउनु भाषा शिक्षणको मुख्य लक्ष्य हो । त्यसैले भाषा शिक्षणको सर्वाधिक महत्वपूर्ण सामग्री र भाषा सामग्रीका रुपमा पाठ्यक्रमका लक्ष्यलाई पूरा गर्न प्रयोगात्मक सामग्रीका रुपमा पाठ्यपुस्तकलाई लिइनु पर्दछ । पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासले विद्यार्थीका भाषा सिक्ने क्षमता के कस्तो प्रभाव पारेको छ ? विद्यार्थीले कसरी सिकेका छन् ? नमुना अभ्यास स्तरयुक्त छन् कि छैनन् ? नमुना अभ्यासमा विविधता छ/छैन ? नमुना अभ्यास विद्यार्थीका भाषिक सीप विकासमा सहयोग पुऱ्याउने किसिमका छन् /छैनन् ? आदि कुराहरु पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासका माध्यमबाट थाहा पाउन सकिन्छ । तसर्थ पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासको महत्वपूर्ण भूमिका हुन्छ ।

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास कक्षाको तह अनुसार विद्यार्थीको छनोट गर्नुको साथै भाषिक कुशलताको विकास, विधा र प्रकृति अनुरुपका नमुना अभ्यासहरुमा जोड दिनु पर्दछ । भाषा पाठ्यपुस्तक स्तरीय र प्रयोगमूलक हुनका लागि पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यास शिक्षकले कसरी शिक्षण गर्ने हो सो स्पष्ट वोध हुनु पर्दछ जसका आधारमा शिक्षकले अभ्यास भित्र रहेका शब्द भण्डार हिज्जे, व्याकरण र सिर्जनात्मक सीपहरुलाई सिकाउने गरिन्छ । नमुना अभ्यासका माध्यमबाट भाषाको शिक्षणीय उद्देश्य प्राप्तिका निम्ति सिकाइमा देखा परेका सवल र दुर्बल पक्षको पहिचान गर्न सकिन्छ । त्यसकारण भाषाको सीप सिकाइमा अभ्यास औचित्यपूर्ण र गुण निर्धारक तत्वको रुपमा रहेको देखिन्छ । उपयुक्त आधारलाई मध्यनजर राखेर भाषामा समाविष्ट अभ्यासहरुको अध्ययन गर्नु वाञ्छनीय देखिन्छ ।

“कक्षा ८ को हाम्रो नेपाली किताव” पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरुको विश्लेषण गर्दा अभ्यास स्तर अनुकूल भए नभएको जानकारी प्राप्त गर्न सकिन्छ र ती भाषिक सीपको विकासका लागि विद्याको प्रकृति अनुसार भए नभएको पहिचान गर्न सकिन्छ । भाषा पाठ्यपुस्तकमा दिइएका अभ्यासहरु मूल पाठ सँग अत्यन्त सम्बन्धित हुँदा समस्या समाधान गर्न कठिनाइ देखिन्छ । यस्तो अन्यौलनपूर्ण स्थितिलाई हटाउन र नमुना अभ्यासको माध्यमले स्तरीय शिक्षण गर्नका लागि यसको अध्ययन गर्नु अपरिहार्य देखिन्छ । कक्षाको तह र पाठको प्रकृति अनुरुप नमुना अभ्यासहरु पर्याप्त छन् कि छैनन् विश्लेषण गरेर हेर्नका लागि यस्तो अनुसन्धान हुनु आवश्यक देखिन्छ ।

यहाँ नमुना अभ्यासलाई वोधात्मक, सिर्जनात्मक र भाषिक सीपका आधारमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ । यसबाट शिक्षक र विद्यार्थीले के कस्ता भाषिक सीप विकासका लागि कुन कुन अभ्यास र कार्यकलापलाई कति महत्व दिनुपर्छ भन्ने थाहा पाउन सक्छन् । यसबाट अभ्यासभित्र रहेका अन्यौल स्थिति निराकरण भई उच्च सिकाइ उपलब्धि हासिल गर्न मद्दत मिल्न सक्छ । साथै शिक्षक र विद्यार्थीवीच अन्तरक्रिया गर्दै आवश्यक क्रियाकलाप बढाउन पनि सहयोग मिल्ने छ ।

अभ्यासमा भएका कमी कमजोरीहरुलाई निर्मूल पार्दै अगाडि वढाउनु र भविष्यमा संशोधन गरिने अभ्यासहरु स्तरीय तुल्याउनका लागि यस्तो अध्ययन गर्न आवश्यक देखिन्छ । भविष्यमा पाठ्यपुस्तक निर्माण गर्दा निर्माणकर्ताले यस अध्ययनबाट नमुना अभ्यासको रुपरेखा, सुझावलाई आँकलन गर्न सहयोग मिल्ने छ । साथै पाठ्यक्रम र सो अनुरुपका पाठ्यपुस्तकका नमुना अभ्यासहरुको मापनमा देखापर्ने कम मान्यता सम्बन्धीहरुको अवधारणालाई संसोधन गर्न यस अध्ययनले थोरै भए पनि सहयोग पुऱ्याउने छ भन्ने अध्ययनको अपेक्षा रहेको छ । यहि अपेक्षा नै यस अध्ययनको औचित्य पनि हो ।

## १.८ शोध विधि :

उपयुक्त वर्णनात्मक ढाँचा शोध विधिका रुपमा अवलम्बन गरिनेछ । यस्ता अनुसन्धानहरुलाई विषयवस्तुको अनुसन्धानमा महत्व दिने हुँदा पुस्तकालय विधिमा आधारित रही प्रस्तुत अध्ययनलाई वर्णनात्मक प्रक्रियालाई नै उपयुक्त मानिएको छ ।

### १.८.१ सामग्री छनोट :

प्रस्तुत अध्ययनका निम्ति नि.मा.वि. तह कक्षा ८ का लागि निर्धारित नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार पारेको हाम्रो नेपाली किताबलाई प्रतिनिधि नमुनाका रुपमा लिइएको छ । वर्तमान विद्यालयीय शिक्षाको संरचना अनुसार निम्न माध्यमिक तहको कक्षा ८ त्यस तहको सबैभन्दा उच्च कक्षा भएकाले सो कक्षाको नेपाली भाषा पाठ्युस्तकको विभिन्न पक्षबाट अध्ययन हुनु बाञ्छनीय देखिन्छ । प्रस्तुत शोधपत्र लेखनका लागि पनि यही पुस्तकलाई आधार मानी अध्ययन गरिनेछ ।

कक्षा ८ को नेपाली किताबमा राखेका हरेक पाठ पछिका अभ्यासहरुलाई सर्वप्रथम नमुनाको रुपमा छनौट गरिनेछ । कक्षा ८ को पाठ्यपुस्तकमा दिइएका अभ्यासहरुको विश्लेषण र व्याख्या गर्न

सर्वप्रथम तालिका तयार पार्ने काम गरिएको छ । पाठसंख्या र अभ्यासका विविध पक्षहरुलाई समेत व्यवस्थित गरिनेछ । शोध निर्देशकका निर्देशनमा त्यसको प्रारुप तयार भई सकेपछि अन्य विशेषज्ञहरुबाट पनि सहयोग र सल्लाह लिएर अन्तिम रुप दिने काम गरिनेछ । यसरी उक्त तालिकामा वोध, प्रयोगात्मक, सिर्जनात्मक भाषिक सीप, व्याकरण र हिज्जेलाई महत्व दिने प्रश्नहरुलाई समानुपातिक रुपमा प्रतिनिधित्व गराइएको छ ।

- प्रयोगात्मक विधिबाट विद्यार्थीहरुलाई अभ्यासको समाधान गर्न लगाएमा पाठ्यक्रम र पाठ्यपुस्तकमा किटान गरेका उद्देश्यहरु प्राप्त गर्न सजिलो हुन्छ । पाठ्यपुस्तमा विधाको विश्लेषण गरेर अभ्यास निर्माण गरिन्छ । विद्याको प्रतिनिधित्व हुने अभ्यास निर्माण गरिनुपर्छ । विषयगत र पठनवोध सम्बन्धि सामग्री नमुना अभ्यासमा राखिनु पर्दछ । भाषिक सामग्रीका रुपमा शब्दभण्डार भाषिक संरचना, वाक्यरचना र वाक्यांश आदिलाई समेत अभ्यासमा समावेश गरिनुपर्छ । यिनै पक्षहरुलाई मुख्य आधार मानी प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन र विश्लेषण गरिनेछ ।

**१.८.२ तथ्याक सङ्कलन :**

विश्लेषण तालिकालाई अन्तिम रुप दिए पछि त्यस आधारमा सम्बन्धित पाठ्यपुस्तकका प्रत्येक पाठ तथा तिनका अभ्यासहरुको व्यापक रुपमा अध्ययन गर्ने काम सम्पन्न गरिनेछ । उपयुक्त तथ्यहरुको गणना गर्दै, ती गणनाहरुलाई तालिकामा उल्लेख गरी वर्णनात्मक काम पनि गर्दै जाने प्रविधि अपनाइनेछ । तालिकाबाट निस्किएका त्रुटिहरु पहिचान गरी सम्पूर्ण पाठ र तिनका अभ्यासहरुको अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको संङ्कलन कार्य पूरा गरिनेछ । विषयगत पाठका नमुना अभ्यासहरुलाई तालिकीकरण गरेर त्यसको आधारमा नमुना अभ्यासको विश्लेषण र व्याख्या गरिनेछ ।

**१.८.३ विश्लेषण र व्याख्या :**

विभिन्न पाठका नमुना अभ्यासहरुको तथ्यांङ्क संकलन गरिसकेपछि निम्न आधार हरु बनाई तिनको विभाजन गरिनेछ ।

क) तथ्याङ्कहरुका आकृति गणना प्रतिशतका आधारमा व्याख्या तथा विश्लेषण कार्य सम्पन्न

गरिनेछ ।

ख) तथ्यांङ्कको स्वरुप अनुसार व्याख्यालाई साङ्ख्यिकीय र वर्णनात्मक दुवै पद्धति अङ्गीकार गरी त्यसका आधारमा निष्कर्ष निकालिनेछ ।

## १.९ शोध प्रतिवेदनको रुपरेखा :

शोधपत्रको रुपरेखा निम्नानुसार रहनेछ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : सैद्धान्तिक परिचय

अध्याय तीन : कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत अभ्यासहरुको

प्रस्तुतिकरण व्याख्या तथा विश्लेषण

अध्याय चार : व्याकरण र शब्दभण्डारको विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सूझाव

४.१ निष्कर्ष

४.१.१ सवल पक्षहरु

४.१.२ सुधार गर्नुपर्ने पक्षहरु

४.२ सुझावहरु

४.३ शैक्षणिक प्रयोजन

४.५ भावी अनुसन्धानका शीर्षकहरुबारे सुझाव

**- सन्दर्भसूची**

# अध्याय दुई

## सैद्धान्तिक परिचय

### २.१ नमुना अभ्यासको परिचय :

भाषा सिकाइमा अत्यन्त महत्वपूर्ण क्रियाकलाप अभ्यास हो । अभ्यासलाई भाषा सिकाइको मेरुदण्ड को रुपमा लिइन्छ । भाषाका चारै सीपहरुलाई अत्यन्त महत्वपूर्ण रुपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नगरी संभव हुँदैन । भाषा सिकाईका लागि विषयवस्तु सम्बद्ध विधाहरुमात्र शिक्षण सामग्रीका लागि पर्याप्त हुँदैनन् । भाषा सिकाईलाई प्रभावकारी रुपले संचालन गर्न नमुना अभ्यास महत्वपूर्ण सामग्री देखन्छि ।

भाषाको ज्ञान र सीपको स्थायित्वको लागि निरन्तररुपले अभ्यास गर्नु जरुरी छ । धेरै जसो विषयमा शिक्षणका निमित्तको प्रयोग भन्दा अभ्यास गराउनु उचित देखिन्छ जस्तै गणित, भाषा आदि । यस्ता विषयमा अभ्यासले महत्वपूर्ण भूमिका निभाएको हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषय शिक्षण गरेपछि वेग्ला वेग्लै शीर्षकलाई अभ्यासको रुपमा लिइएको भेटिन्छ ।

सिकाइलाई प्रभावकारी र गतिशील वनाउन पाठ्यविषयको शिक्षणपछि पाठ्यविषयसँग सम्बन्धित विभिन्न किसिमका प्रश्नलाई अभ्यासमा समावेश गरिएका हुन्छन् । पाठ्याविषयको सवलीकरण वोध र नयाँ सामग्रीको प्रयोग एवम् सीप वृद्धि गर्नमा विभिन्न किसिमका प्रश्नहरु ज्यादै लोकप्रिय हुन्छन् । प्रश्नहरु वोधात्मक, विषयगत र वस्तुगत सवै खालका हुन्छन् । यसमा कसरी, किन, के र कति आदिका माध्यमबाट प्रश्नहरु सोधिएका हुन्छन् । उपर्युक्त आधारमा अभ्यासमा शिक्षणीय सामग्रीबाट सीप विकास गर्ने दृष्टिले शिक्षण क्रियाकलापको व्यवस्था साङ्केतिक रुपमा गरिएको हुन्छ । जसले शारीरिक र मानसिक रुपले सिकाइका निमित्त गतिशील वनाउँछ । विभिन्न विधिहरुको उपयोग गरेर भाषाका सीपहरु सिक्न सकिन्छ जसले गर्दा शिक्षणीय विषयको मूल्याङ्कन गरी सफलताका साथ भाषा सिक्न अभ्यासले स्पष्ट प्रभावकारी भूमिका खेलेको हुन्छ ।

भाषा पाठ्यपुस्तकमा शैक्षणिक विषय र शैक्षणिक सामग्रीको लगातार अभ्यास र आवृतिको उद्देश्यले अभ्यासको व्यवस्था मिलाइएको हुन्छ । सिकाइका गतिविधिलाई सक्रिय र प्रभावकारी वनाउने उद्देश्यले अभ्यासको निर्माण गरिएको हुन्छ । भाषिक सीप र भाषाका विभिन्न पक्षको जानकारी गर्नका लागि भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप, गृहकार्य र आवश्यक शब्दभण्डार सहितको एउटा शिक्षणीय नमुना संलग्न रहन्छ । त्यसमा भाषाका चारैवटा सीपको विकास हुने गरी शैक्षिक सामग्रीको तयारी गरिएको हुन्छ । यसबाट सीप लगायत विषयगत ज्ञान र धारणालाई एकाग्र रुपमा विस्तार गर्न सकियोस भन्ने दृष्टिले अभ्यासको निर्माण गरिएको देखिन्छ ।

नमुना अभ्यासको प्रयोग खासगरी “गर र सिक” भन्ने धारणाबाट समावेश गरिएको हुन्छन् । लेखाइ सीपको लागि उपयोगी हुने सामग्रीहरुको व्यवस्थाले अभ्यासलाई अझ वढी प्रभावकारी वनाएको हुन्छ । यसलाई गृहकार्यको सामग्रीको रुपमा पनि लिइन्छ । यस्ता सामग्रीहरु व्याकरण र पठन बोधसँग सम्बन्धित गराएर राखिन्छन् । व्याकरण सम्बन्धि अभ्यासहरु पाठसँग एकिकृत गराइएर राख्नु पर्दछ । यसका निमित्त दुई पाठ्यपुस्तकको अपेक्षा चाहि राखिएको देखिदैन । गृहकार्य निर्देशन परीक्षण प्रोस्ताहन पुनरावृत्ति आदि कार्यमा सहयोग गर्न पाठ्यपुस्तकमा अभ्यासको क्षेत्र तोकिएको पाइन्छ । अभ्यासहरु पाठ्यक्रमको उद्देश्यहरु अपेक्षित ढंगले पूरा भए नभएको जाँच्न पनि सहायक हुन्छन् । पाठ्यपुस्तकमा समाविष्ट विधा एवम् उप विधा भन्दा त्यसका आधारमा गराइने भाषिक पाठ्यपुस्तकमा नमुना अभ्यास सबभन्दा महत्वपूर्ण स्तम्भका रुपमा रहेको देखिन्छ ।

पाठ्यविषयको शिक्षण सिकाइबाट विद्यार्थीहरुले के र कति सिके ? भन्ने जानकारीका लागि नमुना अभ्यासको व्यवस्था मिलाइएको देखिन्छ । शिक्षणीय विषयको मूल्यांकन र परीक्षण कसरी हुने हो ? त्यो कुरालाई ख्याल राखेर नै अभ्यासको तयारी गरिन्छ । अन्तिम मूल्याङ्कनको ढाँचा तयार गरी नमुना अभ्यास राखिएको हुन्छ । यस्तो अभ्यास विद्यार्थीहरुले शिक्षणिय क्रियाकलापका सहायताबाट समस्याको समाधान गर्न सक्ने खालको हुनु पर्दछ । यस्ता अभ्यासबाट भाषाका ज्ञान, सीपको मूल्याङ्कन गर्न सकिन्छ । हरेक पाठ्यपुस्तकमा पाठको मुख्य अंगको रुपमा अभ्यासको व्यवस्था गरिएको हुन्छ । शिक्षक र विद्यार्थीको शैक्षिक कार्यक्रमलाई लगातार रुपमा अगाडि वढाउने काम अभ्यासले नै गर्दछ । शिक्षण कार्यको व्यवस्थित तयारी र मूल्याङ्कनको सजिलो उपायका रुपमा अभ्यासको भूमिका रहन्छ ।

जुनसुकै विषयको पनि सिकाइलाई क्रियाशील वनाउन अभ्यासनै आवश्यक देखिन्छ । अन्य विषयमा भन्दा भाषाका पाठ्यपुस्तकमा नमुना अभ्यास वढी लोकप्रिय रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न विषयक्षेत्रका विभिन्न विधाहरु समावेश गर्नुको उद्देश्य भाषिक कुशलता सिकाउनु पनि हो । अन्य विषयका सिकारुहरु लाई जस्तो भाषा सिक्नेलाई निर्देशन र प्रयोग गरेर ज्ञान सीप दिन संभव हुदैन । त्यसका लागि अभ्यासको व्यवस्था मिलाइएको हुन्छ । पाठ्यपुस्तकमा नमुना अभ्यास राख्दा भाषिक ज्ञान विषयवस्तुको धारणा स्पष्ट हुने गरी राखिएको देखिन्छ ।

भाषा पाठ्यक्रममा राखिने अभ्यास, भाषिक सामग्री र पठनवोधसँग सम्बन्धित हुनु पर्दछ । भाषिक सामग्री भन्नाले वाक्य रचना भाषातत्व र शब्दभण्डारलाई लिन सकिन्छ । पठनवोध अर्न्तगत पाठमा आधारित विभिन्न प्रकृतिका प्रश्नोत्तर र विषयवस्तु पर्दछन् । यी वाहेक अभिव्यक्ति कुशलतासँग सम्बन्धित भावार्थ, समीक्षा, व्याख्या आदिको व्यवस्था मिलाइएको हुनु पर्दछ । भाषा तत्वसँग सम्बन्धित अभ्यास मुख्य गरी व्याकरणसित सम्बन्धित हुन्छन् तापनि तिनको प्रयोगलाई पाठमा समेत वढी जोड दिनु आवश्यक देखिन्छ । विभिन्न प्रयोगात्मक विधिबाट विद्यार्थीहरुलाई अभ्यासको समाधान गर्न लगाएमा भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा किटान गरेका उद्देश्यहरु प्राप्त गर्न सकिन्छ । पाठ्यपुस्तकको विधाको विश्लेषण गरेर अभ्यास निर्माण गरिन्छ । विधाको प्रतिनिधित्व हुने गरी अभ्यास निर्माण गरिएको हुन्छ । विषयगत र पठनवोध सम्बन्धि सामग्री नमुना, अभ्यासमा राखिनु पर्दछ । भाषिक सामग्रीका रुपमा शब्दभण्डार, भाषिक संरचना, वाक्य संरचना र वाक्यांश आदिलाई अभ्यासमा समावेश गरिन्छ ।

## २.२ नमुना अभ्यास र प्रश्नका किसिम :

नमुना अभ्यसमा कुनै विषयवस्तुमा आधारित प्रश्न हुन्छन् भने कुनै भाषिक सीपमा आधारित प्रश्नहरु हुन्छ । यसरी नमुना अभ्यासमा पाठमा आधारित विभिन्न प्रश्नहरु समावेश गरिएका हुन्छन् । भाषा सिकाईको उद्देश्य भाषाका चारओटै सीपको विकास गराउनु हो । त्यसैले एकै किसिमका प्रश्नहरुबाट सिकाई उपलब्धिको मापन एवम् विकासमा सघाउ पुग्न सक्तैन र भाषाका दृष्टिले पनि उपयोगी मान्न सकिँदैन । भाषा पाठ्यपुस्तकमा एउटै अभ्यासमा विभिन्न प्रकृतिका प्रश्नहरु समावेश गरिएको पाइन्छ । (कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना प्रश्नहरु निम्नानुसार वर्णन गर्न सकिन्छ ।

## २.३ विषयवस्तुमा आधारित प्रश्न :

भाषा सिकाइको आधार विषयवस्तु भएको हुँदा अभ्यासका निमित्त सोधिने प्रश्नहरु विषयवस्तुमा आधारित नगराई संभव हुँदैन । खास गरी तर्कपूर्ण अभिव्यक्ति, वोध, व्याख्या, समीक्षा र भावार्थ जस्ता कुराको अभ्यास विषयवस्तुकै आधारमा हुनु पर्दछ । विषयवस्तुका आधारमा भएका प्रश्नहरु विभिन्न किसिमका हुन्छन् । वोधमा भए विषयगत र वस्तुगत हुन्छन् भने अभिव्यक्ति भए निबन्धात्मक र विश्लेषणात्मक हुन्छन् । विषयवस्तुसँग सम्बन्धित प्रश्नहरुको प्रयोग गर्दा प्रश्नहरु आन्तरिक र वाह्यरुपले स्पष्ट एवम् शुद्ध हुनु पर्दछ । जसमा विभिन्न पक्ष समेटिने गरी वैचारिक स्पष्टता, शैली सौन्दर्यले भरिपूर्ण, तथा भाषात्वगत हिज्जे, शब्दवर्ग, शब्दनिर्माण आदि कुराहरु ध्यानमा राखेर प्रश्नहरुको सहसम्बन्ध राख्नु पर्दछ । स्तर अनुसार पाठमा समावेश विचार घटना र सूचनालाई मिलाएर प्रश्न निर्माण गरिएको हुनु पर्दछ ।

## २.४ भाषिकसीपमा आधारित प्रश्न :

भाषाका चार कुशलतातालाई आधार मानेर अभ्यासमा विभिन्न किसिमका प्रश्नहरु राख्नु उपयुक्त देखिन्छ । भाषाका कुनै सीपलाई पढी जोड दिइयो भने पनि पाठ्यपुस्तकमा भाषाका ४ वटै सीपलाई आधार वनाएर प्रश्नहरु निर्माण गरिनु पर्दछ । भाषाका प्रत्येक सीपमा वर्णगत, अर्थगत र व्याकरणगत् तत्व अन्तनिर्हित हुनु पदृछ । भाषाका ४ वटा कुशलतालाई आधार वनाउनु पर्दछ । लिखित सीपमा आधारित प्रश्नले विद्यार्थीको अभिव्यक्ति क्षमता देखि लिएर उसका सम्पूर्ण त्रुटि निराकरण गर्ने खालका प्रश्न हुनु पर्दछ । भाषिकसीप मापनका लागि विभिन्न विषयवस्तुलाई आधार मानेर प्रश्नहरु निर्माण गरेपनि अभ्यास गराउने उद्देश्य चाहिँ भाषिक सीपलाई छुने खालका प्रश्न निर्माण गर्नु पर्दछ ।

## २.५ शब्द भण्डारमा आधारित प्रश्न :

पाठका आधारमा दिइएको शब्दहरुको अभ्यास शब्द भण्डार वृद्धि हुने किसिमको हुनुपर्दछ । भाषालाई सरल र स्वाभाविक वनाउन शब्द भण्डारको ज्ञान आवश्यक हुने देखिन्छ । शब्दार्थ शिक्षणको मुख्य उद्देश्य "शब्द भण्डारलाई छोटो छरितो विकल्प पत्तालगाएर प्रयोग गर्न सक्ने" तुल्याउनु हो । भाषालाई सरल स्वभाविक वनाउन शब्द भण्डारको ज्ञान अति जरुरी हुन्छ । त्यसैले पाठ्यपुस्तकमा शब्दार्थ सम्बन्धी शिक्षण प्रक्रिया प्रशस्त मात्रामा राख्ने गरिन्छ । शब्द भण्डारमा आधारित प्रश्न पनि भाषा पाठ्यपुस्तकमा महत्वपूर्ण मानिन्छन् ।

## २.६ प्रशनहरुका स्वरुप :

पाठ्यपुस्तकका पाठहरुमा दिइएका प्रश्नहरु विभिन्न प्रकृतिका हुन्छन् । यी प्रश्नहरु वोधात्मक, सिर्जनात्मक, विषयगत, विश्लेषणात्मक, समीक्षणात्मक, अनुमानात्मक र संख्यात्मक देखिन्छन् । विविध खाले प्रश्नका सहायताले नै स्पष्ट सँग लेख्न र विषयवस्तुमा गहन अध्ययन गर्न सहयोग मिल्दछ । प्रश्नहरुका माध्यमबाट विषयवस्तुलाई विभिन्न कोणबाट हरिनुका साथै शिक्षण सिकाई प्रभावकारी र सफल वनाउन सकिन्छ । अभ्यासमूलक विविध प्रश्नहरुले सिकाइ झन तीव्र हुन्छ र भाषामा पनि झन तीव्रता वढाउँछन् । यस्ता प्रश्नहरु वोधात्मक प्रयोगात्मक र सिर्जनात्मक प्रश्नहरु वढी देखिन्छन् । यस्ता प्रश्नहरुको सहायताबाट विद्यार्थीले आफ्ना आन्तरिक क्षमता र लेखन सीपका त्रुटिहरुलाई सहजरुपमा सुधार्न सक्ने देखिन्छ । अभ्यासमा दिइएका प्रश्नहरु सामान्यतया यस प्रकारका देखिन्छन् ।

### क) सङ्क्षिप्त उत्तरात्मक प्रश्न :

भाषाको प्रयोगमा छोटो र कम समयमा विद्यार्थीहरुको दक्षता नाप्नका लागि एउटै शब्दमा उत्तर आउने प्रश्नहरु निर्माण गरिन्छन् । यस्ता प्रश्नहरु धारणा र प्रयोग रचना, शब्दार्थप्रयोग र वर्णविन्यास इत्यादि कुराको परीक्षण र अभ्यासमा प्रयोग गरिन्छन् । खास कुराको वर्णन गर्न भाव विस्तार गर्न, सङ्क्षेपीकरण गर्न, शिक्षण भएको वेलामा प्रश्न गर्न, भाषातत्व र व्याकरणतत्व पहिल्याउन, वाक्यतत्व अनुसार रचना गर्न, वाक्यतत्व भित्र रहेर वर्णन गर्न, शब्दलाई अर्थपूर्ण रुपले वर्ण गर्न र वाक्यान्तरण गर्न साथै पर्यायवाची शब्द पहिल्याउन र विपरीतार्थक शब्द पहिल्याउन यस्ता प्रश्नहरु अभ्यासमा राखिएका हुन्छन् ।

**ख) निवन्धात्मक प्रश्न :**

लामो उत्तर आउने प्रश्नहरुलाई निवन्धात्मक प्रश्नको श्रेणी (दर्जा) मा राखिन्छन् । यस्ता खाले प्रश्नहरुले विद्यार्थीको सिर्जनात्मक विकासमा सहयोग पुऱ्याउछन् । भाषामा मौलिक चिन्तन र विचार विमर्श पत्तालगाउन साथै भाषिक सीपको प्रयोगात्मक रुपमा अध्ययन गर्न यस्ताखाले प्रश्नले सहयोग गर्दछन् । यस्ता प्रश्नहरुको अभ्यासले अभिव्यक्ति वाक्यरचनागत उपयुक्तता, वाक्य ढाँचा, शब्द प्रयोगगत उपर्युक्तता, वाक्य गठन विचार र विमर्शको सिलसिला, वर्णविन्यास, विराम चिन्ह, किनारा छोडाइ, अनुच्छेद लेखनको प्रवाह, विषयवस्तुको प्रासङ्गिकता जस्ता सवै कुराको मापन गर्न सकिन्छ । यस्ता प्रश्नहरुको उत्तरदिन निवन्ध लेख्ने, प्रवन्ध लेख्ने, व्याख्या गर्ने, पत्ररचना गर्ने, लेख रचनाको सारंश लेख्ने, समीक्षा लेख्ने, भनाइलाई पुष्टि गर्ने, साहित्यिक योगदानको उल्लेख गर्ने भनाइको पुष्टि गर्ने, पाठका आधारमा छलफल गर्ने, उदाहरण दिएर प्रष्ट पार्ने, आफ्नै शब्दमा वर्णन गर्ने, जीवनी लेख्ने, कथा लेख्ने आफ्नो विचार लेख्ने, भावार्थ लेख्ने (भाव प्रस्ट्याउने), अनुच्छेद लेख्ने इत्यादि खालका प्रश्नहरु पर्दछन् । त्यसैले यस्ता प्रश्नहरु अभ्यासमा राख्नु उपर्युक्त मानिन्छ ।

# अध्याय : तीन

## ३.१ कक्षा ८ को "हाम्रो नेपाली किताब" पाठ्यपुस्तकमा पयुक्त अभ्यासहरुको प्रस्तुतीकरण व्याख्या र विश्लेषण :

१. प्रस्तुत अध्यायमा वर्तमान नेपाली पाठ्यपुस्तकका पाठका अन्त्यमा दिएका विधागत नमुना अभ्यासहरुको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ । यसलाई निम्न ढाचाँमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ :

२. समष्टिगत नमुना अभ्यासका प्रश्नहरुलाई मुख्य रुपमा वोधात्मक सिर्जनात्मक र प्रयोगात्मक प्रश्नमा समेत विभाजन गरी तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

३. कक्षा ८ को नेपाली पाठ्यविषयमा रहेको शीर्षक र त्यसका अन्त्यमा रहेको नमुना अभ्यासका

प्रश्नहरुको विभाजित अङ्क तालिका :

## विविध प्रकारका प्रश्नहरुको समष्टिगत वर्गीकरण :

### तालिका सङ्ख्या : १

| क्र.सं. | शीर्षक | वोधात्मक | सिर्जनात्मक | प्रयोगात्मक | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | १९ | ५ | ३ | २७ |
| २ | सवैको रक्षक कानुन | ८ | १२ | ४ | २४ |
| ३ | गोपालप्रसाद रिमाल | १९ | ६ | ४ | २९ |
| ४ | खसीको तौल | ३३ | ५ | ३ | ४१ |
| ५ | दरवार | २० | ३ | ३ | २६ |
| ६ | महाकवि कालिदास | १६ | ३ | ५ | २४ |
| ७ | छात्रवृत्तिका लागि निवेदन | ५ | ५ | ३ | १३ |
| ८ | मनु | २५ | २ | ५ | ३२ |
| ९ | किसान | १३ | ६ | ५ | २४ |
| १० | अन्तरिक्षयान | १७ | १ | ८ | २६ |
| ११ | उपमन्युको परीक्षा | २० | ३ | ३ | २६ |
| १२ | हामी एउटै हौ | १० | ५ | ६ | २१ |
| १३ | फ्लोरेन्स नाइटिङ्गेल | १३ | २ | ५ | २० |
| १४ | वन्यजन्तु र तिनको सुरक्षा | ७ | ५ | ४ | १६ |
| १५ | समाजसेवाको वाटोमा | १४ | ६ | ७ | २७ |
| १६ | धनभन्दा विद्या ठूलो | १४ | ५ | ६ | २५ |
| १७ | विश्वेश्वर प्रसाद कोइराला | १५ | ३ | ७ | २५ |
| १८ | घरझगडा | १० | ६ | ३ | १९ |
| १९ | ओखलढुङ्गा | ८ | ६ | ३ | १७ |
| २० | म्याडम क्युरी | १२ | ४ | ८ | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | पर्यटन | २३ | ५ | ७ | ३५ |
| २२ | नुनको सोझो | ७ | ५ | ७ | १९ |
| २३ | जैविक वियन्त्रणविधि | १२ | ६ | ५ | २३ |
| २४ | पृथ्वी सन्देश | १० | ७ | ७ | २४ |
| | **जम्मा** | **३५०** | **११६** | **१२१** | **५८७** |

प्रस्तुत अध्यायमा वर्तमान नेपाली पाठ्यपुस्तकका पाठका अन्त्यमा दिइएका विधागत नमूना अभ्यासको व्याख्या तथा विश्लेषण गरिएको छ । यस्तो व्याख्या तथा विश्लेषणलाई निम्न ढाँचामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

**३.२ कथा :**

कथा विधा अरु विधाको तुलनामा लोकप्रिय विधा भएकोले क्रमबद्ध रुपमा मिलाएर राखेको पाइन्छ । नि.मा.वि. तह कक्षा ८ मा सामाजिक तथा मनोविश्लेषणात्मक कथा र पौराणिक (दन्त्य कथा) समेत जम्मा तीन किसिमको कथालाई मात्र स्थान दिइएको देखिन्छ । कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम बनाउन सकिन्छ । साथै यसबाट विद्यार्थीमा कल्पना शक्ति र सिर्जना शक्ति वढाउन साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ । (पौडेल र शर्मा, २०६०: १९८) ।

शिक्षण योजना विद्यार्थीमा स्पष्ट एवम् कमिक रुपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने, कथा बोधबाट उत्पन्न हुन सक्ने संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्न सक्ने सीप अभिवृद्धि गर्नुका साथै शब्द संरचना, शब्दभण्डार, कथामा प्रयोग भएका प्राचीन तथा नवीन शैलीहरु पहिचान गर्न, पाठबोध गर्न, श्रुतिसमभिन्नार्थक शब्द अनेकार्थक शब्द, उखान तथा टुक्का र निपातहरुको समेत अमिधा अर्थ तथा आशय बोध गर्ने र अभिव्यक्तिमा उपयुक्त ढङ्गले प्रयोग गरी बोध प्रश्नका माध्यमबाट भाषिक सीपको विकास गराउने उद्देश्य अनुरुप विभिन्न प्रकृतिका प्रश्नहरु राखिएको पाइन्छ । ती प्रश्नहरुको वगीकरण निम्न ढाँचा अनुसार बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक गरी तालिकामा देखाइएको छ ।

**कथा विधामा समावेश गरिएका प्रश्नहरुको विश्लेषण :**

**तालिका सङ्ख्या : २**

| **शीर्षक** | **बोधात्मक** | | **सिर्जनात्मक** | **जम्मा** |
|---|---|---|---|---|
| | **बोधात्मक** | **प्रयोगात्मक** | | |
| खसीको तौल | ३३ | ५ | ३ | ४१ |
| मनु | २५ | २ | ५ | ३२ |
| उपमन्युको परीक्षा | २० | ३ | ३ | २६ |
| घरझगडा | १० | ६ | ३ | १९ |
| नुनको सोझो | ७ | ५ | ७ | १९ |
| **जम्मा** | **९५** | **२१** | **२१** | **१३७** |
| **प्रतिशत** | **६९.३४** | **१५.३२** | **१५.३२** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अन्तर्गत कथा विधामा कक्षा ८ को नेपाली पाठ्यविषयमा ५ ओटा पाठहरु देखिन्छन् । जसअन्तर्गत कुल १३७ ओटा प्रश्नहरु समाविष्ट छन् । यीमध्ये ९५ ओटा प्रश्नहरु पठनबोधसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ६९.३४ प्रतिशत हो । प्रयोगात्मक एक्काइस (२१) ओटा प्रश्नहरु  देखिन्छन् । यो सङ्ख्याको १५.३२ प्रतिशत हो ।

कथा विधामा अन्य प्रकतिका प्रश्नभन्दा बोधात्मक प्रश्नहरुको सङ्ख्या अधिक रहेको पाइएको छ । बोधात्मक प्रश्नमा पनि “खसीको तौल” शीर्षकमा अन्य शीर्षकको तुलनामा वढी प्रश्नहरु छन् । यस्ता प्रश्नको संख्या हेर्दा भाषाका भाषिक सीपअन्तर्गत पढाइ र लेखाइ सीपलाई बढी महत्व दिइएको देखिन्छ ।

बोधात्मक प्रश्नहरु निम्न प्रकार देखिन्छन् :

१. व्यापारीको छोरी निकै बाठी थिई भन्ने कुरा कसरी पुष्टि हुन्छ ? (नेपाली पृष्ठ सङ्ख्या -१८)

२. सन्ध्याको आमा प्रति के गुनासो छ ? (नेपाली पृ. ३९)

३. मनुको अन्त्य कसरी भयो थियो ? (नेपाली पृ. ३९)

४. गुरुभक्त शिष्यका रुपमा उपमन्युलाई चिनाऊ । (नेपाली पृ. ५४)

५. राजेन्द्र लक्ष्मीले आफूलाई किन ग्वाँग्री ठानिन् । (नेपाली पृ. ८९)

६. गुरु नानक र भुमियाका बीच के कस्ता कुराकानी भए ? (नेपाली पृ. ११३)

उल्लेखित प्रश्नका माध्यमबाट पाठ्यक्रमको उद्देश्य अनुरुप बोलाइ, पढाइ र लेखाइ सीपका उद्देश्यहरु अपेक्षाकृत पूरा हुने देखिन्छन् ।

प्रयोगात्मक प्रश्नहरु निम्न प्रकारका देखिन्छन् :

१. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्

निर्जन, कुतूहल, आग्रह, ङ्वारङ्वार (नेपाली पृ. १८)

२. शुद्ध उच्चारण गर्नुहोस् ।

तड्पाएर, पूर्ववत्, प्रचारप्रसार, ऱ्याखऱ्याख, यत्रतत्र (नेपाली पृ.१८)

३. सच्चाएर कापीमा सार्नुहोस् ।

चीन्तावीहिन, श्रोत अनूभुती, उपेदेष (नेपाली पृ. ११३)

कथा विधामा अत्य प्रश्नको तुलना प्रयोगात्मक प्रश्नहरु अभ्यासमा कम देखिन्छन् । विद्यार्थीहरुको बौद्धिकस्तर बुद्धि गर्नका लागि प्रयोगात्मक अभ्यास उपयुक्त देखिन्छ ।

उल्लेखित प्रश्नका माध्यमबाट भाषिक सीप अनतर्गत लेखाई सीप तथा व्यावहारिक क्षमता वृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।

सिर्जनात्मक प्रश्नहरु निम्न किसिमका छन् :

१. आमाले भाइलाई माया गरेको देखेर सन्ध्याका मनमा उब्जेका कुराहरुलाई विषयवस्तु बनाई एउटा सानो कथा लेख र कक्षामा छलफल गर । (नेपाली पृ. ४०)

२. सप्रसङ्ग व्याख्या गर :

तिम्रा गुरु धौम्यका फलामका दाँत छन् । अब तिम्रा सुनका दाँत हुनेछन् ।

३. अन्तरिक्ष कलहले वास्तवमा कसैलाई फाइदा छैन भन्ने आशयको एउटा लेख तयार पारी शिक्षकलाई देखाऊ ।

उपयुक्त प्रश्नका माध्यमबाट मौखिक अभिव्यक्तिका क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिको ख्याल गरी सुन्न र बुझ्ने क्षमताको वृद्धि गरी कथा वा कथांशमा सोधिएका प्रश्नहरुका उत्तर भन्न सक्षम बनाउन सहयोग पुऱ्याउने देखिन्छ । घोकेर उत्तर तयार गर्न सकिने तथा छोटा उत्तर आउने वस्तुगत प्रश्न भन्न नमिल्ने प्रश्नहरु मौलिक प्रश्नका रुपमा समावेश गरिएका भए पनि बोधात्मक प्रश्नमा नै राखिएका छन् । कथा विधामा समावेश गरिएका प्रश्नहरुको विश्लेषण गर्दा प्रश्नहरुको अनुपात मिलाउन खोजिएको भए पनि वस्तुगत प्रश्न समावेश न्युन भएकाले विद्यार्थीको धारणात्मक भाषिक सीप क्षमताको पक्षमा ध्यान नपुऱ्याएको देखिन्छ ।

### ३.३ कविता :

विविध प्रकारका पद्यात्मक रचना तथा सामान्य छन्द, गीति वा मुक्त लयमा रचिएका भावनायुक्त फुटकर पद्यात्मक वा लययुक्त रचनालाई कविता भनिन्छ । कविता शिक्षणको उद्देश्य विद्यार्थीमा उचित गति, यति, लय, एवम् भावअनुरुप पठन गर्न सक्ने अनुभूति एवम् कल्पनालाई बुझ्न सक्ने, भाव एवम् महत्वपूर्ण अंशको व्याख्या गर्न सक्ने, आफ्नो शब्दमा अरुलाई कविताको भाव भन्न सक्ने सीपको विकास गरी कविता प्रति अभिरुचि जनाउनु हो । (माध्यमिक पाठ्यक्रम २०५५) कविता पढ्ने अभिरुचिको विकास गराउनाले उनीहरु कवितात्मक भाषा वा अभिव्यक्तिमा तथा कविताका विविध शैलीमा परिचित हुन्छन् जसबाट उनीहरुको भाषिक क्षमता तथा कविता बुझ्ने क्षमताको विकासमा समेत अप्रत्यक्ष रुपमा सहयोग पुग्ने देखिन्छ । (अधिकारी - २०५० : १६९)

कविता शिक्षणका सन्दर्भमा कविता भित्र बिम्ब सङ्केत, प्रतीक बुझ्न र बुझाउन सक्ने शब्दहरुको प्रयोग गरी कठीन शब्दहरुको शब्द शिक्षणका अतिरिक्त मूल हरफहरुका प्रासङ्गिक व्याख्या गर्न सक्ने

तुल्याउनु पनि हो । शिक्षकलाई आफ्नो शिक्षणमा नमुना पठन, व्याख्यात्मक विधि, तुलनात्मक विधि एवम् समीक्षात्मक विधिद्वारा प्रभावकारी क्रियाकलाप गर्न निर्देश गरेको पाइन्छ ।

**कविता विधासँग सम्बन्धित प्रश्नको विश्लेषण**

**तालिका सङ्ख्या : ३**

| शीर्षक | बोधात्मक | | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|
| | बोधात्मक | प्रयोगात्मक | | |
| प्रश्नोत्तर | १९ | ५ | ३ | २७ |
| किसान | १३ | ६ | ५ | २४ |
| ओखलढुङ्गा | ८ | ६ | ३ | १७ |
| पृथ्वी सन्देश | १० | ७ | ७ | २४ |
| जम्मा | ५० | २४ | १८ | ९२ |
| प्रतिशत | ५४.३४ | २६.०८ | १९.५६ | १०० |

**(खोज अध्ययनमा आधारित)**

उपर्युक्त तालिका अनुसार कविता विधा अन्तर्गत कक्षा ८ को नेपाली किताबमा जम्मा ४ ओटा शीर्षकका कविता राखिएका छन् । कविता विधा भित्रबाट जम्मा ९२ ओटा विविध प्रकारका प्रश्नहरु राखिएका छन् । जसमा ५० ओटा बोधात्मक प्रश्नहरु देखिन्छन् भने तिनको प्रतिशत ५४.३४ छ । कविता विधानमा २४ ओटा प्रयोगात्मक प्रश्नहरु छन् । तिनको प्रतिशत २६.०८ छ । सिर्जनात्मक प्रशनहरु १८

ओटा छन् । तिनको प्रतिशत १९.५६ छ । सिर्जनात्मक प्रश्नहरु सबै शीर्षकमा असमान रुपमा राखिएका छन् । कविताले लय वाचनलाई बढी जोड दिन खोजिएको देखिन्छ ।

**बोधात्मक प्रश्नहरु :**

१. "उडी छुनु चन्द्र एक" भनेको के हो ? (नेपाली पृ. २)

२. अर्थ खुलाऊ

माटामा पसिना पोखी माटामै फुल्छ जीवन ।

विश्वको वीरको निम्ति धर्तीको पहिलो धन ॥ (नेपाली पृ. ४२)

३. भावको डुङ्गा चढेर सैर गर्दा कवितालाई कस्तो अनुभव भयो ? (नेपाली पृ. ९४)

४. हामी नेपालीको सर्वस्व के कस्तो रहेको छ ? (नेपाली पृ. १२३)

५. तलका शब्दको अर्थ लेख ।

अर्जेको, राज्य, लक्ष्य, इतिहास । (नेपाली पृ. १२३)

नमुनाका रुपमा दिइएका बोधात्मक प्रश्नका माध्यमबाट विद्यार्थीहरुको पढाइ, लेखाइ, र बोलाइ सीपको आधार विकास गर्न सहयोग पुग्ने देखिन्छ । यस्ता सीप प्राप्तिका साथै पाठ्यक्रमले निर्धारण गरेका क्षेत्र अनतर्गत उच्च दक्षताको वृद्धि गर्न समेत सहयोग पुऱ्याएको देखिन्छ ।

**प्रयोगात्मक प्रश्नहरु :**

१. शुद्धसँग उच्चारण गर्नुहोस् :

उद्यान, उच्चारण, नक्षत्र, रहस्यमय (नेपाली पृ. २)

२. खाली ठाउँमा मिल्ने क्रियापद लेख ।

करण क्रिया - गाँस्छ, पर्छ ........................................

अकरण क्रिया - लेखेन, ढलेन ....................................

३. पर्यायवाची शब्द लेख :

हरियाली, शैशवकाल, स्नेह, विरह, हर्दम । (नेपाली पृ. ९४)

४. सच्चाएर आफ्नो कापीमा सार । (नेपाली पृ. १२३)

वाग्मति, हामि, पशपती, राष्ट

उपर्युक्त प्रश्नको आधारमा विश्लेषण गर्दा वोधात्मक प्रश्नको तुलनामा प्रयोगात्मक प्रश्न कम समाविष्ट गर्नाले कक्षा ८ को विद्यार्थीहरुको व्यवहारिक क्षमता वृद्धि गर्न कम ध्यान दिएको देखिन्छ ।

**सिर्जनात्मक प्रश्नहरु :**

१. "प्रश्नोत्तर" कवितालाई लय हालेर सुनाऊ । (नेपाली पृ. २)

२. किसान कविताको भाव आफ्नै शब्दमा लेख । (नेपाली पृ. ४२)

३. आफ्नो जन्मस्थललाई आधार मानेर कविता रचना गर र शिक्षकलाई देखाऊ । (नेपाली पृ. ९५)

४. आफ्नो मनमा लागेका विषयमा एउटा कविता लेखेर शिक्षकलाई देखाऊ । (नेपाली पृ. १२५)

निम्न माध्यमिक तह कक्षा ८ का विद्यार्थीहरुलाई सिर्जनशील बनाउनु पर्नेमा कविता विधामा प्रयुक्त अभ्यासले कम महत्व दिएको देखिन्छ । कविता विधा सिर्जनात्मक विधा भए पनि लेखाउने, गाउने अभ्यास कम भएको देखिन्छ । ४ ओटै शीर्षकमा सिर्जनात्मक प्रश्नहरु समान देखिदैन । वर्तमान कक्षा ८ को नेपाली कितावमा अन्य प्रश्नको तुलनामा सिर्जनात्मक प्रशनहरु कम देखिन्छ । सिर्जनात्मक प्रश्नहरु कम समाविष्ट गरिनु विद्यार्थीहरुको निजी सिर्जनशीलता प्रति उचित मात्रामा ध्यान पुऱ्याउन नसकेको देखिन्छ । सिर्जनात्मक प्रश्नले विद्यार्थीको उच्च दक्षताको क्षेत्र वृद्धि हुन गई लेखाइ सीप पाठ्यक्रमको उद्देश्य अनुरुप प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ ।

## ३.४ जीवनी :

कुनै व्यक्तिको जीवन चरित्र अभिव्क्त गर्न लेखिएको गद्य रचना जीवनी हो । जीवनी मानव समुदायको विकास, राष्ट्र तथा अन्तराष्ट्रिय विकास र विस्तारका निम्ति योगदान दिने विशिष्ट व्यक्तिहरुको जीवनगाथामा आधारित हुन्छ । जीवनीले कुने क्षेत्रको विशिष्ट व्यक्तित्वलाई झल्काएको छ भन्ने आधारमा जीवनीलाई दार्शनिक, धार्मिक, बैज्ञानिक, साहित्यिक, कलाकार, राजनैतिक आदिमा विभाजन गर्न सकिन्छ । पाठ्यपुस्तकमा राखिएका जीवनीलाई विशेष गरेर विभिन्न विषय क्षेत्रका शब्दभण्डारहरु र बोधक्षमताको विकासार्थ नै उपयोगी बनाउन सकिन्छ र अन्य गद्य विधाहरु जस्तै यसलाई भाषा तत्व तथा व्याकरण तत्वको पहिचान र अभ्यासका लागि समेत उपयोगी बनाउन सकिन्छ । जीवनी शिक्षार्थीका लागि मूलत : पाठ्य विधा भएकाले यसको प्रयोजन पनि सोहिअनुरुप हुने कुरा स्पष्ट छ । (अधिकारी, २०५० : १७३) भाषा पाठ्यपुस्तकमा जीवनी राख्नाले नि.मा.वि. तह कक्षा ८ का विद्यार्थीहरुले विश्वका प्रसिद्ध व्यक्तित्व बारे जानकारी हाँसिल गर्न सक्छन् । तत्पश्चात् विद्यार्थीभित्र सुषुप्त रहेका क्षमता क्रियाशील भई आफू पनि उत्कृष्ट कार्य गर्न अग्रसर गराउँछ अर्थात विद्यार्थीहरुभित्र रहेको सिर्जनात्मक प्रतिभालाई प्रस्फुटित गर्न जीवनी शिक्षणले सहयागी भूमिका खेल्दछ । विविध क्षेत्रका जीवनी विधाका नमुना अभ्यासले विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हाँसिल गर्न थप उर्जा प्रदान गरेको पाइन्छ ।

## जीवनी विधासँग सम्बन्धित नमुना प्रश्नहरु :

### तालिका सङ्ख्या : ४

| शीर्षक | बोधात्मक | | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|
| | बोधात्मक | प्रयोगात्मक | | |
| गोपालप्रसाद रिमाल | १९ | ६ | ४ | २९ |
| महाकवि कालिदास | १६ | ३ | ५ | २४ |
| फ्लोरेन्स नाइटिङ्गेल | १३ | २ | ५ | २० |
| विश्वेश्वरप्रसाद कोइराला | १५ | ३ | ७ | २५ |
| म्याडम क्युरी | १२ | ४ | ८ | २४ |
| **जम्मा** | **७५** | **१८** | **२९** | **१२२** |
| **प्रतिशत** | **६१.४७** | **१४.७५** | **२३.७७** | **१००** |

(खोज अध्ययनमा आधारित)

उपर्युक्त तालिका अनुसार जीवनी विधामा पाँच ओटा शीर्षक रहेका छन् । पाँच ओटा जीवनीमध्ये गोपालप्रसाद रिमाल जीवनीबाट बढी प्रश्नहरु सोधिएका छन् । जीवनी विधामा जम्मा १२२ ओटा प्रश्नहरु रहेका छन् । बोधात्मक प्रश्नले कुल प्रश्नको ७५ ओटा प्रश्न रहेका छन् भने जसको प्रतिशत ६१.४७ हो । प्रयोगात्मक प्रश्नहरु १८ ओटा छन् यो कुल संख्याको १४.७५ प्रतिशत हो । सिर्जनात्मक प्रश्नहरु जम्मा २९ ओटा रहेका छन् भने तिन कुल संख्याको २३.७७ प्रतिशत रहेको छ ।

**जीवनी विधाका बोध प्रश्नहरु :**

१. गोपालप्रसाद रिमालको साहित्यिक योगदान उल्लेख गर्नुहोस् । (नेपाली पृष्ठ -१२)

२. कालिदासलाई किन महाकवि भनिन्छ ? (नेपाली पृष्ठ : ३०)

३. नाइटिङ्गेलको जीवनीबाट के प्रेरणा लिन सकिन्छ ? (नेपाली पृष्ठ : ६४)

४. विश्वेश्वरप्रसाद कोइरालाको सङ्घर्षशील जीवनीबाट लिन सकिने प्रेरणा के हो ? (नेपाली पृष्ठ ८४)

५. म्याडम क्युरी किन चर्चित भइन् ? (नेपाली पृष्ठ : ९८)

उल्लेखित नमुना प्रश्नको विश्लेषण गर्दा कुल प्रश्न संख्याको प्रथम स्थान रहेको बोध प्रश्नबटा विद्यार्थीहरुको भाषिक सीप मध्ये पढाइ तथा लेखाइ सीपलाई वढी महत्व दिनका साथै असल प्रेरणा लिने अवसर नमुना अभ्यासका प्रश्नको सफल पक्ष रहेको देखिन्छ ।

**सिर्जनात्मक प्रश्नहरु :**

१. जहानियाँ, घरानिया, सहरिया जस्ता शब्दका रुपमा के के समानता छ पहिल्याउनुहोस् । (नेपाली पृष्ठ - १३)

२. महाकवि कालिदासको जीवनी आफ्नै शब्दमा लेख । (नेपाली पृष्ठ - ३१)

३. "फ्लोरेन्स नाइटेङ्गेल" को जीवनी पढेको आधारमा तिमी आफ्ना दिदीबहिनीलाई कस्तो प्रेरणा दिन चाहन्छौ ? (नेपाली पृष्ठ - ६५)

४. विश्वेश्वरप्रसाद कोइरालाका विशेषताहरुका आधारमा एउटा लेख तयार पार्नुहोस् । (नेपाली पृष्ठ - ८५)

उपर्युक्त सिर्जनात्मक प्रश्नहरुको विश्लेषण गर्दा विभिन्न व्यक्तित्वहरुको कार्य मूल्याङ्कन गरी आफू त्यस स्थानमा रहेको भए कस्तो भूमिका रहन्थ्यो भन्ने तार्किक विषयमा कक्षामा छलफल गरी आफ्ना विचारलाई बुँदा टिप्न लगाउनाले सिर्जनात्मक सीप पक्षलाई प्रायोगिक रुपमा जोड दिएको देखिन्छ । उल्लेखित सिर्जनात्मक प्रश्नबाट विद्यार्थीहरुले वैयक्तिक क्षमताको प्रदर्शन गर्ने प्रशस्त अवसर देखिन्छ ।

**प्रयोगात्मक प्रश्नहरु :**

जीवनी विधामा प्रयोगात्मक प्रश्नहरु १८ ओटा रहेका छन् । यो संख्याका आधारमा ५ ओटै पाठबाट एउटै प्रकृतिका प्रश्नहरु दोहोरिएका देखिन्छन् ।

१. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

सुखद्, विद्रोह, आकाङ्‌क्षा, खुब, आकर्षक । (नेपाली पृष्ठ - ११)

२. शुद्ध गर्नुहोस् ।

महाकवी कालीदाशको बिवाह विद्योतमा नामकि राजकुारीसँग भएको थिए ।

यसरी सम्पूर्ण पक्षलाई नियाल्दा विषयवस्तु बुझ्न सहज हुने देखिन्छ । प्रयोगात्मक प्रश्नका अभ्यासले विद्यार्थीहरुमा बोलाई तथा लेखाई सीपको विकास हुनुको साथै व्यवहारिक सीपको क्षेत्र वृद्धि गर्ने पाठ्यक्रमको उद्देश्य पूरा हुने देखिन्छ ।

जीवनी विधा शिक्षण गरिसकेपछि विद्यार्थीहरुले आफ्नो जीवनमा नयाँ प्रोत्साहन पाउन सक्छन्, त्यसैले भाषा पाठ्यपुस्तकका जीवनी विधाका माध्यमले चारित्रिक सुधार गर्न सहयोग पुग्छ । पठनबोध, भाषिक सीप, विकास र शब्दभण्डारको बृद्धि गर्नमा सहयोगी हुने देखिन्छ । जीवनी विधाको शिक्षण पश्चात् विद्यार्थीहरुमा दृढताको भावना उत्प्रेरित हुने, समाज सुधार, देश सुधार गर्न सङ्घर्ष अपरिहार्य हुने कुरा पाँच ओटै जीवनमा पाइनाले यसमा रहेका सबल पक्षको रुपमा मूल्याङ्कन गर्न सकिन्छ । जीवनी विधाको शिक्षण गर्दा नमुना अभ्यासमा प्रयुक्त प्रश्नको आधारमा प्रश्नोत्तर, सस्वर तथा मौनपठन महत्वपूर्ण गद्यांश, तात्पर्य, छलफल जस्ता प्रक्रिया अपनाउन शिक्षकलाई निर्देश गरेको पाइन्छ ।

**३.५ प्रबन्ध :**

प्रबन्ध शब्दले लेखकको भाव र विचारलाई दरिलो र कसिलो शैलीमा बाधेर राख्ने रचनालाई बोध गराउँछ लेखकको विचारात्मक अभिव्यक्ति प्रबन्ध हो । प्रबन्ध उद्देश्य र शैलीअनुरुप विभिन्न प्रकारका हुन्छन् प्रबन्ध बस्तुपरक, यात्रा वर्णनात्मक, आत्मपरक, आदि पाइन्छ । प्रबन्ध विभिन्न शीर्षकमा लेखिएका हुन्छन्, जुन सौन्दर्यपरक, वैज्ञानिक, प्राविधिक, व्यवसाय आदि विषयमा वर्णन गरिएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा प्रबन्ध विधाको प्रयोजन पठनबोध क्षमताको विकास गर्नु, लेखन कौशलको विकास गर्नु, प्रसङ्गअनुरुप र भावानुकूल भाषाको प्रयोग गर्नु र साहित्य सिजर्नना गर्नु जस्तो भाषिक प्रयोजनको विकासमा उपयोगी मानिन्छ ।

**प्रबन्ध विधासँग सम्बन्धित प्रश्नहरुको विश्लेषण**

**तालिका सङ्ख्या :५**

| शीर्षक | बोधात्मक | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|

| | बोधात्मक | प्रयोगात्मक | | |
|---|---|---|---|---|
| सबैका रक्षक कानुन | ८ | १२ | ४ | २४ |
| दरबार | २० | ३ | ३ | २६ |
| अन्तरिक्षयान | १७ | १ | ८ | २६ |
| वन्यजन्तु र तिनको सुरक्षा | ७ | ५ | ४ | १६ |
| पर्यटन | २३ | ५ | ७ | ३५ |
| जैविक नियन्त्रण विधि | १२ | ६ | ५ | २३ |
| **जम्मा** | **८७** | **३२** | **३१** | **१५०** |
| **प्रतिशत** | **५८** | **२१.३३** | **२०.६६** | **१००** |

(खोज अध्ययनमा आधारित)

वर्तमान कक्षा ८ को पाठ्यपुस्तकमा प्रबन्ध शीर्षक अन्तर्गत ६ ओटा पाठहरु राखिएका छन् । सबभन्दा बढी प्रश्न “पर्यटन” पाठमा छन् । यस पाठमा कुल ३५ ओटा प्रश्नहरु छन् । कुल प्रश्नलाई तुलनात्मक अध्ययन गर्दा बोधात्मक प्रयोगात्मक प्रश्नहरु अन्य पाठका तुलनामा वढी छन् भने सिर्जनात्मक प्रश्न बोधात्मक प्रश्नको तुलनामा कम देखिन्छन् । अर्थात वन्यजन्तु र तिनको सुरक्षा प्रबन्धमा ४ ओटा सिर्जनात्मक प्रश्न देखिए पनि दरबार पाठमा ३ ओटा देखिन्छ । तर अन्तरिक्षयान प्रबन्धमा सिर्जनात्मक प्रश्न ८ ओट र पर्यटन पाठमा ७ ओटा प्रश्नहरु राखिनुले शिक्षार्थीहरुको निजात्मक पक्षमा ध्यान पुऱ्याएको देखिन्छ । सबै पाठमा एकै किसिमले प्रश्न नराखिनुले निजात्मक पक्षलाई कम ध्यान पुऱ्याएको मानिन्छ । समष्टिगत रुपमा प्रबन्ध शीर्षकमा ८७ ओटा बोधात्मक प्रश्न रहेका छन् । यो संख्या कुन प्रश्नको ५८ प्रतिशत रहेकाले निजात्मक पक्षलाई विस्तारै अगाडि बढाउन खोजेको देखिन्छ । प्रयोगात्मक प्रश्नहरु प्रबन्ध शीर्षकमा ३२ वटा रहेका छन् । यो संख्या कुल प्रश्नको २१.३३  प्रतिशत हो ।

**बोधात्मक प्रश्नहरु :**

१. “अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन्” पुष्टि गर । (नेपाली पृष्ठ - ७)

२. दरबार पाठको अन्तिमभन्दा झन् अघिल्लो अनुच्छेद पढी तलका प्रश्नहरुको जवाफ दिनुहोस् । (नेपाली

पृष्ठ - २५)

प्रश्न : सुन्दरी चोक सुन्दर हुनुको कारण के हो ?

प्रश्न : पाटन दरवार कसरी फैलिएको छ ?

३. संक्षिप्त उत्तर दिनुहोस् :

अन्तरिक्षयानलाई के ले नियन्त्रण गर्छ ? (नेपाली पृष्ठ - ४७)

४. मनुष्य आफैं पनि प्रकृतिको एक सुन्दर उपहार हो । (नेपाली पृष्ठ -६९)

उक्त प्रश्नहरुले विद्यार्थीहरुको विश्लेषणात्मक क्षमताको पहिचान गर्न खोजेको देखिन्छ । बोधात्मक प्रश्नका माध्यमबाट विद्यार्थीको लेखाई सीप बृद्धि गराई उच्च दक्षता प्राप्त गर्न सहयोग पुऱ्याउने अपेक्षा राखेको देखिन्छ ।

**प्रयोगात्मक प्रश्नहरु :**

१. शुद्धसँग उच्चारण गर्नुहोस् :

साहित्याकाश, उज्जवल, आकाङ्क्षा, संङ्केत । (नेपाली पृष्ठ - ११)

२. वाक्यमा प्रयोग गर्नुहोस् :

रम्य, आयाम, उत्खनन, भग्नावशेष, तोरण । (नेपाली पृष्ठ - २५)

३. शुद्ध पारेर सार्नुहोस् :

एशरी वीकसीट देसहरु अन्त्यरिक्छेमा नया - नया पर्योगहरु गर्न तल्लिन छन् । (नेपाली पृष्ठ - ४७)

यसरी माथिका प्रश्नहरुले लेखाई सीपमा जोड दिइ व्यवहारिक क्षेत्रमा शब्द निर्माण गर्न खोजेको देखिन्छ । विद्यार्थीहरुलाई शब्द संरचनाको जानकारी गराइ यस्ता अन्य शब्दको निर्माणका लागि

विद्यार्थीहरुलाई पूर्व तयारी गराउन खोजेको देखिन्छ । तर पनि यस विधा अन्तर्गत समाविष्ट प्रयोगिक प्रश्नहरुको कमी कमजोरीलाई औल्याउनु उचित देखिन्छ ।

**सिर्जनात्मक प्रश्नहरु :**

१. "कानुनले सवैको रक्षा गर्छ " यस भनाइ बारे पाठका आधारमा छलफल गर । (नेपाली पृष्ठ -७)

२. अन्तरिक्षयानको भविष्यका सम्बन्धमा केही कल्पना वा सोचविचार गर्नुहोस् र आफ्नो मनमा उब्जेका ती कुराहरुलाई कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस् । (नेपाली पृष्ठ - ४८)

३. वन्यजन्तु र वातावरणको सम्बन्ध शीर्षकमा एउटा निबन्ध लेख । (नेपाली पृष्ठ - ७०)

३. "हिमाल" शीर्षकमा छोटो प्रबन्ध लेखी शिक्षकलाई देखाउनुहोस् । (नेपाली पृष्ठ -१०८)

उपर्युक्त प्रशनहरुले विद्यार्थीको लेखाइ सीपमा जोड दिएको देखिन्छ । यस्ता प्रश्नका माध्यमबाट विद्यार्थीहरुको निजात्मकता झल्किन सक्छ जसको परिणाम स्वरुप विषयवस्तु, प्रस्तुतिकरण, भाषा शैली, विस्तार, व्याख्याको क्षमता जस्ता विविध पक्षको मूल्याङ्कन गर्न समेत शिक्षकलाई सहयोग पुग्ने देखिन्छ । प्रबन्ध विधाको तालिकाको तथ्याङ्कका आधारमा प्रश्नहरुको वितरण सन्तुलन त्यति नमिलेको भए तापनि भाषिक सीपलाई ख्याल गरेको देखिन्छ ।

**३.६ एकाङ्की :**

एकाङ्की एक अङ्कमा संरचित हुने अभिनयात्मक दृश्य विधा हो । यसलाई गद्य, पद्य दुबै प्रकारले प्रस्तुत गर्न सकिन्छ । एकाङ्कीको उद्देश्य शिक्षण गर्ने क्रममा विभिन्न परिस्थितिसँग परिचित गराइ ज्ञान दिनुका साथै देश, काल, पात्र, अनुकूलका आधार बारे बताउनु पनि हो । मानिसको स्वभाव र चरित्रको बारेमा अध्ययन गराई अभिनेयात्मक ढङ्ले भावाभिव्यक्ति वा उच्चारण तथा वाचन कलाको विकास गराउनु यस विधाको लक्ष्य रहेको हुन्छ । यसका अतिरिक्त स्वरको आरोह, अवरोह, आघात आदिका बारेमा अभ्यास गराई हाउ भाउ पूर्ण अभिव्यक्ति दिन सक्ने तुल्याउनु यसको उद्देश्य रहेको हुन्छ । (पाठ्यक्रम : २०५७) भाषाको मौखिक त्यसमा पनि नाटकीय अभिव्यक्तिगत विशेषताहरुसँग विद्यार्थीहरुलाई परिचित

गराउनु र त्यस किसिमका अभिव्यक्ति प्रणालीमा उनीहरुलाई अभ्यास्त बनाउन पाठ्यपुस्तकमा एकाङ्कीको संयोजन गरिएको अनुभव हुन्छ । (अधिकारी, २०५० : १७१)

एकाङ्की शिक्षणका लागि नाटकीकरण, भूमिका, प्रदर्शन, व्याख्यामञ्चन, समीक्षा र विश्लेषण विधि अपनाएर जीवनको एउटा पक्षको चित्र हुन्छ ।

## एकाङ्की विधासँग सम्बन्धित प्रश्नहरुको विश्लेषण

### तालिका सङ्ख्या : ६

| शीर्षक | बोधात्मक | | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|
| | बोधात्मक | प्रयोगात्मक | | |
| हामी एउटौ हौं | १० | ५ | ६ | २१ |
| **जम्मा** | **१०** | **५** | **६** | **२१** |
| **प्रतिशत** | **४७.६१** | **२३.८०** | **२८.५७** | **१००** |

(खोज अध्ययनमा आधारित)

उल्लेखित तालिका अनुसार कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा जम्मा एउटा मात्र एकाङ्की विधा देखिन्छ जसमा २१ ओटा प्रश्न छन्, ती मध्ये बोधात्मक १० ओटा छन् । यो संख्या कुल प्रश्न संख्याको ४७.६१ प्रतिशत हो । प्रयोगात्मक प्रश्न ५ वटा छन् । यो कुल प्रश्न संख्याको २३.८० प्रतिशत हो । सिर्जनात्मक प्रश्नहरु ६ वटा छन् । यो कुल प्रश्न संख्याको २८.५७ प्रतिशत हो ।

प्रस्तुत पाठ्यपुस्तकमा एकाङ्की विधा नै एउटा मात्र रहेकाले निम्न प्रश्नको आधारमा लक्षित उद्देश्य प्राप्ति गराउन खोजेको पाइन्छ ।

**बोधात्मक प्रश्नहरु :**

१. तलका प्रश्नहरुको सङ्क्षिप्त उत्तर दिनुहोस् :

- एकाङ्की परिचय खेलका माध्यमबाट के कुरा देखाउन खोजिएको छ ? (नेपाली पृष्ठ -६०)

- शान्तिले विश्वलाई के भनेकी छन् ? (नेपाली पृष्ठ -६०)

उक्त प्रश्नहरुको बोलाइ र लेखाइ सीपलाई जोड दिन खोजेको देखिन्छ । यस एकाङ्कीमा अन्य प्रश्नको तुलनामा बोधात्मक प्रश्न बढी दिइनाले विद्यार्थीको बोलाइ र लेखाइ क्षमताको विकास समानन्तर रुपमा गराउन खोजेको देखिन्छ ।

**प्रयोगात्मक प्रश्नहरु :**

क) तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सन्तान, नागरिक, सङ्ग्रहालय, परिचय, मरमत, घटघटी, भण्डार, राष्ट्रभक्त, सारसौंदो ।

(नेपाली पृष्ठ - ६०)

ख) खाली ठाउँ भर :

- म नेपाली आमाको सन्तान ..................। (छु, हौं, हुँ)

- उनी मेरा साथी ...................। (हो, हुन्, छ)

प्रस्तुत प्रश्नले व्यवहारिक सीपलाई बढी जोड दिएको देखिन्छ । प्रश्नको सङ्ख्या कम रहेकाले वितरणको सन्तुलन मिलेको देखिदैन ।

**सिर्जनात्मक प्रश्नहरु :**

क) सप्रसङ्ग व्याख्या गर्नुहोस् :

- हामी सबै यस राष्ट्रको सीमारक्षामा तैनाथ प्रहारी हौं । (नेपाली पृष्ठ - ६०)

ख) “छोरा र छोरीलाई शिक्षाको समान अवसर” शीर्षकमा एउटा छोटो एकाङ्की लेखी कक्षामा

सुनाउनुहोस् । (नेपाली पृष्ठ - ६१)

एकाङ्की विधाका नमुना अभ्यासमा समाविष्ट सिर्जनात्मक प्रश्नका माध्यमबाट बोलाइ, लेखाइ तथा पढाइ जस्ता भाषिक सीप अभिवृद्धि गराउनुका साथै संवादात्मक अभिव्यक्तिको क्रियाकलापमा सक्रिय गराउने पाठ्यक्रमको उद्देश्य अनुरुप व्यवहारिक सीपको तहलाई उच्च राख्न खोजेको देखिन्छ । एकाङ्कीमा संवादको महत्व रहने भएकाले सिर्जनात्मक अभ्यासमा शुद्ध संवाद तयार पार्न निर्देशन गरेको देखिन्छ । यस्तो सिर्जनात्मक कार्यले विद्यार्थीको अभिनेयात्मक क्षमता वृद्धि गर्ने अपेक्षा राखेको देखिन्छ । प्रस्तुत एकाङ्कीमा बोधात्मक प्रश्नको तुलनामा सिर्जनात्मक प्रश्नहरु लगभग आधाभन्दा वढी रहेका देखिन्छन् । उक्त प्रश्नको माध्यमबाट नै विद्यार्थीहरुको बौद्धिकस्तर लेखाइ तथा बोलाइ सीप सिर्जनशील क्षमता वृद्धि हुने हुँदा यी प्रशनहरुलाई अझ बढाउन उपयुक्त हुने देखिन्छ ।

एकाङ्की लेखन सम्बन्धी संवादात्मक र पठनीय विकासमा समेत सहयोग पुऱ्याउने प्रश्नहरु देखिन्छन् । विधागत प्रयोजनलाई पाठ्यपुस्तक अभ्यासमा शैक्षणिक प्रविधि अन्तर्गत नै राखेको देखिन्छ । " हामी एउटै हौ" एकाङ्कीमा विद्यार्थीहरुलाई पात्र अनुसारको भूमिका तोकी संवादात्मक अभिनय गर्न लगाई हाउभाउ, चेष्टा, अभिनयका साथै कथात्मक विशेषता झल्काउने गरी कार्य गर्न निर्देशन गर्न सहयोग पुऱ्याउन खोजेको देखिन्छन् । प्रश्नोत्तरमा विविधता ल्याई मूल्याङ्कन गर्नु पाठ्यक्रमको उद्देश्य रहेको देखिन्छ । उक्त उद्देश्यपूरा गर्न एकाङ्कीमा संवादात्मक तथा अभिनयात्मक विधि उपयुक्त नै देखिन्छ ।

### ३.७ चिठी :

चिठी लिखित माध्यमद्वारा विचार तथा कुराकानीको विनिमय गर्ने महत्वपूर्ण साधन हो । एक अर्काको अनुभवको आदानप्रदान एवम् वैयक्तिक सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास, कुनै पनि सन्देश अरुले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट अभिव्यक्ति, आदर सम्मान, अभिवादन, गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ । (पाठ्यक्रम, २०५७ : १२)

चिठी लेखनमा खास ढङ्ग र ढाँचाको विशेष महत्व रहन्छ । यस भित्र विषयवस्तु ढाँचा (मिति, ठेगाना, सम्बोधन, अभिवादन र समापन) प्रस्तुतिशील्प, मौलिकता जस्ता कुरामा ध्यान दिइन्छ । चिठी लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत घरायसी चिठी, कार्यालयीय/व्यवसायिक चिठी, निवेदन, शुभकामना-पत्र, निमन्त्रणा पत्र लेखन गराउनु अपेक्षित छ । यस क्रममा प्रस्तुत चिठी निवेदन आदिको शिक्षण गर्दा तिनलाई नमुनाका रुपमा उपयोग गरी तिनको ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिई सोही अनुरुप अभ्यास गराउनु पर्छ । (पाठ्क्रम, २०५७)

### चिठी विधासँग सम्बन्धित प्रश्नहरुको विश्लेषण

**तालिका सङ्ख्या : ७**

| शीर्षक | बोधात्मक | | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|
| | बोधात्मक | प्रयोगात्मक | | |
| छात्रवृत्तिका लागि निवेदन | ५ | ३ | २ | १० |
| समाज सेवाको बाटोमा ( घरायसी चिठी) | १४ | ७ | ६ | २७ |
| **जम्मा** | **१९** | **१०** | **८** | **३७** |
| **प्रतिशत** | **५१.३६** | **२७.०२** | **२१.६२** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार चिठी विधामा घरायसी र (निवेदन) कार्यालयी चिठी समाविष्ट गरिएको छ । यस तालिकामा कुल प्रश्न सङ्ख्या ३७ ओटा छन् । बोधात्मक १९ ओटा छन् । यो सङ्ख्या कुल प्रश्नको ५१.३६ प्रतिशत हो । प्रयोगात्मक प्रश्न १० ओटा छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको २७.०२ प्रतिशत हो । सिर्जनात्मक प्रश्नहरु ८ ओटा छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको २१.६२ प्रतिशत रहेको छ । यस चिठी विधामा समाविष्ट प्रश्नको विश्लेषण गर्दा वितरणको सन्तुलन मिलेको देखिदैन । बोधात्मक प्रश्नको तुलनामा सिर्जनात्मक प्रश्नको सङ्ख्या न्युन रहेको छ । बोधात्मक प्रश्नहरु अधिक रहेकाले विद्यार्थीको लेखाई सीपलाई बढी जोड दिएको देखिन्छ । यो चिठी विधाको सवल पक्ष मानिदैन ।

**बोध प्रश्नहरु :**

१. निवेदनले छात्रवृत्तिको माग गर्नुपर्ने कारण के हो ? (ने.पृ : ३२)

२. निवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन् लेख्नुहोस् ? (ने.पृ : ३२)

३. चिठी लेख्ने व्यक्तिमा आत्मविश्वास बढ्नाको कारण के हो ? (ने.पृ : ७२)

उपर्युक्त प्रश्नहरुले लेखाइ सीपका साथै व्यवहारिक सीपको क्षेत्रलाई पनि ध्यान पुऱ्याएको देखिन्छ ।

**प्रयोगात्मक प्रश्नहरु :**

१. वाक्यमा प्रयोग गर्नुहोस् ।

निवेदन, समाधान, बाध्यता, सहभागिता, सुअवसर । (नेपाली पृ.- ३३)

२. तलका कर्तृवाच्यका वाक्यहरुलाई कर्म वा भाववाच्यमा परिवर्तन गर्नुहोस् । (नेपाली पृ.- ७३)

- मैंले उसलाई बोलाएँ ।
- उनीहरु हिजो पोखरा पुगे ।

उल्लेखित प्रश्नहरुको निर्देशनले लेखाइ पक्षलाई जोड दिएको देखिन्छ तर दिइएका निर्दिष्ट शब्द, वाक्यहरुले बोध र प्रयोग पक्षलाई ध्यान दिएको देखिन्छ ।

**सिर्जनात्मक प्रश्नहरु :**

१. स्थानीय महत्वको कुनै एक स्थलमा शैक्षिक भ्रमणमा जान खर्चको व्याख्या मिलाई दिन आफू पढिरहेको विद्यालयको प्रधानाध्यापकलाई निवदन लेख्नुहोस् । (नेपाली पृ.- ३३)

२. “विकासका लागि शिक्षा” भन्ने विषयवस्तुलाई आधार बनाई जनकपुरमा अध्ययनरत मिल्दो मित्रलाई एउटा पत्र लेख्नुहोस् । (नेपाली पृ.- ७३)

उल्लेखित प्रश्नहरु सिर्जनात्मक प्रकृतिका रहँदारहँदै पनि पाठ्यक्रमले निर्दिष्ट गरेको चिठी समाविष्ट नमूना अभ्यासमा व्यापारिक नभएर माथिका न.क. र ख कार्यालयी र घरायली भएकाले सिर्जनात्मक अभ्यासका नमूना अभ्यास पाठ्यविषय अनुरुप देखिदैन । तर क र ख को अभ्यासले पाठ्य विषयलाई पूर्ण रुपमा अङ्गीकार गरेको देखिन्छ । चिठी विधा भन्ने साथ अभ्यासका लागि तीन ओटै

पर्नुपर्ने हो र नमुना अभ्यासका प्रश्नले पढाइ तथा लेखाइ सीपलाई सबल पक्षका रुपमा अगाडि बढाएर विद्यार्थीको सिर्जनशील क्षमता वृद्धि गर्न बल पुर्‍याउने देखिन्छ । अन्य विधिको तुलनामा चिठी विधामा सिर्जनात्मक प्रश्नहरु कमजोर देखिन्छन् ।

### ३.८ वादविवाद :

वादविवाद पनि संवाद जस्तै पारस्परिक मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । यसमा परस्परको विचारको विपक्षमा तर्क दिने, असहमति जनाउने आफ्ना विपक्षी विचरको खण्डन गर्ने प्रक्रिया अपनाइन्छ । यसबाट विद्यार्थीमा तार्किक अभिव्यक्ति दिने, विचार विमर्श गर्ने जस्ता कुराहरु को विकास हुन्छ । यसको शिक्षण कक्षाकोठामा प्रायोगिक ढङ्गले गरिन्छ भने लिखित रुपमा मूल्याङ्कन गर्दा विषयवस्तु, सम्बोधन, समापन, खण्डनमण्डनशिल्प तथा मौखिक अभिव्यक्तिका पक्षमा हेरिन्छ । वादविवादलाई हाउभाउपूर्ण मौलिक अभिव्यक्तिको विकास क्रममा लिन सकिन्छ । (पाठ्यक्रम, २०५७ : १३)

**वादविवाद विधासँग सम्बन्धित प्रश्नहरुको विश्लेषण :**

**तालिका सङ्ख्या : ८**

| **शीर्षक** | **बोधात्मक** | | **सिर्जनात्मक** | **जम्मा** |
|---|---|---|---|---|
| | **बोधात्मक** | **प्रयोगात्मक** | | |
| धनभन्दा विद्या ठूलो | १४ | ५ | ६ | २५ |
| **प्रतिशत** | **५६** | २० | २४ | १०० |

(खोज अध्ययनमा आधारित)

माथिका तालिका अनुसार वादविवाद विधामा जम्मा २५ ओटा प्रश्नहरु देखिन्छ । जसमा बोधात्मक प्रश्न १४ ओटा छन् । यो सङ्ख्या कुल प्रश्नको ५६ प्रतिशत हो । सिर्जनात्मक प्रश्नहरु ६ ओटा छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको २४ प्रतिशत हो । प्रयोगात्मक प्रश्न ५ ओटा छान् । यो सङख्या कुल प्रश्न सङख्याको २० प्रतिशत हो । प्रश्नको वितरण सन्तुलित नभए पनि बोधात्मक प्रश्न धेरै

भएकाले विद्यार्थीको लेखाइ र पढाइ सीप वृद्धि गर्न नमुना अभ्यास सबल देखिन्छ । यो वादविवाद विधाको दुर्वल पक्ष हो ।

**बोधात्मक प्रश्नहरु :**

१. धनप्रसाद राई र सागर शर्मामध्ये तिमी कसका विचारसँग सहमत छौ र किन ? (नेपाली पृ.- ७८)

२. "धनभन्दा विद्या ठूलो" भन्ने विषयमा खदिँला तर्क दिई पाँच वाक्य लेख्नुहोस् । (नेपाली पृ.- ७८)

उल्लेखित प्रश्नहरुले सुनाइ र बोलाइ सीपको विकासमा जोड दिएको देखिन्छ ।

**प्रयोगात्मक प्रश्नहरु :**

१. सच्चाएर कापीमा सार्नुहोस्

बिपत्ती, प्राविदिक, महत्तो, वेवहारिक । (नेपाली पृ.- ७८)

२. वाक्य वनाउनुहोस्

विपक्षी, तर्क, टिठलाग्दो, लालसा, रमभ्रुम । (नेपाली पृ.-७८)

उल्लेखित प्रश्नहरुले विद्यार्थीको व्यवहारिक सीपको तहलाई जोड दिएको देखिन्छ ।

**सिर्जनात्मक प्रश्नहरु :**

१. व्याख्या गर :

सम्पत्तिमा सबैको हाइहाइ, विपत्तिमा कोही छैनन् दाजुभाइ । (नेपाली पृ.-७८)

२. तलका वादविवादका शीर्षकमा पक्ष वा विपक्षमा आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस् :

- वल ठूलो कि बुद्धि ठूलो (नेपाली पृ. -८०)

- छोरीलाई अंश दिनु कि शिक्षा । (नेपाली पृ.- ८०)

उल्लेखित प्रशनहरुका माध्यमबाट विद्यार्थीले आफ्ना विचारहरुलाई बौद्धिक र तार्किक रुपमा अभिव्यक्त गर्न र लेख्न, अरुको विचारको खण्डन गरी आफ्ना विचारको पुष्टि गर्न सिर्जनात्मक सीपको विकास गर्न सहयोग पुग्ने देखिन्छ । तार्किक कुशलताको अभिवृद्धिबाट हरेक नयाँ विषयमा विद्यार्थी आफ्ना विचार दिन सक्षम बन्ने देखिन्छ ।

### ३.८.१ सीपगत आधारमा नमुना अभ्यासको वर्गीकरण :

पाठ्यक्रमको सबैभन्दा महत्वपूर्ण अङ्ग उद्देश्य भएकाले यसैका आधारमा विषयवस्तुको छनौट, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियालाई अगाडि बढाइन्छ । भाषा अभ्यास तथा पुनावृत्तिबाट सिकिन्छ । नमुना अभ्यासमा विद्यार्थीहरुलाई अभ्यास गर्ने प्रशस्त अवसर दिई उद्देश्य प्राप्तिमा सहयोग पुर्‍याउने खालको हुनुपर्छ । नमुना अभ्यासका क्रियाकलापबाट पाठ्यक्रम निर्दिष्ट उद्देश्य प्राप्ति सम्भव हुन्छ । पाठ्यक्रमका उद्देश्यहरुलाई सीपगत ढाँचामा निर्धारण गरिएको छ । कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासलाई भाषिक सीपमा आधारमा विधागत वर्गीकरण गरिएको छ ।

यसरी वर्गीकरण गर्ने प्रमुख आधार अभ्यासको लागि दिइएको निर्देशनलाई मानिएको छ । त्यसको आधारमा विधागत पाठभित्रमा अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण गरिएको छ । नमुना अभ्यासको पाठअनुरुपता पाठको विधागत अनुरुपता र विधागत अनुरुपतालाई उद्देश्य अनुरुपतामा ढालेर विश्लेषण गरिएको छ । प्रत्येक विधाभित्रका पाठमा समाविष्ट अभ्यासको गणना गरी प्रतिशताङ्क समेत प्रस्तुत गरिएको छ ।

**सीपगत आधारमा नमुना अभ्यासका प्रश्नहरुको समष्टिगत विवरण**

**तालिका सङ्ख्या : ९**

| क्र.सं. | शीर्षक | सीप |
|---|---|---|

| | | सु+वो | प | ले. | बो+ले | प+ले | बो+प. | सु+ले | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | ७ | २ | ४ | ११ | १ | - | २ | २७ |
| २ | सवैको रक्षक कानुन | १ | ५ | १३ | ५ | - | - | | २४ |
| ३ | गोपालप्रसाद रिमाल | ६ | ४ | १२ | ६ | - | १ | | २९ |
| ४ | खसीको तौल | ११ | ९ | ३ | ९ | - | ५ | ४ | ४१ |
| ५ | दरवार | १० | ३ | ५ | ६ | - | २ | | २६ |
| ६ | महाकवि कालिदास | ११ | ३ | २ | ६ | - | २ | | २४ |
| ७ | छात्रवृत्तिका लागि निवेदन | ४ | २ | २ | १ | - | ४ | | १३ |
| ८ | मनु | ११ | ४ | ३ | ८ | १ | ५ | | ३२ |
| ९ | किसान | ६ | २ | ७ | ५ | ४ | - | | २४ |
| १० | अन्तरिक्षयान | ८ | ३ | ८ | ४ | - | ३ | | २६ |
| ११ | उपमन्युको परीक्षा | ११ | १ | ४ | ९ | - | १ | | २६ |
| १२ | हामी एउटै हौ | ३ | ३ | १२ | ३ | - | - | | २१ |
| १३ | फ्लोरेन्स नाइटिङ्गेल | ७ | ३ | २ | ६ | - | २ | | २० |
| १४ | वन्यजन्तु र तिनको सुरक्षा | २३ | १ | १० | १ | १ | - | | ३६ |
| १५ | समाजसेवाको वाटोमा | - | - | १३ | १४ | - | - | | २७ |
| १६ | धनभन्दा विद्या ठूलो | ३ | ४ | ७ | ९ | १ | २ | | २६ |
| १७ | विश्वेश्वर प्रसाद कोइराला | ६ | ३ | ३ | ५ | - | ६ | | २३ |
| १८ | घरझगडा | ११ | ४ | १० | ८ | - | - | | ३३ |
| १९ | ओखलढुङ्गा | ३ | २ | ३ | ७ | २ | - | | १७ |
| २० | म्याडम क्युरी | ५ | ८ | ६ | ७ | ६ | - | | ३२ |
| २१ | पर्यटन | ४ | ३ | १२ | ७ | ६ | २ | | ३४ |
| २२ | नुनको सोझो | ३ | ४ | ५ | ७ | - | - | | १९ |
| २३ | जैविक वियन्त्रणविधि | ७ | ७ | ७ | ५ | - | - | | २६ |
| २४ | पृथ्वी सन्देश | ६ | २ | १५ | १ | ३ | - | | २७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | **१६७** | **८२** | **१६८** | **१५०** | **२५** | **३५** | **६** | **६३३** |
| | **प्रतिशत** | **२६.३८** | **१२.९५** | **२६.५४** | **२३.७०** | **३.९४** | **२.५२** | **०.९४** | **१००** |

### ३.८.२ कथा विधा :

नेपाली भाषा पाठ्यपुस्तकमा कथा रोचक विधा भएकाले भाषिक सीपहरुको विकास गर्न सहयोग पुग्दछ । कथा शिक्षणको प्रयोजन नै साहित्यिक आनन्द प्रदान गर्नु, स्वास्थ्य मनोरञ्जन दिनु, कथाप्रति रुचि वृद्धि गर्नुका साथै नैतिक उपदेश अनुशासित चरित्र निर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो । कक्षा - ८ को नेपाली पाठ्यपुस्तकका समाविष्ट कथा विधा अन्तर्गतका पाठमा समावेश गरिएका नुमना अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

**सीपगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण**

**तालिका सङ्ख्या : १०**

| **क्र.सं.** | **शीर्षक** | **सीप** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **सु+वो** | **प** | **ले.** | **बो+ले** | **प+ले** | **बो+ले** | **सु+ले** | **जम्मा** |
| १ | खसीको तौल | ११ | ९ | ३ | ९ | | ५ | ४ | ४१ |
| २ | मनु | ११ | ४ | ३ | ८ | | ६ | | ३२ |
| ३ | उपमन्युको परीक्षा | ११ | १ | ४ | ९ | | १ | | २६ |
| ४ | घरझगडा | ११ | ४ | १० | ८ | | | | ३३ |
| ५ | नुनको सोझो | ३ | ४ | ५ | ७ | | | | १९ |
| | **जम्मा** | **४७** | **२२** | **२५** | **४१** | | **१२** | **४** | **१५१** |
| | **प्रतिशत** | **३१.१२** | **१४.५६** | **१६.५५** | **२७.१५** | | **७.९४** | **२.६४** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिकामा हेर्दा कथा विधाका जम्मा ५ ओटा पाठमा समाविष्ट नुना अभ्यासका जम्मा १५१ ओटा प्रश्नमध्ये ४७ ओटा सुनाई र बोलाइका प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको ३१.१२ प्रतिशत हो । पढाइ सीपका प्रश्न २२ ओटा छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको १४.५६ प्रतिशत हो । लेखाई सीप अन्तर्गतका २५ ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको १६.५५ प्रतिशत हो । बोलाइ र लेखाइ सीपअन्तर्गत प्रश्न ४१ ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्नको २७.१५ प्रतिशत हो । बोलाइ र पढाइ सीप अन्तर्गत १२ ओटा प्रश्न छन् । यो सङ्ख्या  कुल प्रश्नको ७.९४ प्रतिशत हो । सुनाइ र लेखाइ सीपअन्तर्गत प्रश्न ४ ओटा प्रश्न छन् । यो सङ्ख्या  कुल प्रश्नको २.६४ प्रतिशत हो ।

कथा विधा रोचक भएकाले यसमा सबै सीपका अभ्यास राखिनु आवश्यक ठहर्छ ।

**सुनाइ र बोलाइ अभ्यासका प्रश्नहरु :**

प्रश्न : तलका शब्दहरु शुद्ध उच्चारण गर्नुहोस्

तड्पाएर, पूर्ववत्, ऱ्याखऱ्याख, ङ्वारङ्वार । (नेपाली पृ.-१८)

प्रश्न : तलका प्रश्नहरुको मौखिक उत्तर दिनुहोस् ।

युवकले हिलो आँगन कसरी पार गऱ्यो ? (नेपाली पृ.-१७)

**पढाइ सीपअन्तर्गतका प्रश्नहरु :**

तलका शब्दको अर्थ भर्नुहोस्  :

अतिथि, साधु, पृथ्वी, संयोग (नेपाली पृ.-११३)

**लेखाई सीपअन्तर्गतका प्रश्नहरु :**

क) स-प्रसङ्ग व्याख्या गर्नुहोस् :

कुपात्रमा परेको अमृत पनि विष बन्दोरहेछ ।

ख) कथाको शीर्षक "नुनको सोझो" ले कथाको विषयवस्तुलाई कतिसम्म समेट्छ, त्यसलाई

पृष्टि गर्नुहोस् ।

**बोलाइ र लेखाइ सीप अन्तर्गतका प्रश्नहरु :**

१. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

मख्ख पर्नु, निर्जन, आग्रह, कुतूहल, चाख लिनु । (नेपाली पृ.-१८)

२. तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् ।

- पूर्णकलाको दिनचर्या कसरी वितेको छ ? (नेपाली पृ.-३८)

- यहँ घरझगडा कस कसका वीच किन भएको छ ? (नेपाली पृ.-८९)

**बोलाइ र पढाइ सीपका प्रश्नहरु :**

"पूर्णकला कोठामा............देखि हजुरका निम्ति मरिसके" सम्मको अनुच्छेद पढी तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

- सन्ध्याको आमाप्रति के गुनासो छ ?

- सन्ध्यालाई पूर्णकलाबाट मुख्य कुन कुराको डर छ ?

यसरी सीपगत आधारमा कथा विधाका अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका भाषिक सीपका विविध उद्देश्य पूरा हुन सक्ने हुँदा अभ्यासको संयोजन उपयुक्त हुन सकेको देखिन्छ ।

**३.८.३ कविता विधा :**

कविता लय धर्मी विधा हो । कविता लयबद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । साहित्यिक रसास्वादनका लागि कविता महत्वपूर्ण विधा भएकाले नि.मा.वि. तह कक्षा ८ का बालबालिकालाई कविता सिर्जना गर्ने तर्क प्रेरित गर्नुपर्दछ । यसबाट कल्पनात्मक, भावनात्मक तथा सिर्जनशीलताका लागि सहयोग पुग्दछ । शिक्षणलाई प्रभावकारी बनाउन विविध क्रियाकलाप गर्न सकिन्छ

। जस्तै अन्ताक्षरी प्रतियोगिता कविता प्रतियोगिता आदिमा विद्यार्थीहरु क्रियाशील गराउन सके प्रभावकारी हुन्छ ।

**सीपगत आधारमा कविता विधाका नमुना अभ्यासको वर्गीकरण**

**तालिका सङ्ख्या : ११**

| क्र.सं. | शीर्षक | सिप | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सु+वो | प | ले. | बो+ले | सु+ले | जम्मा |
| १ | प्रश्तोत्तर | ७ | २ | ४ | १ | ३ | १७ |
| २ | किसान | ६ | २ | ७ | ५ | ४ | २४ |
| ३ | ओखलढुङ्गा | ३ | २ | ३ | ९ | २ | १९ |
| ४ | पृथ्वीसन्देश | ६ | २ | ११ | २ | ३ | २४ |
| | जम्मा | २२ | ८ | २५ | १७ | १२ | ८४ |
| | प्रतिशत | २६.१९ | ९.५२ | २९.७६ | २०.२३ | १४.२८ | १०० |

(खोज अध्ययनमा आधारित)

प्रस्तुत तालिकामा हेर्दा कविता विधामा जम्मा ४ ओटा पाठमा समाविष्ट नमुना अभ्यासका जम्मा ८४ ओटा प्रश्नमध्ये २२ ओटा सुनाइ र बोलाइका प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्नको सङ्ख्याको २६.१९ प्रतिशत हो । पढाइ सीपका ८ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको ९.५२ प्रतिशत हो । लेखाइ सीपका २५ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको २९.७६ प्रतिशत हो । बोलाइ र लेखाइ सीपका प्रश्न १७ ओटा छन् । यो सङ्ख्या  कुल प्रश्नको २०.२३ प्रतिशत हो । सुनाइ र लेखाइ सीपका प्रश्न १२ ओटा छन् । यो सङ्ख्या कुल प्रश्नको १४.२८ प्रतिशत हो ।

**सुनाइ र बोलाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न :**

प्रश्न : तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

- संसारमा ठूलो के हो ? (नेपाली पृष्ठ : २)

- मानिसले कस्तो उद्देश्य लिनुपर्छ ? (नेपाली पृष्ठ : २)

प्रश्न : शुद्ध उच्चारण गर्नुहोस् :

उद्यान, उद्देश्य, नक्षत्र, रहस्यमय । (नेपाली पृष्ठ : २)

**पढाइ सीपका अभ्यासमा समाविष्ठ प्रश्न :**

प्रश्न : “प्रश्नोत्तर” कवितालाई लय हालेर सुनाऊनुहोस् । (नेपाली पृष्ठ : २)

प्रश्न : तलका शब्दको अर्थ भन्नेहोस् :

झरझर, मट्टी, कर्मठ, कर्मयोग, श्रम । (नेपाली पृष्ठ : ४२)

प्रश्न : “पृथ्वी सन्देश” कविता आदर्शवाचनलाई अनुसरण गरेर लयवाचन गरी कक्षाका साथीहरुलाई सुनाउनुहोस् ।

**लेखाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न :**

प्रश्न : प्रसङ्गसहित व्याख्या गर्नुहोस् :

- म यौटा गीत हुँ, यस्तै कर्मयोग सिकाउने ।

  सधैं आषाढमा गाई सधैं, मसिंर ल्याउने ।। (नेपाली पृष्ठ : ४२)

प्रश्न : असार मङ्सिर शीर्षकमा एक एक ओटा कविता लेखी शिक्षकलाई देखाउनुहोस् ।

(नेपाली पृष्ठ : ४३)

प्रश्न : समान अर्थ दिने शब्द लेख्नुहोस् :

सुख, जगत्, उद्यान, नभ (नेपाली पृष्ठ : ३)

बोलाइ र लेखाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न

प्रश्न : तलका प्रश्नहरुको संक्षिप्त उत्तर दिनुहोस् ।

- शान्ति कुन ठाउँमा पाइन्छ ? (नेपाली पृ. २)

- भावको डुङ्गा चढेर सैर गर्दा कविलाई कस्तो अनुभव भयो ? (नेपाली पृ. ९४)

प्रश्न : तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

फूलबारी, राष्ट्रनिर्माण, उन्नति, सर्वस्व । (नेपाली पृ. १२३)

सुनाइ र लेखाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न :

प्रश्न : आफ्नो जन्मस्थानलाई आधार मानेर कविता रचना गरी शिक्षकलाई देखाउनुहोस् ।

(नेपाली पृ. ९५)

कविता विधाका विधागत नुमना अभ्यासका प्रश्नका माध्यमबाट चारओटै भाषिक सीपको संयोजनमा जोड दिन खोजिएको देखिन्छ ।

### ३.८.४ जीवनी विधा

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधारमानी प्रस्तुत गरिन्छ । जीवनीका माध्यमबाट विशिष्ट व्यक्तिहरुका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । जीवनी विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश लेखन, सप्रसङ्ग व्याख्या, भाव प्रष्ट गर्ने, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सीप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरु समावेश गर्नु सान्दर्भिक देखिन्छ ।

## सीपगत आधारमा जीवनी विधाका नमुना अभ्यासको वर्गीकरण :

### तालिका सङ्ख्या : १२

| क्र.सं. | शीर्षक | सिप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सु+वो | प | ले. | बो+ले | प+ले | प+बो | जम्मा |
| १ | गोपालप्रसाद रिमाल | ६ | ४ | १२ | ६ | | १ | २९ |
| २ | महाकवि कालिदास | ११ | ३ | २ | ६ | | २ | २४ |
| ३ | फ्लोरेन्स नाइटेङ्गेल | ७ | ३ | २ | ६ | | २ | २० |
| ४ | विश्लेश्वरप्रसाद कोइराला | ६ | ३ | ३ | ५ | | ६ | २३ |
| ५ | म्याडम क्युरी | ५ | ८ | ६ | ७ | | - | २६ |
| | **जम्मा** | **३५** | **२१** | **२५** | **३०** | | **११** | **१२२** |
| | **प्रतिशत** | **२८.६८** | **१७.२१** | **२०.४९** | **२४.५९** | | **९.०१** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिकामा सीपगत आधारमा वर्गीकरण गरिएका प्रश्नमा कुल प्रशन सङ्ख्या १२२ ओटा छन् । सुनाइ र बोलाइका प्रश्नमा ३५ ओटा छन् । यो सङ्ख्या कुल प्रश्नको २८.६८ प्रतिशत हो । पढाइ सीपका २१ ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्नको १७.२१ प्रतिशत हो । लेखाइ सीपका २५ ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्नको २०.४९ प्रतिशत हो । बोलइ र लेखाइ सीपका ३० ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्नको २४.५९ प्रतिशत हो । पढाइ र बोलाइ सीपअन्तर्गत ११ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको ९.०१ प्रतिशत हो ।

**सुनाइ र बोलाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न :**

प्रश्न : तलका शब्दको उच्चारण गर्नुहोस् :

- साहित्याकाश, उज्जवल, आकांक्षा, विक्षुब्ध । (नेपाली पृ.- ११)

प्रश्न : तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् ।

- कालिदारको विवाह कोसँग भयो ? (नेपाली पृ.-२९)

**पढाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न :**

प्रश्न : तलका शब्दको अर्थ भन्नुहोस् :

मनोविज्ञान, गीतिकाव्य, महाकवि, भौगोलिक, (नेपाली पृ.-३०)

प्रश्न : पाठको पाँचौ अुनच्छेद राम्ररी पढ्नुहोस् । (नेपाली पृ.-१२)

**लेखाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न :**

प्रश्न : गोपालप्रसाद रिमालको साहित्यिक योगदान उल्लेख गर्नुहोस् । (नेपाली पृ.: १२)

प्रश्न : व्याख्या गर्नुहोस् :

साहित्य र राजनीति दुवै क्षेत्रमा उनको नाउँ अमर छ । (नेपाली पृ.: ४८)

बोलाई र लेखाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न

प्रश्न : वाक्यमा प्रयोग गर्नुहोस् :

सुझाव, घुलमिल, अनसन, मिजासिलो, राजनेता । (नेपाली पृ.: ८४)

प्रश्न : पाठमा श, ष प्रयोग भएका शब्दहरु खोजेर सूची बनाउनुहोस् । (नेपाली पृ.: ९९)

**पढाइ र बोलाइ सीपका अभ्यासमा समाविष्ट प्रश्न**

प्रश्न : पाठको नवौं अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरुको टिपोट गर्नुहोस् र तिनलाई आफ्नो वाक्यमा प्रयोग गर्नुहोस् । (नेपाली पृ.: १३)

### ३.८.५ प्रबन्ध विधा :

प्रबन्ध विधा साहित्यको सरलदेखि जटिल क्षेत्रलाई समेट्न सक्ने विधा हो । निम्न माध्यमिक तहका कक्षाहरुमा भावपरक तथा निजात्मक प्रबन्धको शिक्षण बढी उपयोगी हुनेछ । शब्दार्थ शिक्षण गर्न प्रबन्ध विधा निकै उपयोगी मानिन्छ । पठनबोध, बुँदा टिपोट, सारांश लेखन, भावविस्तार, शब्दभण्डार तथा प्रबन्ध लेखन सम्बन्धी अभ्यासहरु समावेश गरिनु आवश्यक देखिन्छ ।

**सीपगत आधारमा प्रबन्ध विधाका नमुना अभ्यासको वर्गीकरण :**

**तालिका सङ्ख्या : १३**

| क्र.सं. | शीर्षक | सिप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सु+वो | प | ले. | प+ले | बो+ले | सु+ले | जम्मा |
| १ | सबैको रक्षक कानुन | १ | ५ | १३ | ५ | १ | २ | २७ |
| २ | दरबार | ११ | ९ | ३ | ९ | ५ | ४ | ४१ |
| ३ | अन्तरिक्षयान | ८ | ३ | ८ | ४ | ३ | | २६ |
| ४ | वन्यजन्तु र तिनको सुरक्षा | १३ | १ | १० | १ | १ | | २६ |
| ५ | पर्यटन | ४ | ३ | १२ | ७ | ७ | | ३२ |
| ६ | जैविक नियन्त्रण विधि | ७ | ७ | ७ | ५ | - | | २६ |
| | **जम्मा** | ४४ | २८ | ५३ | ३१ | १६ | ६ | १७८ |
| | **प्रतिशत** | २४.७१ | १५.७३ | २९.७७ | १७.४१ | ८.९८ | ३.३७ | १०० |

(खोज अध्ययनमा आधारित)

प्रस्तुत तालिकामा हेर्दा प्रबन्ध विधामा जम्मा १७८ ओटा प्रश्न छन् । सुनाइ र बोलाइ सीपका प्रश्न ४४ ओटा छन् । यो सङख्या कुल प्रश्नको प्रतिशत २४.७१ हो । पढाइ सीपमा २८ ओटा प्रश्न छन् । यो सङख्या  कुल प्रश्नको १५.७३ प्रतिशत हो । लेखाइ सीपका ५३ ओटा प्रश्न छन् । यो सङख्या  कुल प्रश्नको २९.७७ प्रतिशत हो । पढाइ र लेखाइ सीप अन्तर्गत ३१ ओटा प्रश्न छन् । यो सङख्या कुल प्रश्नको १७.४१ प्रतिशत हो । बोलाइ र लेखाई सीपका १६ ओटा प्रश्न छन् । यो सङख्या कुल प्रश्नको ८.९८ प्रतिशत हो । सुनाइ र लेखाइ सीपका प्रश्न ६ ओटा छन् । यो सङख्या कुल प्रश्न सङख्याको ३.३७ प्रतिशत हो ।

**सुनाइ र बोलाइ सीपका नमुना अभ्यासका प्रश्न**

१. तलका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

दृष्टि, प्रोत्साहित, राष्ट्र, दण्डसजाय, संयमित । (नेपाली पृ.: ७)

२. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् ।

- अन्तरिक्ष भन्नाले के बुझिन्छ ? (नेपाली पृ.: ४७)
- पर्यटकहरु कस्ता कुराहरु मन पराउँछन् ? (नेपाली पृ.: १०५)

**पढाइ सीपको नमुना अभ्यास प्रश्न :**

१. तलका शब्दको अर्थ भन्नुहोस् :

यान, वायुचाप, वेग, कक्ष, श्रेणी, सुक्ष्म । (नेपाली पृ.: ४७)

प्रश्न : पाठको दोश्रो अनुच्छेद सस्वर पढेर कक्षामा सुनाउनुहोस् । (नेपाली पृ.: ४७)

**लेखाइ सीपका नमुना अभ्यासका प्रश्न**

प्रश्न : वन्यजन्तु र वातावरणको सम्बन्ध शीर्षकमा एउटा निबन्ध लेख्नुहोस् । (नेपाली पृ.: ७०)

प्रश्न : "हिमान" शीर्षकमा छोटो प्रबन्ध लेखी शिक्षकलाई देखाउनुहोस् । (नेपाली पृ.: १०८)

**पढाइ र लेखाइ सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : छोटो उत्तर लेख :

- कानुन शक्तिशाली भएन भने के के समस्या आइपर्दछन् ? (नेपाली पृ.: ७)
- पाटन दरबारको मोहडाको आफ्नै शब्दमा वर्णन गर्नुहोस् । (नेपाली पृ.: २६)
- "वातावरण प्रतिकूल हुनु" भनेको के हो ? (नेपाली पृ.: ६९)

- "पर्यटक" भन्ने पाठको सिलसिला मिलाई बुदाँ टिपोट गर्नुहोस् । (नेपाली पृ.: १०६)

**बोलाइ र लेखाइ सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : वाक्यमा प्रयोग गर्नुहोस् :

- वायुमण्डल, उपकरण, अवतरित, शृङ्खला । (नेपाली पृ.: ४७)
- निर्बाध, खुतुक्कै, मृगशावक, रोचक, सुरम्य, अबैध उद्दण्ड । (नेपाली पृ.: ६९)

**सुनाइ र लेखाइ सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : पाठको पहिलो अनुच्छेद शिक्षकले भन्ने र तिमीहरुले लेख्ने गर अनि लेख्दा कति त्रुटि भएछ, त्यसलाई जाँच पनि गर्नुहोस् ।

### ३.८.६ रुपक विधा

रुपक विधा नेपाली साहित्यको क्षेत्रमा रोचक र प्रभावकारी मानिन्छ । रुपक अन्तर्गत एकाङ्की, मनोवाद र वादविवादलाई नि.मा.वि. तहको पचठ्यक्रम अनुसार कक्षा -८ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको छ । रुपक शिक्षणको मुख्य प्रयोजन बोलाइ सीपको अभिवृद्धि गर्नु हो । रुपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण कार्यमा निर्दिष्ट मनोवाद एकाङ्की र वादविवादलाई परिस्थिति, पात्र तथा भाव अनुकूल वाचन, अभिनय एवं भूमिका निर्वाहको अभ्यास गराउनु पर्छ । रुपक विधाका पाठमा समाविष्टको अभ्यासहरु विधा शिक्षणको उद्देश्य अनुरुप हुनु जरुरी छ ।

**सीपगत आधारमा रुपक विधाका नमूना अभ्यासको वर्गीकरण**

**तालिका सङ्ख्या : १४**

| क्र.सं. | पाठ | सिप | | | | |
|---|---|---|---|---|---|---|
| | | सु+वो | प | ले. | बो+ले | जम्म |
| १ | हामी एउटै हौं | ३ | ३ | १२ | ३ | २१ |
| २ | धनभन्दा सिवद्या ठूलो ( वादविवाद) | १ | १ | १३ | १४ | २९ |
| | **जम्मा** | **४** | **४** | **२५** | **१७** | **५०** |
| | **प्रतिशत** | **८** | **८** | **५०** | **३४%** | **१००%** |

(खोज अध्ययनमा आधारित)

माथिको रुपक विधाको वर्गीकृत तालिकामा हेर्दा जम्मा ५० ओटा प्रश्नहरु छन् । सुनाइ र बोलाइ, सीपसम्बद्ध ४ ओटा प्रश्नहरु छन् । यो संख्या कुल प्रश्न संख्याको ४ प्रतिशत हो । पढाइ सीप सम्बन्ध ८ ओटा प्रश्न छन् । यो पनि कुल प्रश्न संख्याको ८ प्रतिशत नै हो । लेखाइ सीप सम्बन्ध २५ ओटा प्रश्न छन् । यो कुल संख्याको ५० प्रतिशत हो । बोलाइ र लेखाइ सीपसम्बद्ध १७ ओटा प्रश्नहरु छन् । यो कुल संख्याको ३४ प्रतिशत हो । यसरी हेर्दा सबैभन्दा बढी प्रश्न लेखाइ सीपसँग सम्बद्ध देखिन्छ ।

**सुनाइ र बोलाइ सीपका नमूना अभ्यासका प्रश्न :**

प्रश्न : तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

मस्किँदै, छ्याकछ्याक, फनन्न, चत्र, धुम्म । (नेपाली पृ.: ६०)

वादविवाद, प्रतिष्ठा, सर्वोपरि, शाश्वत, संस्कृति । (नेपाली पृ.: ७८)

**पढाइ सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : तलका शब्दको अर्थ भन्नुहोस् :

तर्क, वैज्ञानिक, व्यवहारिक, दयनीय, विपक्ष, शाश्वस । (नेपाली पृ.: ७६)

**लेखाइ सीपका नमुना अभ्यास प्रश्नहरु :**

प्रश्न : वाक्य वनाउनुहोस् :

सन्तान, नागरिक, सङ्ग्रहालय, परिचय, मरमत, घटघटी, भण्डार । (नेपाली पृ.: ६०)

प्रश्न : यस पाठका कमल र विजयाको स्वभावका बारेमा अलग अलग वर्णन गर्नुहोस् । (नेपाली पृ.: ६१)

**बोलाइ र लेखाइ सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : देऊ, खेल, गर्नोस् आदिले आज्ञार्थ क्रियापद जनाउँछन् । हामी एउटै हौं पाठबाट यस्ता क्रियापद खोज्नुहोस र वाक्यमा प्रयोग गर्नुहोस् । (नेपाली पृ.: ६१)

प्रश्न : तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :

- धनप्रसाद राई र सागर शर्मामध्ये तिमी कसका विचारमा सहमत छौ र किन ?

रुपक विधाको मूल उद्देश्य अभिव्यक्तिको विकास गर्नु हो । यसमा पढाइ र बोलाइ सीपसम्बद्ध अभ्यास बढी समावेश गर्नु उपयुक्त हुन्छ । प्रस्तुत निर्दिष्ट अभ्यासमा यस्ता अभिव्यक्ति सीपका अभ्यास न्यून देखिन्छन् । बोलाइभन्दा लेखाइ सीपका अभ्यास बढी हुनु उपयुक्त मानिदैन ।

**३.८.७ चिठी विधा :**

चिठी लिखित माध्यमद्वारा विचार विनिमय गर्ने माध्यम हो । यो एक अर्काको अनुभव आदानप्रादन गरी सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा वैयक्तिक स्वतन्त्र अभिव्यक्तिको विकास गरी कुनै पनि सन्देश अरुले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्टरुपमा अभिव्यक्ति, आदार, सम्मान, अभिवादन गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ । चिठी शिक्षणमा घरासयी, व्यापरिक र कार्यालयीय क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको क्रियाकलापद्वारा शिक्षण गरिन्छ । (मा.शि.पा. २०५५ : १२)

व्यावहारिक रुपमा विभिन्न प्रकारका चिठी लेख्ने ढाँचा र तिनमा आफ्नो विचारको प्रस्तुतिलाई समेत उपयुक्त किसिमले व्यक्त गर्न सक्ने तुल्याउने गरी चिठी शिक्षणका अभ्यासको संयोजन गर्नुपर्ने हुन्छ ।

**सीपगत आधारमा चिठी विधामा समाविष्ट नमूना अभ्यासको वर्गीकरण**

**तालिका सङ्ख्या : १५**

| क्र.सं. | पाठ | सिप | | | | |
|---|---|---|---|---|---|---|
| | | सु+वो | प | ले. | बो+ले | जम्म |
| १ | छात्रवृत्तिका लागि निवेदन | ४ | २ | २ | ५ | १३ |
| २ | समाजसेवाको बाटोमा | | | १३ | १४ | २७ |
| | **जम्मा** | ४ | २ | **१५** | **१९** | ४० |
| | **प्रतिशत** | **१०** | **५** | **३७.५** | **४७.५** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका हेर्दा चिठी विधामा जम्मा ४० ओटा प्रश्न छन् । सुनाइ र वोलाइमा ४ ओटा प्रश्न छन् । यो कुल प्रश्न संख्याको १० प्रतिशत हो । पढाइ सीपअन्तर्गत २ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको ५ प्रतिशत हो । लेखाइ सिपअन्तर्गत १५ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको ३७.५ प्रतिशत हो । बोलाइ र लेखाइ सीपअन्तर्गत १९ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको ४७.५ प्रतिशत हो ।

**सुनाइ र खोलाइ सीप अन्तर्गतका अभ्यास नमूना**

प्रश्न : स्पष्टसँग उच्चारण गर्नुहोस् :

छात्रवृत्ति, आयस्रोत, उज्जवल, प्रतिभाशाली, मिहिनेत, समस्या । (नेपाली पृ.: ३३)

**पढाइ सीपका प्रश्नको नमुना अभ्यास :**

प्रश्न : पढ र फरक बुझ्नुहोस् :

मैले निवेदन दिएकी छु । मैले निवेदन दिएको छु ।

तैंले पढेकी छस् । तैले पढेको छस् । (नेपाली पृ.: ३३)

**लेखाई सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : जिल्लास्तरीय खेलकुद प्रतियोगितामा भाग लिन जानका लागि आवश्यक सुविधा मिलाइ दिन प्रधानाध्यापकलाई निवदेन लेख्नुहोस् । (नेपाली पृ.: ३३)

प्रश्न : "विकासका लागि शिक्षा" भन्ने विषयवस्तुलाई आधार बनाइ जनकपुरमा अध्ययनरत मिल्दो मित्रलाई एउटा पत्र लेख्नुहोस् । (नेपाली पृ.: ७३)

**बोलाइ र लेखाइ सीपका नमुना अभ्यासका प्रश्न :**

प्रश्न : वाक्यमा प्रयोग गर्नुहोस् :

निवेदन, समाधान, बाध्यता, सहभागिता, सुअवसर । (नेपाली पृ.: ३३)

## अध्याय : चार

## व्याकरण र शब्द भण्डारको विश्लेषण

### ४.१ व्याकरण

कुनै भाषाका शब्द शब्दका विभिन्न रुप तिनका संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरुको पारस्पारिक सम्बन्ध छुट्याउनुका साथै शब्द वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरुपण गर्ने शास्त्र, शब्द तथा वाक्य सम्बन्धी नियम र उदाहरणको संकलन गर्ने शास्त्रलाई व्याकरण भनिन्छ । यसअन्तर्गत शब्द वर्ग शब्द निर्माण, वाक्य र वाक्यतत्व, वाक्यान्तरण तथा वर्णविन्यासलाई सँगै राखेर यहाँ प्रस्तुत गरिएको छ । (पाठ्यक्रम २०५७)

व्याकरण शिक्षाको उद्येश्य भाषामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरुसँगै विद्यार्थीहरुलाई शुद्ध शब्द र वाक्य प्रयोग गर्न अभिप्रेरित गर्नु हो ।

यसबाट भाषा प्रयोग वाक्य गठन शब्द रचना आदि पक्षमा विशेष सहयोग मिल्छ । यो भाषको अन्तर्निहित व्यवस्था भएको हुँदा यसको शिक्षणले भाषा प्रयोगको व्यवस्थागत, प्रयोगपक्ष, व्याकरणात्मक नियमबाट विचलन भएका शब्द तथा वाक्यहरु ठम्याउन सक्ने सुफ विकास गर्नमा सहयोग गर्दछ । ( गौतम २०६१-२०५)

नेपाली भाषा पाठ्यपुस्तक कक्षा ८ को व्याकरणको नमूना अभ्यासमा रहेका प्रश्नहरुलाई निम्नलिखित आधारमा वर्गीकरण गरी तत्पश्चात पाठशीर्षकमा आधारित रही व्याकरणात्मक अभ्यासका नमुना प्रश्नहरुको व्याख्या विश्लेषण गरिएको छ ।

**व्याकरण अभ्यासको समष्टिगत तालिका**

**तालिका सङ्ख्या : १६**

| शीर्षक | परिचयात्मक | | धारणत्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन | निगमन | | वाक्यात्मक | वाक्य | उदाहरणबाट | पाठबाट | |

| | **विधि** | **विधि** | | **वाक्यान्तरण** | **प्रयोग** | **खोज्न** | **खाज्न** | |
|---|---|---|---|---|---|---|---|---|
| प्रश्नोत्तर | | | | | १ | ३ | १ | ५ |
| सबैको रक्षक कानुन | | | | | | २ | २ | ४ |
| गोपाल प्रसाद रिमाल | | | | | १ | १ | २ | ४ |
| खसीको तौल | | | | | ५ | १ | १ | ७ |
| दरबार | | | १० | | १ | | | ११ |
| महाकवि कालीदाश | | | २ | २ | | १ | ३ | ८ |
| छात्रवृत्तिको लागि निवेदन | | | २ | १ | | | ३ | ६ |
| मनु | | | | ४ | | | | ४ |
| किसान | | | | | | १ | | १ |
| अन्तरिक्षयान | | | | | | २ | | २ |
| उपमन्युको परीक्षा | | | ३ | | | | | ३ |
| हामी एउटै हौं | | | ५ | | | २ | १ | ८ |
| फ्लोरेन्स नाइटिङ्गल | | | ५ | | | | | ६ |
| वन्यजन्तु र तिनको सुरक्षा | | | ३ | | १ | | | ३ |
| समाजसेवाको बाटोमा | | | ६ | ७ | | | | १३ |
| धनभन्दा विद्या ठूलो | | | | ५ | | १० | | १५ |
| विश्वेश्वरप्रसाद कोइराला | | | | ५ | | | ६ | ११ |
| घरझगडा | | | ११ | | | १ | | १२ |
| ओखलढुङ्गा | | | ५ | | | ५ | २ | १२ |
| म्याडम क्यूरी | | | | ३ | ८ | २ | २ | १५ |
| पर्यटन | | | | | ३ | १ | | ४ |
| नुनको सोझो | | | | | १ | ५ | | ६ |
| जैविक नियन्त्रण विधि | | | १२ | | १ | ६ | १ | २० |
| पृथ्वी सन्देश | | | ११ | | १ | | २ | १४ |
| **जम्मा** | | | **७५** | २७ | २३ | ४३ | २६ | **१९४** |

| प्रतिशत | | | ३८.६५ | १३.९१ | ११.८५ | २२.१६ | १३.४० | १०० |
|---|---|---|---|---|---|---|---|---|

(खोज अध्ययनमा आधारित)

उक्त तालिका नं. ३ का आधारमा पाठगत व्याकरणका नमुना अभ्यासका प्रश्नहरुलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ करण र अकरण

करण भनेको सकारात्मक वाक्य र अरकण भनेको नकारात्मक वाक्य हो । करण वाक्यलाई अकरण बनाउँदा वाक्यमा प्रयोग भएको समापिका क्रियालाई नकारात्मक बनाउनु पर्छ । समापिका क्रियालाई अकरण बनाउँदा वाक्यमा वाधा आएमा असमापिका क्रिया, विशेषण वा अव्यय आदिलाई अकरण बनाउनु पर्छ ।

करण वाक्यलाई अकरणमा र अकरणलाई करणमा वारकयमा परिवर्तन गर्नुलाई करण अकरण वाक्यान्तरण प्रकृया भनिन्छ ।

करणलाई अकरण बनाउँदा समापिका कृयाको शुरु, बीच वा अन्त्यमा न थप्नु पर्छ । अकरण बनाउँदा अर्थ नमिले त्यस वाक्यमा प्रयोग भएको असमापिका कृयाको रुपमा समेत न थप्न सकिन्छ । असमापिका रुप नभएका वाक्यमा समापिका कृयालाई अकरण बनाए पुग्छ । अकरण जनाउने वाक्यलाई पुनः करण बनाएमा वाक्य पहिलेर्क रुपमा बदलिन्छ ।

करण अकरण आधारमा वाक्य परिवर्तनका उदाहरण :

करण मदन भोलि जनकपुर जान्छ ।

अकरण मदन भोलि जनकपुर जाँदैन ।

करण पानी परे बाली सप्रन्छ ।

अकरण पानी नपरे बाली सप्रदैंन ।

**करण र अकरण सम्बन्धित प्रश्नहरुको वर्गीकरण**

**तालिका सङ्ख्या : १७**

| पाठ | परिचयात्मक | | धारणात्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विध | निगमन विधि | | वाक्यात्मक बाट प्रयोग | वाक्य प्रयोग | उदाहरणबाट खोज्ने | पाठबाट खोज्ने | |
| किसान | | | | | ३ | २ | | ५ |
| **प्रतिशत** | | | | | ६० | ४० | | १००% |

(खोज अध्ययनमा आधारित)

माथिको तालिकाअनुसार प्रयोगात्मक प्रश्नअन्तर्गत वाक्य प्रयोग ३ ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको ६० प्रतिशत हो । पहिचानात्मक अन्तर्गत उदाहरणबाट खोज्ने २ ओटा प्रश्न रहेका छन् । यो कुल प्रश्न सङ्ख्याको ४० प्रतिशत हो । आगमन विधिमा आधारित प्रश्नभए पनि प्रश्नको कमि र भएकाको वितरणमा सन्तुलन देखिएको छैन । यस्तो स्थिति देखिए पनि करण अकरणका आधारमा वाक्य परिवर्तन गर्ने तरिका सहज देखिन्छ ।

**प्रयोगात्मक र प्रश्नअन्तर्गतका प्रश्न :**

करण भए अकरण र अकरण भए करण बुझाउने रुप लेख्नुहोस् ।

टिप्छ, नचल, गमो, भन्दथ्यो, पढेन, आएछ, लेखेन, जाला ।

**पहिचानात्मक प्रश्नअन्तर्गतका प्रश्नहरु :**

उदाहरणमा दिएझैं तलको खाली ठाउँमा मिल्ने क्रियापदहरु लेख ।

करण क्रिया - गाँस्छ, पर्छ ..............................................

अकरण क्रिया - गएन, ढलेन ..........................................

### ४.१.२ वाच्य परिवर्तन

वाच्यको शाब्दिक अर्थ कथन वा भनाइ हो । यो क्रियासँग सम्बद्ध कोटि हो र यसको अभिव्यक्ति क्रियाबाट हुन्छ । वाच्य तीन प्रकारका हुन्छन् ।

**कतृवाच्य, कर्मवाच्य र भाववाच्य**

कर्ता, कर्म र भावमध्ये कुनै एकलाई लक्षित गरी सो प्रधान हुने क्रियार्थलाई नै वाच्य भनिन्छ । ( ढुङ्गेल र भट्टराई : २०६४ : २०४)

**परिवर्तनका प्रक्रिया :**

एउटा वाक्यमा प्रयोग भएको वाक्यलाई अर्को वाच्यमा परिवर्तन गर्न सकिन्छ । कर्तृवाच्यमा सकर्मक क्रिया प्रयोग भएमा कर्म वाच्यमा र अकर्मक क्रिया भएमा भाववाच्यमा परिवर्तन गरिन्छ । कर्मवाच्य र भाववाच्य कर्तृवाच्यमा मात्र परिवर्तन हुन्छन् ।

## वाच्य परिवर्तन सम्बन्धित प्रश्नको वर्गीकरण

**तालिका सङ्ख्या : १८**

| पाठ | परिचयात्मक | | धारणात्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विध | निगमन विधि | | वाक्यात्मक बाट प्रयोग | वाक्य प्रयोग | उदाहरणबाट खोज्ने | पाठबाट खोज्ने | |
| वन्यजन्तु र तिनको सुरक्षा | | | ८ | | | | | ८ |
| समाजसेवाको बाटोमा | | | | ६ | ७ | ३ | | १६ |
| **जम्मा** | | | **८** | **६** | **७** | **३** | | **२४** |
| **प्रतिशत** | | | **३३.३३** | **२५** | **२९.१६** | **१२.५** | | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार जम्मा प्रश्न सङ.ख्या २४ ओटा देखिन्छन् जसमा धारणात्मक प्रश्न अन्तर्गत ८ वटा छन भने कुल प्रश्न सङ्ख्याको ३३.३३ प्रतिशत हो । प्रयोगात्मक प्रश्नअन्तर्गत वाक्यान्तरणबाट प्रयोगका प्रश्न ६ ओटा प्रश्न देखिन्छन् । जसमा कुल प्रश्न संख्याको २५ प्रतिशत हो । वाक्य प्रयोगका प्रश्नहरु ७ ओट छन् । यो कुल प्रश्न सङ्ख्याको २९.१६ प्रतिशत हो । पहिचानात्मक प्रश्नअन्तर्गत ३ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको १२.५ प्रतिशत हो । आगमन विधिमा आधारित भएका नमूना अभ्यासका प्रश्न भए तापनि यस अभ्यासमा प्रश्नको वितरण अनुपात मिलेको पाइदैन ।

**धारणात्मक प्रश्नहरु**

पढ र फरक बुझ्नुहोस्

| **कर्तृवाच्य** | **कर्मवाच्य** |
|---|---|
| उनीहरुले कानुन बनाएका छन् । | कानुनहरु बनाइएका छन् । |

हामी धेरै प्रकारका चराहरु पाउँछौ ।　　　　　　त्यस जङ्गलमा धेरै प्रकारका चराहरु पाइन्छन् ।

(नेपाली पृ.:  ७०)

**प्रयोगात्मक प्रश्नहरु**

**वाक्यान्तरणबाट प्रयोग :**

तलका कर्तृवाच्यका वाक्यहरुलाई कर्म वा भाववाच्यमा परिवर्तन गर्नुहोस् :

क) मैले उसलाई बोलाएँ ।

ख) हामी सबै जना मावल गयौं ।

ग) उनीहरु हिजो पोखरा पुगे ।

**वाक्य प्रयोगका प्रश्नहरु**

कोष्ठकको निर्देशनका आधारमा वाक्य पूरा गर्नुहोस्  :

क) श्यामबाट टेबुलमाथि किताब …………….। (राख् : कर्मवाच्य)

ख) रामले बाटामा फोहोर …………………। (फाल् : कर्तृवाच्य)

ग) रुखमा ………………….(चढ् : भाववाच्य)

(नेपाली पृ.: ७३)

**पहिचानात्मक प्रश्नअन्तर्गतका उदाहरणबाट खोज्ने प्रश्न**

तल दिइएका क्रियापदहरुलाई तलको तालिकामा भर :

लेख्छु, पढिन्छ, निदाइन्छ, जान्छु, खाइथ्यो, नाचियो, खाइन्छ, हाँसिएला, खाइएला, हेरियो, आइनेछ, पढ्नेछु, कुटियो, दिएँ, रोइयो, मेटिएको छ ।

| **कर्तृवाच्य** | **कर्मवाच्य** | **भाववाच्य** |
|---|---|---|
| लेख्छु<br>जान्छु<br>.................... | पढिन्छ<br>खाइयो<br>.................... | निदाइन्छ<br>नाचियो<br>................. |
| ...................... | ...................... | .................. |

### ४.१.३ कारक र विभक्ति (प्रबन्ध विधासँग सम्बन्धित)

वाक्यमा प्रयोग भएको क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नामिक पदलाई कारक भनिन्छ । वाक्यमा कारक र क्रियाबीच अन्त्य हुन्छ । अर्को शब्दमा वाक्यको संरचनामा विभिन्न पदावलीले कर्ता, कर्म, पूरक आदिको काम गरेर क्रियासँगको अर्को सम्बन्ध स्थापित गर्ने पदलाई कारक भनिन्छ । (भट्टराई र ज्ञवाली, २०६० : ६९)

कारकसँग जोडिएर वाक्यमा क्रिया लगायत अन्य पदहरुसँग सम्बन्ध स्थापित गर्ने चिन्हलाई विभिक्त र विभक्ति क्रियाबाहेक विकारी पदमा जोडिन्छन् । कारक र विभक्ति एक अर्काका पूरक हुन् । कारक विभक्ति विना पनि सार्थक हुन सक्छन र विभक्ति कारकविना सार्थक हुन सक्दैनन् । वाक्यको मुख्य क्रियासँग सम्बन्ध राख्ने नाम वा सर्वनाम कारक हुन् ।

**कारक र विभक्तिको नाम**

कर्ता कारक ले प्रथमा विभक्ति

| | |
|---|---|
| कर्म कारक | लाई द्वितीया विभक्ति |
| करण कारक | ले तृतीया विभक्ति |
| सम्प्रदान कारक | लाई चतुर्थी विभक्ति |
| सम्बन्ध कारक | को,का,की..........षष्ठी विभक्ति |
| अधिकरण कारक | मा सप्तमी विभक्ति |

**कारक र विभक्ति सम्बन्धि प्रश्नहरुको वर्गीकरण :**

**तालिका सङ्ख्या : १९**

| पाठ | परिचयात्मक | | धारणात्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विध | निगमन विधि | | वाक्यात्मक बाट प्रयोग | वाक्य प्रयोग | उदाहरणबाट खोज्ने | पाठबाट खोज्ने | |
| जैविक नियन्त्रण विधि | | | | ७ | | ११ | १ | १९ |
| **प्रतिशत** | | | | **३६.८४** | | **५७.८९** | **५.२६** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार आगमन विधिमा आधारित कुल १९ ओटा प्रश्नहरु देखिन्छन् । प्रयोगात्मक प्रश्नअन्तर्गत वाक्यान्तरणबाट प्रयोगका प्रश्न ७ ओटा देखिन्छन् । यो कुल प्रश्न सङ्ख्याको ३६.८४ प्रतिशत हो । पहिचनात्मक प्रश्नअन्तर्गत उदाहरणबाट खोज्ने ११ ओटा प्रश्न छन् । यो कुल प्रश्न सङ्ख्याको ५७.८९ प्रतिशत हो । पाठबाट खोज्ने प्रश्न १ ओटा छ । यो कुल प्रश्न सङ्ख्याको ५.२६ प्रतिशत हो ।

प्रयोगात्मक प्रश्नअर्न्तगत वाक्यान्तरणबाट प्रयोग विभक्ति चिन्ह लागेका र नलागेका वाक्य छुट्याउनुहोस् ।

क) गाई घाँस खान्छ ।

ख) गोरुले गाडा तान्यो ।

ग) भरियाले नुन बोक्यो ।

**पहिचनात्मक प्रश्नअन्तर्गत उदाहरणबाट खोज्ने प्रश्न :**

**जोडा मिलाऊ**

| **खण्ड “क”** | **खण्ड “ख”** |
|---|---|
| कर्ता कारक | जसको मद्दतले काम हुन्छ । |
| कर्म कारक | जसको निम्ति काम गरिन्छ । |
| करण कारक | जसले कामको फल भोग्छ । |
| अधिकरण कारक | जसले काम गर्छ । |
| उपादान कारक | जवाँ वा जहिले देखि अलग्गिएर काम भएको बुझिन्छ । |
| सम्प्रदान कारक | जेले कामको आधार बुझाउँछ । |

(नेपाली पृष्ठ : १२०)

**पाठबाट खोज्ने प्रश्नको उदाहरण**

पाठको (जैविक नियन्त्रण विधि) पहिलो अनुच्छेदमा कुन कुन कारकको प्रयोग भएको छ, बताउनुहोस् ।

**४.१.४ वर्णविन्यास (हिज्जे)**

वर्ण भाषाका आधारभूत एकाइ हुन् । नेपालीमा वर्णहरु लिपिबद्ध गर्ने आफ्नै नियमहरु छन् । तिनै नियम नै वर्णविन्यास हुन् अर्थात् वर्णहरुको रखाइनै वर्ण विन्यास हो । उच्चारणमा मात्रात्मक भिन्नताका आधारमा ह्रस्व स्वरवर्णहरु । (इ उ ..........) र दीर्घस्वर वर्ण (ई, ऊ..........) गरी दुई प्रकारले लेख्यस्वरुप प्रदान गरिन्छ । त्यस्तै स/श/ष, ब/व, य/ए, ऋ/रि, छे/क्ष, शिरबिन्दु............, चन्द्रविन्दु, अजन्त (खुट्टा नकाट्ने) हलन्त ( वर्ण खुट्टा काट्ने ) आदि लेख्यवर्ण वा चिन्हसँग सम्बन्धित नियमलाई वर्णविन्यास भनिन्छ । (भट्टराई र ज्ञवाली २०६४ : २५६)

वर्ण प्रतीकहरुको नियम बमोजिम लेखनको यही विधान वर्णविन्यास हो । जसलाई नेपालीमा हिज्जे, खिप्ती, वर्तनी, अक्षरी, अक्षरविन्यास, लेख, नियम, वर्ण -देशना आदि पनि भनिन्छ । (शर्मा २०५३ : ३०९)

वर्णविन्यास भनेको वर्णहरुको ठीक रखाइ हो । वर्णविन्यास ठीक नभएमा अर्थको अनर्थ हुने भएकाले लिखित अभिव्यक्तिमा वर्णविन्यास मिलाउनु पर्छ ।

लिखित रुपमा वर्णहरुको रखाइ क्रमनै वर्णविन्यास हो । वर्णहरुको रखाइ क्रमअन्तर्गत मात्रा लागेका वर्ण तथा वर्णहरुको संयुक्त एवम् मिश्रित आवद्धताका साथै पदयोग र पदवियोग सम्बन्धी कुरालाई पनि सम्भनु पर्छ । वर्णविन्यासका अर्थमा हिज्जे वा वर्तनी शब्दको पनि प्रयोग भएको पाइन्छ । ( अधिकारी, २०५० : १२६)

उदाहरण : उसले रातो फुल टिपी । यहाँ फुलको अर्थ अण्डा हुन्छ ।

**वर्णविन्यास (हिज्जे) सम्बन्धी प्रश्नहरुको वर्गीकरण**

**तालिका सङ्ख्या : २०**

| पाठ | परिचयात्मक | | धारणात्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विध | निगमन विधि | | वाक्यात्मक बाट प्रयोग | वाक्य प्रयोग | उदाहरणबाट खोज्ने | पाठबाट खोज्ने | |
| म्यागम क्युरी | | | १७ | | १ | ३ | २ | २३ |
| **प्रतिशत** | | | **७३.९१** | | ४.३४ | **१३.०४** | **८.६९** | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिकामा वर्गीकरण गरिएका प्रश्नहरु पूर्णरुपमा आगमन विधिमा आधारित देखिन्छन् । धारणात्मक प्रश्नअन्तर्गत १७ ओटा प्रश्न छन् । यो सङ्ख्या कुल प्रश्न सङ्ख्याको ७३.९१ प्रतिशत हो । प्रयोगात्मक प्रश्नअन्तर्गत वाक्यान्तरणका प्रश्नहरु छैनन् । वाक्य प्रयोगका प्रश्न १ ओटा छ । यो कुल प्रश्न सङ्ख्याको ४.३४ प्रतिशत हो । पहिचानात्मक प्रश्नअन्तर्गत उदाहरणबाट खोज्ने प्रश्न तीन ओटा छन् । यो कुल प्रश्न सङ्ख्याको १३.०४ प्रतिशत हो । पाठबाट खोज्ने प्रश्न सङ्ख्या २ ओटा छन् । यो कुन प्रश्न सङ्ख्याको ८.६९ प्रतिशत हो ।

**धारणात्मक प्रश्नअन्तर्गतको उदाहरण :**

ह्रस्वदीर्घ सम्बन्धी सामान्य नियम :

**ह्रस्व :**

१. भाले जाति जनाउने र नाता बुझाउने शब्द ह्रस्व हुन्छन्

जस्तै : फुपाजु, ज्वाइँ, भाइ, दाइ, गुरु, गोरु आदि ।

२. अव्यय शब्द ह्रस्व : जस्तै अगाडि, भोलि, पर्सि, सित, निर, अनि, छि आदि ।

३. सामान्य रुपमा क्रियापद ह्रस्व, जस्तै : जान्छु, जान्छिन्, जानेछिन् आकासिदिन्छिन् आदि । (नेपाली पृ. १०० र १०१)

**दीर्घ सम्बन्धि नियम :**

१. पोथी जातिलाई जनाउने र नाता बुझाउने शब्दको अन्त्यको ई, ऊ दीर्घ जस्तै, भाउजू, बुहारी, बहिनी, फुपू आदि ।

२. पेशा, जात, थरलाई जनाउने शब्द दीर्घ, जस्तै : ज्यापू, साहू, गुभाजू, ठकुरी, सिपाही, दमाई, धोबी, गिरी, सिकर्मी,

डकर्मी आदि ।

३. "अरी" गाँसिएर आएका शब्द दीर्घ, जस्तै : राम्ररी, यसरी, उसरी, जसरी, सुस्तरी । (नेपाली पृ. १०१)

**प्रयोगात्मक प्रश्नअन्तर्गतको वाक्य प्रयोग प्रश्न :**

सच्चाएर कापीमा सार्नुहोस् ।

दाजुभाई नातमा सबभन्दा नजीक मानीन्छन् । भातृप्रेमलाई कुने प्रेमले पनी सजीलै उछीन्न सक्तैन । ..........।

(नेपाली पृष्ठ : १०२)

**पहिचानात्मक प्रश्नअन्तर्गत उदाहरणबाट खोज्ने प्रश्न :**

**जोडा मिलाऊ**

| समूह "क" | समूह "ख" | |
|---|---|---|
| पूर्ण विरामचिन्ह | ( ? ) | |
| प्रश्न चिन्ह | ( () ) | |
| कोष्ठक चिन्ह | ( ' ' ) | |
| उद्धरण चिन्ह | ( । ) | (नेपाली पृष्ठ : ४) |

**पाठबाट खोज्ने प्रश्न :**

१. माथिको पाठबाट शिरविन्दु र चन्द्रविन्दु लागेका शब्द सङकलन गर ।

२. अन्त्यमा दीर्घ भएका पोथी जाति जनाउने पच्चीस ओटा शब्दहरु सङ्कलन गर र सुद्धसँग लेख ।

### ४.१.५ पदसङ्गगति

वाक्यमा प्रयोग भएका शब्दहरुकाबीचको रुपात्मक मेल वा अनुकूललाई पदसङ्गति भनिन्छ । यस्तो सङ्गतिमा विशेष गरे।र कर्ता र कृयापद तथा विशेष्य नाम, सर्वनाम र विशेषणबीचको मेललाई पदसङ्गति भनिन्छ । वाक्यमा लिङ्ग, वचन, पुरुष तथा आदरका दृष्टिले कायम हुने सङ्गति नेपालीमा महत्वपूर्ण हुन्छ ।

उदाहरणको रुपमा पाठमा पदसङ्गति सँग सम्बन्धित वाक्य यसरी देखाइएको छ ।

**पढ र फरक बुझ :**

मैंले निवेदन दिएकी छु । मैंले निवेदन दिएको छु । तैंले पढेकी छस् । तैंले पढेको छस् ।

**पदसङ्गति सम्बन्धी अभ्यासका प्रश्नहरुको वर्गीकरण**

**तालिका सङ्ख्या : २१**

| **शीर्षक** | **परिचयात्मक** | | **धारणत्मक** | **प्रयोगात्मक** | | **पहिचानात्मक** | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | **आगमन विधि** | **निगमन विधि** | | **वाक्यात्मक वाक्यान्तरण** | **वाक्य प्रयोग** | **उदाहरणबाट खोज्न** | **पाठबाट खाज्न** | |
| खसीको तौल | | | | | | १ | | १ |
| म्हाकवि कालिदाश | | | | २ | | | | २ |
| मनु | | | | | | १ | | १ |
| हामी एउटै हौं | | | | १ | | | | १ |
| धनभन्दा विद्या ठूलो | | | | ५ | | | | ५ |
| **प्रतिशत** | | | | **८०** | | **२०** | | **१००** |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार जम्मा १० ओटा प्रश्नहरु नमुना अभ्यासमा रहेका छन् जसमा प्रयोगात्मक अन्तर्गत वाक्यान्तरण प्रयोग ८ ओटा छन् । यो कुल प्रश्न संख्याको ८०% हो । पहिचानात्मक अन्तर्गत उदाहरणबाट खोज्ने प्रश्न २ ओटा छन् । यो संख्या कुल प्रश्नको २० % हो ।

खोज्ने प्रश्न २ ओटा छन् । यो संख्या कूल प्रश्नको २० प्रतिशत हो ।

**प्रयोगात्मक अन्तर्गत वाक्यान्तरण प्रश्न**

१. तल दिइएको वाक्य पढ र खाली ठाउँमा कर्ता अनुसार क्रियापद राखी परिवर्तन गर :-(ने.पृ. ३१)

क) उनी भ्रमणमा निकै अभिरुचि राख्दथे ।

ख) ऊ..............................।

ग) उहाँ ............................।

पहिचानात्मक अन्तर्गत लिङ्ग र आदर मिलाई तलका कोठामा तीन तीन ओटा पदावली लेख

| **लिङ्ग** | **आदर** |
| --- | --- |
| मनुकी आमा ........... | मनुका बुवा......... |
| मनुकी दिदी............ | मनुका मामा........ |
| ................ | ............... |

## ४.१.६ धातु र क्रियापद विविध विधासँग सम्वन्धित :-

कोशीय अर्थ भएको क्रियाको मूल तत्वलाई धातु भनिन्छ । धातु क्रियाको मूल आधार हो । धातु कुनै काम घटना र अवस्थालाई संकेत गर्ने भाषिक एकाइ हो । क्रियामूलको 'नु'हटाएपछि बाँकी रहेको धातु हुन्छ । (ढुङ्गेल र भट्टराई,२०६४,२८) धातुलाई २ भागमा वर्गीकरण गरिएको छ । नाम धातु र प्ररणार्थक धातु जस्तै :-

नाम+धातु =नामधातु    रोग+आउ=रोगाउ

विशेषण +धातु=विशेषणधातु     मोटो+आउ=मोटाउ

अव्यय+धातु=अव्ययधातु      पछि+आउ=पछ्याउ+नु=पछ्याउनु

**प्रेरणार्थक धातु**

मूल धातुमा आउ प्रत्यय लागेर बन्ने धातु प्ररणार्थक धातु हुन् जस्तै :-

वसाउ+नु=बसाउनु

उल्लेखित उदाहरणका हाधारमा विश्लेषण गर्दा आगमन विधिद्धारा नेपालीमा तहगत शिक्षण गर्न उत्प्रेरित गरेको देखिन्छ ।

**धातु र क्रिया सम्वन्धी अभ्यासका प्रश्नको वर्गीकरण**

**तालिका सङ्ख्या : २२**

| शीर्षक | परिचयात्मक | | धारणत्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विधि | निगमन विधि | | वाक्यात्मक वाक्यान्तरण | वाक्य प्रयोग | उदाहरणबाट खोज्न | पाठबाट खोज्न | |
| प्रश्नोत्तर | | | | | १ | | | १ |
| सबैको रक्षक कानुन | | | | | | १ | | १ |
| गोपालप्रसाद रिमाल | | | | | | | १ | १ |
| खसीको तौल | | | | | | २ | | २ |
| दरबार | | | | | | १ | | १ |
| मनु | | | | | | | १ | १ |
| किसान | | | | | | ३ | | ३ |
| हामी एउटै हौं | | | | | १ | | १ | २ |
| फ्लोरेन्स नाइटिङ्गल | | | | | १ | | | १ |
| समाज सेवाको बाटोमा | | | | | | १ | | १ |
| विश्वेश्वर प्रसाद कोइराला | | | | १ | | | | १ |
| घरझगडा | | | | | | १ | १ | २ |
| जैविक नियन्त्रण विधि | | | | | | | १ | १ |
| जम्मा | | | | १ | ३ | ९ | ५ | १८ |
| प्रतिशत | | | | ५.५ | १६.६६ | ५० | २७.७७ | १०० |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार जम्मा १८ ओटा प्रश्नहरु देखिन्छन् । जसमध्ये प्रयोगात्मक प्रश्न ४ ओटो छन् । यो संख्या कुल प्रश्न संख्याको २२२१ प्रतिशत हो । पहिचानात्मक प्रश्न अन्तर्गत उदाहरणबाट खोज्ने प्रश्न ९ ओटा छन् । यो कूल प्रश्न संख्याको ५० प्रतिशत हो । यसरी नै पाठबाट खोज्ने प्रश्न ५ ओटा छन् । यो कूल प्रश्न संख्याको २७.७७ प्रतिशत हो ।

**प्रयोगात्मक प्रश्न**

१. खोज्छन, खुल्छन, मिल्छु ,हाँस्छु जस्ता क्रियापदले वर्तमान काल जनाउँछन् । यस्तै अरु ५ वटा क्रियापद खोजी आफ्ना वाक्यमा प्रयोग गर ।

२. खेलौं, बसौं, हिंडौं जस्ता क्रियापदहरुले इच्छार्थक जनाउँछन् ।

**पहिचानात्मक अन्तर्गत प्रश्न**

१. उदाहरणबाट खोज्ने प्रश्न

खसीको तौल पाठको तेश्रो अनुच्छेदबाट भूतकालका क्रियापद खोजेर लेख ।

२. पाठबाट खोज्ने प्रश्न

यदाहरणमा देखाएजस्तै गरी पाठबाट थप क्रियापदहरु खोजेर लेख ।

| पूर्ण पक्ष | अभ्यस्त पक्ष |
|---|---|
| भएको थियो | गर्दथ्यो |
| भनेकी थिइन् | हिड्थी |
| ………………… | ………………… |
| ………………… | ………………… |

प्रस्तुत भातु र क्रियासम्बन्धी प्रश्नहरु आगमनात्मक विधिलाई बढी जोड दिएको देखिन्छ । प्रश्नहरुको वितरण सन्तुलन त्यति नमिलेको भए पनि गर र सिक लाई पूर्ण रुपमा अङ्गीकार गरेको देखिन्छ ।

**४.१.७ वाक्य परिवर्तन विभिन्न विधासँग सम्वन्धित**

एक प्रकारको अर्थ दिने वाक्यलाई अर्को रुपान्तरण गर्नुलाई वाक्यान्तरण वा वाक्य परिवर्तन भनिन्छ । वाक्यान्तरण लिङ्ग, वचन, पुरुष, काल, पक्ष,भाव, वाच्य, संरचना, आदर, अकरण,करण,आदिका आधारमा गर्न सकिन्छ । वाक्यान्तरण गर्दा जुन कोटिको त्यसैमा संङ्केत गरे अनुसार गर्नुपर्छ ।(ढुङ्गल र भट्टराई,-२०६४:२५२)

## कालका आधारमा वाक्य परिवर्तन

भूतकालको वाक्यलाई वर्तमा कालको वाक्यलाई भूतकाल वा भविष्यत्कालमा र भविष्यतकालको वाक्यलाई भूतकाल वा वर्तमान कालमा परिवर्तन गर्नु कालगत वाक्यान्तरण हो । (भट्टराईर ज्ञवाली):( २०६०:८१) यसरीनै एउटा पक्षको वाक्यलाई परिवर्तन गर्नुलाई पक्षगत वाक्यान्तरण भनिन्छ । )भट्टराई र ज्ञवाली २०६०:८१)

प्रस्तुत वाक्य परिवर्तन २ शीर्षकमा नमूना अभ्यासका प्रश्नलाई काल र पक्षका आधारमा मात्र परिवर्तन गर्न अभ्यासमा निर्देशन गरिएअनुसार यहाँ वाक्य परिवर्तनको चर्चा गरिएको छ ।

### वर्तमान काल

| **सामान्य** | **अपूर्ण** | **पूर्ण** |
|---|---|---|
| गीता पढ्छे, | गीता पढ्दै छे, | गीताले पढेकी छे । |

### भविष्यत् काल

| सामान्य | अपूर्ण | पूर्ण |
|---|---|---|
| गीता पढ्ने छे , | गीता पढ्दै हुनेछे, | गीताले पढेकी हुनेछे । |

### भूतकाल

| सामान्य | अपूर्ण | पूर्ण | अज्ञात | अभ्यन्त |
| --- | --- | --- | --- | --- |
| गीताले पढी । | गीता पढ्दै थिई । | गीता पढेकी थिई । | गीताले पढिन । | गीता पढ्थी । |

## काल र पक्षको आधारमा वाक्य परिवर्तन सम्वन्धी प्रश्नको वर्गीकरण

### तालिका सङ्ख्या : २३

| | | | | प्रयोगात्मक | | पहिचानात्मक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वाक्यात्मक वाक्यान्तरण | वाक्य प्रयोग | उदाहरणबाट खोज्न | पाठबाट खाज्न | जम्मा |
| प्रश्नोत्तर | | | | १ | | | | १ |
| सबैको रक्षक कानुन | | | | | | | १ | १ |
| गोपालप्रसाद रिमाल | | | | | | | १ | १ |
| खसीको तौल | | | | | | | १ | १ |
| दरबार | | | | | ५ | | | ५ |
| मनु | | | | | | | १ | १ |
| फ्लोरेन्स नाइटिङ्गल | | | | ५ | | | | ५ |
| विश्वेश्वर प्रसाद कोइराला | | | | | | ४ | | ४ |
| घरझगडा | | | | | | | ६ | ६ |
| जम्मा | | | | ६ | ५ | ४ | १० | २५ |
| प्रतिशत | | | | २४ | २० | १६ | ४० | १०० |

(खोज अध्ययनमा आधारित)

प्रस्तुत तालिकाका आधारमा यहाँ अभ्यासमा पनि धारणात्मक प्रश्न देखिदैनन् । प्रयोगात्मक र पहिचानात्मक प्रश्न मात्रको बाहुल्यता देखिन्छ । जसमा प्रयोगात्मक प्रश्न अन्तर्गत वाक्यान्तरणबाट प्रयोगका प्श्न ६ वटा देखिन्छन् भने यो संख्या कूल प्रश्न संख्याको २४ प्रतिशत हो । वाक्य/यागका प्रश्न ५ ओटा प्रश्न रहेका छन् । यो कूल प्रश्न संख्याको २० प्रतिशत हो । पहिचानात्मक अन्तर्गत उदाहरणबाट खोज्ने ४ वटा प्रश्न छन् । यो कूल प्रश्नको १६ प्रतिशत हो । पाठबाट खोज्ने प्रश्न १० ओटा रहेका छन् । यो कूल प्रश्न संख्याको ४० प्रतिशत हो ।

**प्रयोगात्मक प्रश्नको नमूना**

तलका वाक्यका क्रियापदलाई भूतकालको अपूर्ण पक्षमा बदल :-(ने.पृ.६५)

क) उनका बाबुआमा इटली गएका थिए ।

ख) उनी रोगीको सेवा गर्न खटिएकी थिइन ।

**पहिचानात्मक प्रश्नहरुको नमूना**

तलको उदाहरणको आधारमा अरु ५।५ ओटा क्रियापद लेख । (ने.पृ.९१)

| **अज्ञात** | **अभ्यस्त** |
|---|---|
| **लेखिछे**<br>....... | **लेख्थी**<br>.......... |

आगमन विधिमा आधारित काल र पक्षका आधारमा वाक्यमा परिवतएनका प्रश्नहरु मध्ये पहिचानात्मक प्रश्नहरु बढी लेखिन्छन् । प्रश्नहरुको संख्या हेर्दा अभ्यासका प्रश्नहरु अधिक रहेकाले विद्यार्थीलाई अभ्यासमुखी हुन उत्प्रेरित गरेको देखिन्छ ।

### ४.१.८ 'भाव' विभिन्न विधासँग सम्बन्धित

क्रियाद्धारा अभिव्यक्त वक्ताको मनसाय वा अभिवृत्तिलाई भाव वा अर्थ भनिन्छ । (ढुङ्गेल र भट्टराई,२०६४:९०) नेपाली त्रियाका मुख्य अर्थ वा भाव तीन प्रकारका छन् । सामान्यार्थ, विध्यर्थ, सम्भावनार्थ ।

सामान्यार्थ :-जान्छु , गयो ,जानेछ

विध्यार्थ :- हामी जाऔं

तिमीहरु गए

उनी जाउन् ।

सम्भावनार्थ :- ऊ जाला

एउटा अर्थ प्रकट गर्ने वाक्यलाई अर्को जनाउने वाक्यमा परिवर्तन गर्नुलाई भावका आधारमा वाक्य परिवर्तन भनिन्छ ।

उल्लेखित भनाइका आधारमा भाव ५ प्रकारका छन् ।

सामान्यार्थ :- म परीक्षा दिन्छु ।

मैले परीक्षा दिए ।

म परीक्षा दिनेछु ।

आज्ञार्थ :- तिमी पढ ।

इच्छार्थ :- म पढुँ ।

तिमीले पढे ।

उसले पढोस् ।

सम्भावनार्थ :-सुवोध पुग्ला ।

गीता पढ्ली ।

संकेतार्थक :-पानी पाए खान्छु ।

ऊ आए म जाउँला ।

**भावका आधारमा वाक्य परिवर्तन सम्बन्धी प्रश्नहरुको वर्गीकरण**

**तालिका सङ्ख्या : २४**

| | परिचयात्मक | | धारणत्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विधि | निगमन विधि | | वाक्यात्मक वाक्यान्तरण | वाक्य प्रयोग | उदाहरणबाट खोज्न | पाठबाट खाज्न | |
| खसीको तौल | | | | | १ | | | १ |
| उपमन्युको परीक्षा | | | | | ४ | | | ४ |
| हामी एउटै हौं | | | | | | | २ | २ |
| विश्वेश्वर प्रसाद कोइराला | | | २० | ५ | | २ | | २७ |
| जम्मा | | | २० | ५ | ५ | २ | २ | ३४ |
| प्रतिशत | | | ५८.८२ | १४.७० | १४.७० | ५.८८ | ५.८८ | १०० |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार जम्मा ३४ ओटा प्रश्न देखिन्छन् । परिचयात्मक प्रश्न छैनन्। धारणात्मक प्रश्न सबैभन्दा बढी छन् । यो कूल प्रश्न संख्याको ५८.८२ प्रतिशत हो । प्योगात्मक प्रश्न अन्तर्गत वाक्यान्तरणबाट प्रयोग गर्ने ५ ओटा प्रश्न रहेका छन् । यो कूल प्रश्न संख्याको १४.७० प्रतिशत हो । यसैगरी वाक्य प्रयोगका प्रश्न पनि ५ ओटा नै देखिन्छ । यो कूल प्रश्न संख्याको १४.७० प्रतिशत हो । पहिचनात्मक प्रश्न अन्तर्गत उदाहरणबाट खोज्ने पैश्न २ ओटा छन् भने यो कूल प्रश्न संख्याको ५.८८ प्रतिशत हो । पाठबाट खोज्ने प्रश्नको संख्या २ ओटा नै छन् । यो कूल प्रश्न संख्याको ५.८८ प्रतिशत हो ।

**धारणात्मक अन्तर्गत प्रश्नहरु :-**

**सामान्यार्थः-**

अनिल पाठ पढ्छ । सत्यको जित हुन्छ । सौगात छिट्टै आउँछ ।

**आज्ञार्थ :-**

काम गर । तँ छिट्टै आइज । भूइँमा नबस ।

**इच्छार्थ :-**

विद्यार्थीहरु पढुन ।सबैको कल्याण होस । शारदाले बुद्धि दिऊन । तिम्रो कीर्ति फैलियोस् ।

**सम्भावनार्थक :-**

आज पानी पर्ला । दशैंमा छोरो आउला । पत्रिका भोलि निस्कला । (नेपाली पृष्ट-८४)

**प्रयोगात्मक अन्तर्गत प्रश्नहरु :-**

दिइएका धातुको प्रयोग गरी कोष्ठक भित्रको निर्देशनअनुसार वाक्य पूरा गर :-

( जा, पढ् ,गर् ,बस ,ढोग , -धातुहरु)

क) सुभद्रा विद्यालय ..........।(सामान्यार्थ)

ख) आफ्नो पाठ..........। (आज्ञार्थ)

ग) तिमी बिहानै के काम .........। (सम्भावनार्थ)

घ) ममताले ईश्वरलाई............। (इच्छार्थक)

ङ) आज भाइ बहिनी घरमै .........। ) सम्भावनार्थ)

**पहिचानात्मक अन्तर्गत प्रश्नहरु**

१. देऊ, खेल, गर्नोस् आदिले आज्ञार्थ क्रियापद जनाउँछ । पाठबाट यस्ता क्रियापदहरु खोज र आफ्ना वाक्यमा प्रयोग गर ।

**४.२ शब्दभण्डार**

नेपाली भाषामा सामान्य र विशेष प्रकृतिका शब्द रहेका छन् । यस्ता शब्दको प्रयोग अभ्यासबाट शब्दभण्डार वउद्धि गर्न सकिनछ ।

भाषिक व्यवहारमा प्रयोग हुने शब्दहरुको समूहलाई शब्दभण्डार भनिन्छ। नेपाली भाषको पनि आफ्नै वृतृत शब्दभण्डार छ।

**पर्यायवाची शब्द :-**

समान अर्थ दिने भिन्न शब्दलाई पर्यायवाची शब्द भनिन्छ।

जस्तै :- ईश = ईश्वर, भगवान्, देवता, प्रभु

**विपरीतार्थक शब्द :-**

उल्टो अर्थ दिने भिन्न शब्दलाई विपरीतार्थक शब्द भनिन्छ।

जस्तै :- अमृत = विष

सच्चा = झुठा

शान्ति = विरोध

**अनेकार्थी शब्द**

स्थान वा परिवेश अन्तर्गत चिन्न भिन्न अर्थमा प्रयोग हुने एउटै शब्दलाई अनेकार्थक शब्द भनिन्छ।

**जस्तैः**

नगर : तिमी यो काम नगर।

तिमी नगर जाऊ।

कालः उसलाई चाँडै काल आएछ।

नेपाली कृयापदमा तीनवटा काल हुन्छन्।

**अनुकरणात्मक शब्द :**

कुनै वस्तुको ध्वनि, गति, अनुचूति, दृश्य, स्वरुप, स्पर्श अवस्था तथा काम गराईको नक्कल गर्ने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । जस्तै : चसक्क, टहटह, थचक्क, दनादन, कपाकप

श्रुतिसमभिन्नार्थक शब्दः

बोल्दा र सुन्दा उस्तै लाग्ने तर अर्थमा भिन्नता हुने शब्दलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ । जस्तै : दिन - दिउसो

दीन- दुःखी

पूरा - पूर्ण

पुरा - जुठो

## शब्दभण्डार सम्बन्धी प्रश्नको वर्गीकरण

### तालिका सङ्ख्या : २५

| शीर्षक | परिचयात्मक | | धारणत्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विधि | निगमन विधि | | वाक्यात्मक वाक्यान्तरण | वाक्य प्रयोग | उदाहरणबाट खोज्न | पाठबाट खाज्न | |
| प्रश्नोत्तर | | | २ | | | | | २ |
| सबैको रक्षक कानुन | | | १ | | | | | १ |
| किसान | | | | | | | १ | १ |
| अन्तरिक्ष यान | | | १ | | | | | १ |
| ओखलढुङ्गा | | | | | | | १ | १ |
| म्याडम क्यूरी | | | १ | | | | | १ |
| पर्यटन | | | १ | | | २ | | ३ |
| पृथ्वी सन्देश | | | २ | | | | | २ |
| जम्मा | | | ८ | | | २ | २ | १२ |
| | | | ६६.६६ | | | १६.६६ | १६.६६ | १०० |

(खोज अध्ययनमा आधारित)

माथिको तालिका अनुसार कुल प्रश्न संख्या १२ ओठा रहेका छन् । हुनत तालिका अनुसार प्रश्न संख्या न्यून देखिए तापनि नि.मा.वि. स्तरका लागि उपयुक्त नै मान्नु पर्छ । वाक्य प्रयोग प्रब्न बढी भएका भए विद्यार्थीको लेखाइ सीपमा विकाश हुन मद्दत पुग्ने थियो । धारणात्मक प्रश्नहरु अन्य प्रश्नको तुलनामा बढी देखिन्छ । यो कुल प्रश्न संख्याको ६६.६६ प्रतिशत हो । पहिचानात्मक प्रश्न अन्तर्गत उदाहरणबाट खोज्ने २ वटा प्रश्न छन् । यो कुल प्रश्न संख्याको १६.६६ प्रतिशत हो । यसै शीर्षकको पाठबाट खोज प्रश्न पनि २ वटा नै छन् । यो कुल प्रश्न संख्याको १६.६६ प्रतिशत हो । प्रश्न वितरणमा सन्तुलन मिलेको देखिंदैन ।

**धारणात्मक प्रश्न**

१. समान अर्थ दिने शब्द लेख्नुहोस् ।

क) पर्यायवाची शब्द

ईश = ईश्वर, भगवान्

सुख =

जगत् =

रहस्य =

शान्ति =

**ख) विपरीताथृक शब्द**

उल्टो अर्थ दिने शब्द लेख्नुहोस् ।

अमृत = विष

सच्चा =

शान्ति =

शुद्ध =

ज्ञान =

**पहिचानात्मक अन्तर्गतका प्रश्नहरु**

झरझर, हरहर, गडगड, आदि अनुकरणात्मक शब्द हुन् ।

यस्तै पाँचवटा थप अनुकरणात्मक शब्दहरु लेख्नुहोस् ।

कुन ठीक हो ?

बखल, वखल

देखाबट, देखावट

वृक्ष, वृछ

**४.२.१ शब्दवर्ग जीवनी विधासँग सम्बन्धित**

वाक्यमा प्रयोग हुने गरेका नाम, सर्वनाम, विशेषण, कृयापद, क्रियाविशेषण, संयोजक, नमयोगी, विस्मयादिवोधक र निपातअन्तर्गत रहने शब्दलाई शब्दवर्ग भन्नुभन्दा पदवर्ग भन्नु उपयुक्त हुने देखिन्छ । पुस्तकालयीय विधिमा आधारित रही व्याकरण अभ्यासका प्रश्नहरुको वर्गीकरण गरिएको छ ।

**शब्दवर्ग सम्बन्धी अभ्यासका प्रश्नहरुको वर्गीकरण**

**तालिका सङ्ख्या : २६**

| शीर्षक | परिचयात्मक | | धारणत्मक | प्रयोगात्मक | | पहिचानात्मक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | आगमन विधि | निगमन विधि | | वाक्यात्मक वाक्यान्तरण | वाक्य प्रयोग | उदाहरणबाट खोज्न | पाठबाट खाज्न | |
| गोपालप्रसाद रिमाल | | | | | १ | | | १ |
| ओखलढुङ्गा | | | | | | | २ | २ |
| पर्यटन | | | | | | १ | | १ |
| नूनको सोझो | | | | | ३ | १ | | ४ |

(खोज अध्ययनमा आधारित)

गोपालप्रसाद रिमाल पाठको व्याकरण अभ्यासमा समावेश गरिएका प्रश्न संख्या (१) एउटा छ भने ओखलढुङ्गा पाठबाट २ ओटा पहिचानात्मक प्रश्न रहेका छन् । पर्यटन पाठबाट पनि १ ओटा छ भने नुनको सोझो पाठमा ३ ओटा प्रयोगात्मक प्रश्न र १ ओटा पहिचानात्मक प्रश्न रहेको छ । माथिको प्रश्न संख्या कुल आठ ओटा रहेका छन् भने प्रयोगात्मक प्रश्न ४ ओटा र पहिचानात्मक प्रश्न ४ ओटा रहेका छन् जसमध्ये प्रयोगात्मक प्रश्न एकै किसिमका छन् भने पहिचानात्मक प्रश्नमा उदाहरणबाट खोज्ने २ ओटा र पाठबाट खोज्ने २ ओटा प्रश्न रहेका छन् ।

**प्रयोगात्मक प्रश्न अन्तर्गत वाक्य प्रयोग प्रश्न**

१) तल दिइएका अव्ययहरु वाक्यमा प्रयोग गर्नुहोस् ।

बाजी, तापनि, खेरि, अस्ति, तिर, र

**पहिचानात्मक अन्तर्गतको प्रश्न**

२. पाठका आधारमा विशेषण र नामको जोडा मिलाऊ ।

| **खण्ड क** | **खण्ड ख** |
|---|---|
| उन्मुक्त | स्थान |
| साँस्कृतिक | सुन्दरता |
| पुरातात्विक | वातावरण |

प्राकृतिक कार्यक्रम

पाठबाट खोज्ने

ओखलढुङ्गा कवितामा प्रयोग भएका भाववाचक नाम टिपेर देखाऊ ।

व्याकरणमा शब्दवर्गलाई आगमन विधिमा आधारित रही प्रयोगात्मक तथा पहिचानात्मक नयाँ धारणा बसाल्न अभ्यासमा आवश्यक सामग्री राखेको देखिन्छ । परिचयात्मक रुपमा आगमन विधिलाई महत्वपूर्ण स्थान दिइएको देखिन्छ । तर शब्दलाई वाक्यमा प्रयोग गरिसकेपछि शब्दवर्ग भन्नुभन्दा पदवर्ग भन्नु उपयुक्त हुने देखिन्छ ।

# अध्याय - पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष :

पाठ्यक्रम शिक्षण प्रणलीको आधार हो । पाठ्यक्रमकै आधारमा पाठ्यपुस्तकको निर्माण गरिन्छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समय सापेक्ष परिमार्जन परिवर्तन गर्नु अपरिहार्य छ । पाठ्यक्रम अनुरुप पाठ्यपुस्तक पनि स्वाभाविक रुपमा परिवर्तन गरिनुपर्दछ । यस अध्ययनले कक्षा ८ को नेपाली पाठ्यपुस्तकको पहिलो संस्करण २०५३ परीक्षणका रुपमा आएको थियो भने परिमार्जित संस्करण २०६१ आएको हो । हाल सम्म पनि यहि पाठ्यपुस्तक शिक्षणका रुपमा लागू गरिएको छ भने यसै पाठ्यपुस्तक अन्तर्गत समाविष्ट नमुना अभ्यासको अध्ययनबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

विविध विधाका पाठ र सम्बन्ध नमूना अभ्यासका माध्यमबाट विद्यार्थीहरुको बोधात्मक, प्रयोगात्मक तथा सिर्जनात्मक प्श्नसम्बन्धी धारणा बसाउनुका साथै व्यवहारिक सीप प्राप्त गर्न सहयोग पुग्दछ । भाषिक सीप र क्षमता वृद्धिका लागि नमूना अभ्यासको महत्वपूर्ण भूमिका रहन्छ । सुनाइ र बोलाइ सीप अनतर्गतका उच्चारित ध्वनिहरुको भिन्नता पहिल्याई उच्चारण गर्न शब्दहरुको शुद्ध उच्चारण गर्ने उद्देश्यहरु नमूना अभ्यासबाट पूर्ति हुन सक्छ । विभिन्न किसिमका वर्णन र अभिव्यक्ति सुनेर मुख्य कुरा भन्न सक्ने जस्ता उद्देश्य नमूना अभ्यासमा दिइएका बोधसम्बन्ध अभ्यासबाट पूरा हुन सक्ने देखिन्छ ।

पढाइ सीपसम्बद्ध लिखित सामग्रीलाई विभिन्न विधा सम्बन्द्ध सस्वरवाचन गर्ने, लयवाचन गर्ने जस्ता अभ्यास समाविष्ट देखिन्छन् । लेखाइ सीपसम्बद्ध उद्देश्य पूरा गर्न सङ्क्षिप्त उत्तरात्मक तथा विवेचनात्मक उत्तरात्मक प्रश्न, हिज्जे र वाक्य निर्माण सम्बन्धी प्रश्नका साथै व्याकरण अभ्यासले सहयोग पुऱ्याउने देखिन्छ । विभिन्न विषयमा शिलशिला मिलाएर वर्णन गर्न कथा लेख्न, रुचि अनुसारका विषयमा मौलिक रचना गर्न सक्ने जस्ता उद्देश्य पूरा गर्न पाठसम्बद्ध नमूना अभ्यास र सिर्जनात्मक अभ्यासका प्रश्नले सहयोग पुऱ्याउने देखिन्छ । कतिपय नमूना अभ्यासमा शिक्षक तथा विद्यार्थीका लागि स्पष्ट निर्देशनहरु नदिइएकाले अन्यौल हुने देखिन्छ । समष्टिगत रुपमा हेर्दा नमूना अभ्यासहरु औसत रुपमा

स्तरीय देखिन्छन् । समूहगत कार्यकलापका अभ्यासहरु न्यून दखिन्छ । रुपक विधामा दैनिकी र संवादलाई पनि समावेश गराउनु पर्ने देखिन्छ ।

**५.१.१ सबल सक्षहरु :**

१. निम्न माध्यमिक तह कक्षा ८ को नेपाली किताबको पाठ्यक्रम २०५३ अनुरुप “हाम्रो नेपाली किताब” परिमार्जित संस्करण २०६१, पूनमूद्रण २०६५ तयार पारिएको छ । यस नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरु समावेश गरिएको छ ।

२. प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट नमूना अभ्यासहरु विधा अनुरुप नै संयोजन गरिएको देखिन्छ ।

३. नमूना अभ्यासलाई विविधीकरण गरिएको छ । यसबाट विद्यार्थीहरु उत्साहपूर्वक अभ्यास र क्रियाकलापमा अग्रसर हुने देखिन्छ ।

४. अभ्यासलाई विधाअनुरुपमका पाठसम्बद्ध तुल्याउने प्रयास गरेको देखिन्छ ।

५. नमूना अभ्यासलाई व्यावहारिक बनाउने प्रयास गरिएको छ । सैद्धान्तिक ज्ञानभन्दा व्यवहारिक सीप अभिवृद्धि गर्ने तर्फ नमूना अभ्यास केन्द्रित देखिन्छ ।

६. व्याकरण तथा शब्द भण्डारका अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको छ ।

७. भाषाको प्रयोग भित्रबाट व्याकरणको ज्ञान दिने प्रयासकले शिक्षक तथा विद्यार्थीमा व्यवहारिक व्याकरणको सुझ विकास हुने अपेक्षा गर्न सकिन्छ ।

८. विधाको विविधता अनुरुप भाषा प्रयोगका विशिष्ट क्षेत्रमा विद्यार्थीहरुलाई सरिक गराउन मिल्ने गरी अभ्यासहरुको व्यवस्था मिलाएको देखिन्छ ।

९. सिर्जनात्मक अभ्यासको संयोजन गर्दा विधाको मर्मलाई ख्याल गरिएको छ। व्यावहारिक सीप र उच्च दक्षताको विकाससँग सिर्जनात्मक अभ्यासले प्राथमिकता पाएको देखिन्छ।

१०. अभ्यासलाई सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ।

११. पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको विधागत सन्तुलन मिलेको देखिन्छ। कथा, कविता, प्रवन्ध, जीवनी र रुपक विधामा पाठमा सम्बद्ध नमुना अभ्यासहरु रहेका देखिन्छन्।

१२. कथा, प्रबन्ध र जीवनी विधामा बोधात्मक प्रश्नहरुलाई बढी जोड दिइएको देखिन्छ। जीवनी विधामा अन्य विधाका तुलनामा सिर्जनात्मक प्रश्न बढी रहेको देखिन्छ।

१३. कविता विधामा कुल प्रश्नको वितरण सन्तुलन मिलेको देखिन्छ।

१४. चिठी विधामा जम्मा ३७ ओटा प्रश्न रहेकोमा बोधात्मक प्रश्नहरु धेरै हुनु सकारात्मक पक्ष देखिन्छ।

१५. नेपाली पाठ्यपुस्तकका व्याकरण शीर्षकमा पर्यायवाची, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक र अनेकार्थक शब्दहरुको पहिचान गराउन खोजेको देखिन्छ तर पारिभाषिक/प्राविधिक शब्दलाई अर्कै छुट्टै शब्दभण्डार विधामा चिनारी गराउन खोजेको देखिन्छ।

१६. कालका पक्ष जनाउने क्रियापदको लेखाइमा आधुनिकीकरण गरी नेपालीपनमा ढालिएको देखिन्छ।

१७. व्याकरण अभ्यासमा नमुना अभ्यासका प्रश्नहरुको वितरण सन्तुलन मिलेको देखिन्छ।

### ५.१.२ दुर्बल पक्षहरु :

१. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा सबै प्रकारका भाषिक

सीपलाई समेटिएको भए पनि पढाइ सीपको लागि पर्याप्त अभ्यासहरु समावेश गरेको देखिदैन ।

२. कथा, प्रबन्ध र जीवनी विधामा प्रयोगात्मक प्रश्नको सङ्ख्या न्यून देखिन्छ । यसबाट विद्यार्थीको व्यावहारिक सीप प्राप्त गर्ने सम्भावना कम देखिन्छ ।

३. नेपाली पाठ्यविषय कक्षा ८ मा एउटा मात्र एकाङ्की शीर्षक रहेकाले उपयुक्त ढङ्गबाट अभिनयात्मक शैलीको विकास कम हुने देखिन्छ ।

४. व्याकरण अभ्यासमा शब्दवर्गसम्बद्ध प्रश्न तालमेल नमिलेको देखिन्छ ।

५. पाठका व्याकरण अभ्यासमा राखिएका धातु र क्रियापद निर्माणको क्रमिकता मिलेको देखिदैन ।

६. वर्णविन्यास (हिज्जे) जस्ता अभ्यास पढाइ तथा लेखाइ सीपका लागि ज्यादै महत्व भए तापनि पाठ्य विषयको अन्त्यतिर पुऱ्याउनु अभ्यासको संयोजनमा कमजोरी देखिन्छ ।

७. "स" को प्रयोगबाट प्रष्ट नेपालीकरण गरिएको छ तर यसरी एक्कासि नेपालीकरण गरिँदा विद्यार्थी र शिक्षकमा अन्यौल हुने देखिन्छ ।

८. सम्पूर्ण विधामा कम श्रुतिलेखनसम्बन्धी प्रश्न रहेता पनि भाषिक सीपविकासमा समान महत्व नदिएको देखिन्छ ।

९. व्याकरण अभ्यासमा धारणात्मक, परिचयात्मक अभ्यास खण्डमात्र बढी छन् । अभ्यासपक्षलाई ध्यान दिइएको छैन ।

१०. माषिक सीपको समान महत्व भएपनि प्रस्तुत नमुना अभ्यासमा आदानात्मक सीपभन्दा प्रदानात्मक सीपलाई बढी महत्व दिइएको देखिन्छ ।

## ५.२ सुझावहरु :

नेपाल सरकार शिक्षा मन्त्रालय माध्यमिक शिक्षा पाठ्यक्रम २०६१ अनुरुप परिमार्जन गरिएको नि.मा.वि. तह कक्षा ८ को "हाम्रो नेपाली किताब" पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासका आधारमा निम्न लिखित सुझावहरु दिइएका छन् ।

१. शब्दभण्डारको स्थान पाठ्यपुस्तकमा महत्वपूर्ण हुन्छ । पाठ शिक्षण गर्दा शब्दार्थहरुको प्रशस्त मात्रामा ज्ञान र प्रयोगात्मक सीप शिक्षार्थीमा हुनुपर्छ । त्यसैले पाठ्यपुस्तकमा त्यस्तै किसिमका शब्दभण्डार अन्तर्गत स्थान दिइनुपर्छ ।

२. भाषा पाठ्यपुस्तकको आधारमा शिक्षण गर्दा भाषिक सीप प्राप्ति हुने आधारमा गरिनुपर्छ । भाषिक सीप प्राप्तिका लागि प्रयोगात्मक, सिर्जनात्मक र सम्प्रेषणात्मक पक्षलाई जोड दिई सोही किसिमका शब्दभण्डार बृद्धि गर्ने अभ्यासात्मक कार्यकलाप नेपाली पाठ्यपुस्तकमा राखिनुपर्छ ।

३. पाठ्य सामग्रीको सङ्कलन गर्दा स्तरलाई क्रमश मिलाएर विद्या अनुसारका व्याकरणका पक्षहरुलाई समावेश गरिनुपर्ने देखिन्छ ।

४. नेपाली भाषा शिक्षण गर्दा मुख्यमुख्य विद्याहरुलाई समावेश गरेर निदानात्मक अभ्यासको तर्जुमा गरी भाषाको प्रभावकारी सिकाइ हुने किसिमले भाषा पाठ्यपुस्तकको व्यवस्था गरिनुपर्दछ ।

५. नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासभित्र व्याख्या गर विवेचनात्मक प्रश्न सोधिने भए पनि अभ्यास खण्डमा विवेचनात्मक प्रश्नहरु छैनन् । प्रश्न कायम छ तर पाठ्यक्रम २०६४ र जिल्ला स्तरीय परीक्षामा आउने प्रश्नपत्रका आधारमा नमूना अभ्यास तयार गर्नु पर्ने देखिन्छ ।

६. पाठको अन्त्यमा राखिने अभ्यासमा विषयवस्तुको विविधतालाई ख्याल गरी प्रयोगात्मक र

सिर्जनात्मक सीप विकास गर्न बोधात्मक प्रश्न सहित प्रश्नको वितरणमा सन्तुलन मिलाउनु पर्ने देखिन्छ ।

७. व्याकरणात्मक अभ्यास प्रयोगयुक्त भए पनि धारणात्मक प्रश्नहरु बृद्धि गर्न आवश्यक देखिन्छ ।

८. नि.मा.वि. तहमा अभ्यास निर्माण गर्दा चारैओटा भाषिक कुशलतामा ध्यान दिई अनुपात मिलाएर अभ्यास निर्माण गर्नु पर्ने देखिन्छ ।

९. चिठी विधामा व्याकरणात्मक अभ्यास कम भएकाले आवश्यक अभ्यास थप्न जरुरी देखिन्छ ।

१०. विद्यार्थीको उमेर, स्तर र रुचि आदिलाई ख्याल गरी नमुना अभ्यास निर्माण गर्नु पर्ने देखिन्छ ।

११. सम्पादित पाठभन्दा लेखक वा कविले निजी रुपमा लेखेका पाठ पाठ्यविषयमा राख्नु प्रभावकारी हुनेछ ।

यस्ता पाठको संयोजनबाट विद्यार्थीहरुलाई विश्लेषणात्मक समीक्षात्मक, विवेचनात्मक र व्याख्यात्मक प्रश्नोत्तर गर्न सहज हुने देखिन्छ ।

१२. प्रबन्ध विधामा राखिएका पाठ्यविषय निबन्ध हुन् कि प्रबन्ध हुन् भन्ने दोधारात्मक पाठ्यवस्तु भन्दा प्रवन्ध र निबन्ध स्पष्ट रुपमा राख्नु पर्ने देखिन्छ ।

१३. अभ्यासका प्रश्नहरुमा विकसित विधि प्रविधि अनुसारका अभ्यास श्रृङ्खलालाई पनि आत्मसात गरेर प्रश्नहरु निर्माण गर्नु पर्ने देखिन्छ ।

## ५.३ शैक्षणिक प्रयोजन :

नेपाली भाषा शिक्षण गर्दा कस्ता कस्ता अभ्यासबाट के कस्ता भाषिक सीप हाँसिल गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । विद्यार्थीको परीक्षामुखी प्रवृत्तिलाई क्रियाकलापमुखी बन्न प्रेरित गर्दछ

भने शिक्षकलाई विधा अन्तर्गतका पाठसम्बद्ध क्रियाकलाप गराउन सचेत गराउँछ । अत : यस अध्ययनको निष्कर्ष र सुझावका आधारमा अध्ययनका शैक्षणिक प्रयोजनलाई निम्नानुसार बुँदीकरण गरिएको छ ।

१. नमुना अभ्यासमा रहेका त्रुटिहरुलाई सच्चाएर विद्यार्थीको उपलब्धि मूलाङ्कनमा सुधार ल्याउन मद्दत गर्नु,

२. पाठ्यपुस्तकमा दिइएका अभ्यासहरु बाहेक थप अभ्यास गराउने सुझ प्रदान गर्नु,

३. समयसापेक्ष पाठ्यपुस्तकमा रहेका अभ्यासहरु स्तरयुक्त बनाउन पाठ्यपुस्तक परिमार्जनकर्तालाई आवश्यक सुझाव दिनु ।

४. कठीन अभ्यासहरुलाई वर्गीकरण र विल्लेषण गरी शिक्षण सिकाइका लागि सरल तुल्याउन सुझ प्रदान गर्नु,

५. नुमना अभ्यासमा दिइएका प्रश्नहरुको अभ्यास गराउनका लागि प्रभावकारी विधिहरु अपनाउन सहयोग पुऱ्याउनु,

६. नमुना अभ्यासको माध्यबाट निरन्तर गरिने मूल्याङ्कनलाई प्रभावकारी वनाउन उपयुक्त कक्षागत वातावरण सिर्जना गर्न आधार प्रदान गर्न,

७. उपयुक्त शैक्षणिक सामग्रीको कक्षामा प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउन सुझ तयार गर्ने,

८. विद्यार्थीहरुलाई आइपरेका समस्या समाधान गर्न अग्रसर बनाउने सोच प्रदान गर्नु,

९. नुमना अभ्यासमा प्रश्न र जिल्ला स्तरीय परीक्षामा सोधिने प्रश्नका बीच तुलनात्मक सुझ तयार गर्न,

१०. नुमना अभ्यासका प्रश्नहरुको वितरणमा देखापरेका असन्तुलनलाई सन्तुलन मिलाउन सुझ

तयार गर्नु,

११. पाठ्यक्रमको उद्देश्य अनुरुप पर्याप्त नुमना अभ्यासहरुको संयोजन गरी पाठ्यपुस्तकमा सुधार गर्न सहयोग पुऱ्याउने ।

## ५.४ भावी अनुसन्धानका शीर्षकहरुबारे सुझाव

१. कक्षा ७ र ८ को नमुना अभ्यासका तुलनात्मक अध्ययन

२. नेपाली विषयको विधागत नुमना अभ्यासको एक अध्ययन

३. नेपाली भाषा शिक्षणमा आउने समस्या : एक अध्ययन

४. नमुना अभ्यासमा भाषिक त्रुटिको प्रभावको अध्ययन

५. कक्षा ८ को नेपाली पाठ्यविषयका वर्णविन्यास सम्बन्धी तुलनात्मक अध्ययन

# सन्दर्भसूची


अधिकारी, हेमाङ्राज (२०५०) **नेपाली भाषा शिक्षण,** काठमाडौं : कुञ्ज प्रकाशन

________________(२०५९) **सामाजिक र प्रयोगिक भाषाविज्ञान,** काठमाडौ : रत्न पुस्तक भण्डार

अर्याल, पार्वती अप्रकाशित स्नातकोत्तर शोध, (२०५९) **कक्षा - ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन** त्रि.वि. शिक्षाशास्त्र - नेपाली भाषा शिक्षा विभाग

अवस्थी, महादेव र अन्य (२०५९) सरल नेपाली व्याकरण र रचना (कक्षा -९ र १०) काठमाण्डौ एकता वुक्स

आचार्य, सरस्वती अप्रकाशित स्नातकोत्तर शोध (२०५९), **नि.मा.वि. तहका पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन**, त्रि.वि. शिक्षा शास्त्र नेपाली भाषा शिक्षा विभाग

गौतम, रामप्रसाद (२०९१) **भाषा विज्ञानका प्रमुख आयाम,** काठमाडौ, दिक्षान्त पुस्तक भण्डार

पाण्डेय, शोभाकान्त अप्रकाशित स्नातकोत्तर शोध, (२०६२) कक्षा **को नेपाली पाठ्यपुस्तकमा सामाविष्ट नमुना नमुना अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन**, त्रि.वि. शिक्षाशास्त्र नेपाली भाषा शिक्षा विभाग

भण्डारी, पारसमणि (२०६३) **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण** काठमाडौ : न्यु हिरा वुक्स इन्टरप्राइजेज कीर्तिपुर

शर्मा, मोहनराज (२०६३) **शब्दरचना र वर्णविन्यास, वाक्यतत्व, अभिव्यक्ति र पाठहरु** काठमाडौ : नवीन प्रकाशन

सुवेदी, कृष्णप्रसाद (अप्र : स्नातकोत्तर शोध २०६१) कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन त्रि.वि. शिक्षाशास्त्र नेपाली भाषा शिक्षा विभाग ।

# परिशिष्ट - क

## जिल्ला स्तरीय वार्षिक परीक्षा - २०६७

**विषय : नेपाली**

**कक्षा - ८** **पूर्णाङ्क - १००**

**समय : ३ घण्टा** **उत्तीर्णाङ्क - ३२**

**प्र. १ : कुनै चारओटा प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :** **४×५=२०**

क) किसान कवितामा पृथ्वीलाई पहिलो धन किन भनिएको हो ?

ख) हामी कानुनको सम्मान कसरी गर्न सक्छौ ?

ग) वनजङ्गलको महत्व बढ्नाका कारण के हुन् ?

घ) विश्वेश्वरप्रसाद कोइरालाको सङ्घर्षशील जीवनबाट लिन सकिने प्रेरणा के हो ?

ङ) भुमियाका जीवनमा परिवर्तन आउनका कारणहरु के के थिए ?

च) पर्यटन व्यवसायबाट हुने फाइदाहरु वे के हुन् ?

**प्र.२ कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : १×१०=१०**

क) ओखलढुङ्गा कवितामा कविले सम्झना गरेका कुराहरु के के हुन् ?

ख) फ्लोरेन्स नाइटिङ्गेल ले गरेका प्रमुख कार्यहरु के हुन् ? उनको जीवनीबाट के प्रेरणा लिन सकिन्छ ?

**प्र.३ दिइएको अनुच्छेद पढी तल सोधिएका प्रश्नहरुको छोटो छरितो उत्तर दिनुहोस् । ५**

मानिसका रुचि भिन्नभिन्न किसिमका हुन्छन् । कोही साहित्य रचना गर्न, कोही पुस्तक पढ्न, कोही खेलकुदमा रमाउन र कोही देशविदेश घुमेर आनन्द लिन चाहन्छन् । तीमध्ये देशविदेश घुम्दै विभिन्न कला, सभ्यता, संस्कृति, चालचलन, रहनसहन र रीतिरिवाजको अध्ययन तथा प्राकृतिक सुन्दरताको अवलोकन गरेर रमाउँदै हिड्ने मानिसलाई पर्यटक भनिन्छ । हुन त तीर्थयात्रीहरु पनि घुमफिर गर्ने गर्दछन् तर उनीहरुको उद्देश्य सीमित हुन्छ । तसर्थ तिनलाई पर्यटक मानिदैन । पर्यटकहरु त बडो फुक्का भएर भ्रमण गर्न चाहन्छन् र घुम्दैफिर्दै जहाँ जसरी पनि पुग्न सक्छन् । तर यसो भनेर ती वेकामका फिरन्ता चाहिँ अवश्य होइनन्, बरु अलग अलग सभ्यता, संस्कृति र सुन्दरताका असल पारखी पो हुन् ।

हरेक किसिमका भ्रमणबाट ज्ञान र मनोरञ्जन प्राप्त हुन्छ । पर्यटकहरुले पनि घुम्दै फिर्दै धेरै कुरा सिक्न सक्छन् । भ्रमणबाट व्यवहारिक ज्ञान पाउन सकिन्छ । त्यस्तै घरायसी व्यवहार, कार्यालयका कामकाज र अन्य झन्झट झमेलाबाट फुक्का भई घुम्दा मनोरञ्जन प्राप्त नहुने कुरै भएन । पर्यटकहरु खासगरी यिनै कुराका लागि स्वच्छ, शान्त, स्वतन्त्र र उन्मुक्त वातावरणमा रमाउन चाहन्छन् । तसर्थ तिनीहरुका लागि सुहाउँदो वातावरण आवश्यक हुन्छ ।

**प्रश्नहरु :**

क) पर्यटक भन्नाले के बुझिन्छ ?

ख) तीर्थयात्री र पर्यटकमा के भिन्नता छ ?

ग) भ्रमणबाट के कस्ता ज्ञान पाउन सकिन्छ ?

घ) पर्यटकका लागि कस्तो वातावरण आवश्यक हुन्छ ?

ङ) “फुक्का” र “फिरन्ता” शब्दको अर्थ के हो ?

**प्र.नं. ४ माथि प्र.नं. ३ मा दिइएको गद्यांशको सारांश लेख्नुहोस् : ५**

**प्र.नं. ५ दिइएको कुनै एक उद्धरणको भाव स्पष्ट गर्नुहोस् : ५**

क) यो विश्व हामीजस्तै मानवै मानवको उत्तम सङ्ग्रहालय र विशाल भण्डार हो ।

ख) यो माटो सबको साझा मेरो उद्देश्य केवल ।

**प्र.नं. ६ कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् :** **५**

क) देखिन्छ ईश कुन मन्दिरमा पसेर ?

त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर ।।

ख) रिमाल समाजलाई प्रगतितर्फ प्रेरित गर्ने र उज्यालो भविष्यको सङ्केत गर्ने साहित्यकार हुन् ।

**७. दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् :** **५**

कुनै ठाउँमा एउटा बूढो किसान .......... किसानका चार अल्छी र मूर्ख छोराहरु .......... बूढो किसान सिकिस्त विरामी हुनु .......... मर्ने बेलामा बूढाले छोराहरुलाई आफ्नो खेतमा धेरै सम्पत्ति गाडेर राखेको कुरा बताउनु ..........बूढो किसानको मृत्यु हुनु ..........सम्पत्तिमा हुरुक्क हुने किसानका छोराहरु धन फेला पार्न खेत खन्नमा व्यस्त हुनु ..........धन फेला नपर्नु .......... छिमेकी किसानले खेत खन्नाको महत्व बताउनु ..........बाबुले खेतमा धन गाडेर राखेको छ, भन्नाको रहस्य खुल्नु ..........खनेको खेतमा प्रसस्त अन्न उत्पादन हुनु .......... परिश्रम विना सफलता प्राप्त गर्न सकिँदैन भन्ने शिक्षा ।

**अथवा**

दुई जना साथीहरुबीच एकापसमा "राष्ट्रप्रति नागरिकको दायित्व" विषयमा भएको कुराकानीको विषयलाई लिएर सम्बाद तयार गर्नुहोस् ।

**प्र.नं. ८ दिइएका कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** **१०**

क) देशप्रति मेरो कर्तव्य    ख) मलाई मनपर्ने साहित्यकार    ग) समाज सेवा

**प्र.नं. ९ धन कमाउन विदेशमा गएका आफ्ना बुबा धर्म भट्टराई स्वदेशमै बसेर मिहिनेत गरी धन कमाउन सकिने कुरा उल्लेख गर्दै स्वदेश फर्कन आग्रह गरी चिठी लेख्नुहोस् ।** **५**

**प्र.नं. १० रेखाङ्कित शब्दहरुको शब्दवर्ग (नाम, सर्वनाम आदि) ठम्याई लेख्नुहोस् । ५**

सुस्मिता एक असल विद्यार्थी हुन् । उनी विद्यालय छुट्टी हुने वित्तिकै साथीसँग सरासर घर आउँछिन् ।

**प्र.नं. ११ कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : ४**

क) मेघाले त्यो काम............ । (गर् : अज्ञात भूत)

ख) उनीहरु साथीलाई चिठी ............। (लेख् : अपूर्ण वर्तमान)

ग) राम सधैँ सफल .............। (हु : इच्छार्थ)

घ) तिमीहरु दसैंमा घर ...........। (जा : सामान्यार्थ)

**प्र.नं. १२ कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्यहरु परिवर्तन गर्नुहोस् : ६**

क) ऊ शान्तिनगर गएको थियो । (स्त्रीलिङ्ग)

ख) तिमीहरु राम्ररी पढ्छौ । (एकवचन)

ग) आज खूब पढ । (कर्मवाच्य)

घ) उनीहरु घर गए । (पहिलो पुरुष)

ङ) भोलि त्यो काम होला । (अकरण)

च) मैले परीक्षा लेखिनँ । (करण)

**प्र.नं. १३ कोष्ठकमा सङ्केत गरे अनुसार कारक वा उपयुक्त विभक्ति भरी वाक्य पूरा गर्नुहोस् :** २

क) भकुण्डो भीर .........लड्यो । (अपादान कारक)

ख) विद्यार्थीहरु कपी ........उत्तर लेख्छन् । (अधिकरण कारक)

ग) राम ........भात खायो । (विभक्ति)

घ) राष्ट्र .........बारेमा चिन्ता छैन । (विभक्ति)

**प्र.नं. १४ कोष्ठकमा दिइएका शब्दहरुमध्ये उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :** ३

क) "आलय" को पर्यायवाची शब्द .........हो । (शाला, माला, छाला)

ख) "तलाउ" को पर्यायवाची शब्द ..........हो । (खोलो, पोखरी, समुद्र)

ग) ..........श्रुतिसमभिन्नार्थक शब्द हुन् । (भित्र-मित्र, मीत-हित, फुल-फूल)

घ) ...........श्रुतिसमभिन्नार्थक शब्द हुन् । (सीता-सिता, रिता-गीता, महेश-राम)

ङ) "दिन" र "रात" .........शब्द हुन् । (विपरीतार्थी, अनेकार्थी, पर्यायवाची)

च) "नयन" को ..........शब्द आँखा हो । (विपरीतार्थी, पर्यायवाची, अनेकार्थी)

**प्र.नं. १५ तलका शब्दको अर्थ लेख्नुहोस् ।** २

प्रसन्न, परजीवी, प्रतिज्ञा, परिक्रमा

**प्र.नं. १६ अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् :** ५

विधग्न, मुसुक्क, कुरा खेलाउनु, नि, बाँदरको हातमा नरिवल

**प्र.नं. १७ तलका वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** ५

निरिक्षकले भने परिक्षामा चिट गर्नू राम्रो होइन ?

**धन्यवाद ।**